# अध्याय एक

## परिचय

### १.१ अध्ययनको पृष्ठभूमि

नेपाल एक बहुजातीय र बहुसाँस्कृतिक मुलुक हो । नेपाल क्षेत्रफलको आधारमा सानो भए पनि विश्वमानचित्रमा भौगोलिक तथा सामाजिक र साँस्कृतिक दृष्टिले विविधतायुक्त छ । यसका साथै यहाँ उत्तरको चीन र दक्षिणतर्फको छिमेकी मुलुक भारतको सामाजिक र साँस्कृतिक प्रभाव पनि परेको छ । नेपालमा ९२ भन्दा बढी भाषा, १०३ जाति र ५९ आदिवासी जनजातिहरू अस्तित्वमा रहेको पाईन्छ । नेपालमा भौगोलिक दृष्टिले ज्यादै होचो भूभागदेखि सर्वोच्च शिखर सगरमाथासम्म फैलिएको छ । त्यस्तै नेपाली समाजको फैलावट पनि तराईदेखि हिमालसम्म रहेको छ । भौगोलिक आधारमा, जातीय आधारमा र भाषिक आधारमा समाजको वनावट, रहनसहन, लवाइ खवाइ, संस्कार, चाडपर्व, जीवन शैली आदि विविधतायुक्त छन् र सोहीअनुरूप संस्कृतिको पनि विकास भएको छ ।

विश्लेषणात्मक प्रयोजनको लागि विस्तृतरूपमा नेपाली समाजलाई Tibeto- Burman र Indo-Aryan गरी दुई भागमा विभाजन गर्ने गरिन्छ । Tibeto- Burman समुदाय विशेष गरी मध्यपहाडी र हिमाली क्षेत्रमा बसोबास गर्दछन् भने Indo-Aryan समुदाय खासगरी तराई र मध्यपहाडी क्षेत्रमा बसोबास गर्दछन् । यी समुदायका महिलाहरूको अवस्था यसमध्ये Tibeto- Burman समुदायका महिलाहरू Indo-Aryan समुदायका महिलाभन्दा सामाजिकरूपमा उनीहरूको गतिशिलता, विवाह र पूर्नविवाहको छनौट तथा आयआर्जनका अवसरमा कम नियन्त्रित भएको पाईन्छ । Indo-Aryan समुदायका महिलाहरूलाई परम्परागतरूपमा नगण्य मात्रामा मात्र सामाजिक र आर्थिक रोजाई हुने गरेको छ । महिला विरुद्वका सामाजिक विभेद खासगरी तराईका समुदायमा र मध्य तथा सुदुरपश्चिम विकासक्षेत्रमा सामान्यतया बढी रहेको पाईन्छ ।

यी दवै समूहमा जमीन र सम्पत्तिमाथि उत्तराधिकार पुरुषमा सर्ने, बसोबासको अवस्था पुरुष केन्द्रित र छिटो विवाह हुनु अपवाद नभएर सामान्य नियम जस्तो छ । साँस्कृतिक रूपमा विवाहलाई महिलाले सम्पत्ति र भूमि माथि पहुँच प्राप्त गर्ने सामाजिक रूपले सर्वस्वीकार्य घटनाको रूपमा लिईन्छ । त्यसैले जव महिलाहरू सम्वन्ध विच्छेद तथा

विधवा भएका कारण विवाह वन्धनबाट बाहिर पुग्छन् उनीहरू गरिबीको दुष्चक्रमा पर्ने गर्दछन् । महिलाहरू सम्पत्तिको पहुँचमा र शिक्षा, दक्षता विकास, प्रविधि र ज्ञानको मार्गमा पुरुषभन्दा धेरै पछि छन् । नेपाल विश्वको अतिकम विकसित मुलुक भएको र वहुसंख्यक जनसङ्ख्या कम उत्पादकत्व भएको कृषि क्षेत्रबाट गुजारा गर्नु पर्ने भएकोले पनि महिलाको अवस्था राम्रो हुन सकेको छैन ।

२०६८ सालको जनगणनाको प्रारम्भिक तथ्याङ्कअनुसार नेपालको कूल जनसङ्ख्या २,६६,२०,८०९ मध्ये पुरुषको सङ्ख्या १,२९,२७,४३१ र महिलाको सङ्ख्या १,३६,९३,३७८ पुगेको छ । कूल जनसङ्ख्यामा पुरुषको सङ्ख्या ४८.५३ प्रतिशत र महिलाको सङ्ख्या ५१.४४ प्रतिशत रहेको छ । बि.सं. २०५८ सालको कूल जनसङ्ख्या २,३१,५१,४२३ मध्ये पुरुष र महिलाको जनसङ्ख्या क्रमशः १,१५,६३,९२१ र १,१५,८७,५०२ रहेकाले लैङ्गिक अनुपात ९९.८० थियो । वि.स. २०५८ देखि २०६८ सालसम्म नेपालमा कूल ३४,६९,३८६ जनसङ्ख्या थप भएकोमा १३,६३,५१० जना पुरुष र २१,०५,८७६ जना महिलाको सङ्ख्या रहेको देखिन्छ (बस्नेत, सुबेदी, आचार्य, २०६९) ।

नेपालको सामाजिक बनौट पितृसत्तात्मक भएको कारणले गर्दा समाजमा पुरुषहरू सापेक्षिकरूपमा महिलाभन्दा बढी शक्तिशाली, बढी इज्जतदार र साधन स्रोतले सम्पन्न भएको पाईन्छ । साथै घर परिवारको प्रमुख निर्णयहरू पनि प्रायः पुरुषहरूले नै गर्ने गर्दछन् । पुरुषप्रधान समाजकै कारण महिला र पुरुषको जैविक भिन्नतालाई आधार बनाएर महिला र पुरुषलाई असमानतामा आधारित सामाजिक परिचय दिने गरेको र महिलाहरूको परिचय पुरुषको सम्बन्धसँग गाँसेर व्याख्या गर्ने गरिएको पाईन्छ । पुरुषलाई बाहिरी संसारसँग सम्बन्ध स्थापित गरी कमाउने, परिवार पाल्ने र उनीहरूको रक्षा गर्ने व्यक्तिको रूपमा परिभाषित गर्ने र महिलाहरूलाई वच्चा जन्माउने, स्याहार सुसार गर्ने घरको कामको जिम्मेवारी लिने आदिजस्ता घरभित्रको मात्र जिम्मेवारी दिने गरिन्छ । घर परिवार, समुदाय र राज्य संरचना तथा सञ्चालनमा लैङ्गिक विभेद विद्यमान रहेकोले पुरुषको दाँजोमा महिलाहरूको सामाजिक विकासको स्थिति कमजोर रहेको र शिक्षा, स्वास्थ्य र सूचनाजस्ता क्षेत्रमा महिलाको पहुँच पुरुषको दाँजोमा कम रहेको देखिन्छ ।

पुरुषप्रधान समाज भएको कारणले नेपाली समाजमा आर्थिक स्रोत साधनमाथि महिलाको पहुँच र नियन्त्रण कम रहेको छ । घर परिवार भित्रका आर्थिक क्रियाकलापहरू महिलाहरूले गरेको पाईन्छ भने घर भन्दा बाहिर गएर गर्नुपर्ने कार्यहरू प्राय पुरुषहरूले गर्ने

गर्दछन् । नेपालको अर्थतन्त्र कृषिमा आधारित भएकोले कृषिसम्बन्धी कृयाकलाप र पशुपालनमा महिलाहरूको अत्याधिक सहभागिता रहने गरेको छ । तर महिलाहरूले गर्ने अधिकांश आर्थिक क्रियाकलाप अवैतनिक र निर्वाहमूखि हुने भएकाले राष्ट्रिय आयमा उनीहरूको श्रमलाई गणना गर्न सकिएको छैन । लैङ्गिक दृष्टिकोणबाट आर्थिक स्रोत साधनमा लामो समयदेखि असमान वितरण हुँदा महिलाहरू विकासको वृहत्तर प्रक्रियामा सहभागी हुन र योगदान पुऱ्याउन पुरुष सरह सक्षम छैनन् । शिक्षा र रोजगारीमा बृद्धि भएको कारण परिवर्तनको गति सोचे अनुरूप हुन सकेको छैन । आर्थिक र वित्तीय स्रोत साधन र अवसरको वितरण गर्ने तहको स्थानमा महिलाहरूको उपस्थिति नभएको कारणले पनि महिला असमानता कायम रहन भूमिका खेलिरहेको हुन्छ ।

**सहभागिता**

विकासको मूल लक्ष्य मानवीय कल्याण र उनीहरूको वातवरणीय अवस्थामा सुधार ल्याउनु हो । जबसम्म महिलाहरूलाई ग्रामीण तथा शहरी दुवै क्षेत्रका सामाजिक, आर्थिक, राजनीतिक र साँस्कृतिक पक्षमा महत्वपूर्ण मानव स्रोतको रुपमा उनीहरूको रचनात्मक भूमिकालाई स्वीकार गरिदैन तबसम्म सरकारको विकास लक्ष्यहरू साकार भएको मान्न सकिदैन । विकास योजना सफल हुनका लागि गरिवी उन्मूलन, रोजगारी सृजना र लैगिंक समानतालाई गम्भीर रुपमा ध्यान दिनु पर्दछ । विकासमा महिलाको स्थान र भूमिकाको मान्यता रणनीतिक योजनाको केन्द्रविन्दु हुनुपर्दछ ।

जनसंख्याको आधा हिस्सा ओगटेका महिलाहरूले देशको साँस्कृतिक, सामाजिक र आर्थिक विकासमा महत्वपूर्ण भूमिका निर्भाह गर्न सक्दछन् । त्यसैले समाजको प्रगति उनिहरूको स्थानको प्रवर्द्धनमा भर पर्दछ । समाजले तब मात्र दीगो विकास हासिल गर्न सक्दछ जब महिलाहरूको श्रम शक्तिलाई उपयोग गर्न सक्दछ र योजनावद्ध रुपमा महिलाहरूको रोजगारीलाई सुनिश्चित गरी समाज र रोजगारदाताको नकरात्मक धारणा, पुरुष श्रम शक्तिलाई मात्र रोजगारीमा प्राथमिकता दिने तथा महिलाहरूको ज्यालादर कम हुने आदिजस्ता सामाजिक सहभागिताको मार्गमा रहेका अवरोधहरूलाई हटाउन सकिन्छ ।
महिलाहरूको सामाजिक सहभागिताको वारेमा बीसौ शताब्दिको सुरुदेखि नै व्यापक रुपमा छलफल हुदै आएको छ । महिलाहरूको सामाजिक सहभागिता र भूमिकाको विषय आज एउटा बौद्धिक शब्दको रुपमा रहेको छ, जसले महिलाहरूको वृत्ति विकास र आर्थिक गतिविधिमा जोड दिन्छ । आजभोलि प्राय महिलाको स्थान र सामाजिक सहभागिताको

परीक्षण गर्दा उनिहरूको पेशा र व्यवसायिक सहभागिताबाट गर्ने गरिन्छ । समाजको समग्र प्रगती र मुक्ति महिलाको अवस्थामा आधरित रहने हुन्छ र यसको अभावमा समाजमा वास्तविक विकास हासिल हुन सक्दैन । महिलाको प्रभाव र असर अनुरुप सरकारले पनि देशमा महिलाहरूलाई राम्रो र स्वस्थ्य सामाजिक भूमिका प्रदान गनुपर्दछ ।

लैङ्गिक समानता, महिला सशक्तिकरण, दीगो आर्थिक उन्नति र विकासका लागि आर्थिक र वित्तीय स्रोत साधनमा महिलाको पहुँच र नियन्त्रण महत्वपूर्ण हुन्छ । गरिवी निवारण तथा वालवालिकाको कल्याण लगाएतका विकासका बहुआयामिक पक्षहरूमा सकारात्मक प्रभाव पार्नका लागि आर्थिक र वित्तीय स्रोत साधनको वितरणमा लैङ्गिक समानता हुन आवश्यक छ ।

महिलाहरू पितृसत्ताका कारण हरेक क्षेत्रमा शक्तिविहीन हुन्छन् (भासिन, १९९३) । जनसङ्ख्याको आधा भन्दा पनि धेरै हिस्सा ओगटेका महिलाहरूले देशको सामाजिक, सांस्कृतिक, आर्थिक विकासमा महत्वपूर्ण भूमिका निर्वाह गर्न सक्छन । देशले तब मात्र दीगो विकास हासिल गर्न सक्दछ जब महिलाहरूको सामाजिक, आर्थिक क्रियाकलापमा सशक्त रूपमा सहभागी गराउन सकिन्छ । नेपालमा लैङ्गिक समानताको नारा व्यापक रूपमा लगाईने गरेको पाईन्छ यद्यपि समाजका विभिन्न पक्षमा महिला सहभागिता न्यून पाईन्छ । त्यसैले पोखरा उपमहानगरपालिका वडा नं ७ अन्नपूर्ण टोलका महिलाहरूको सामाजिक र आर्थिक क्रियाकलापमा महिलाहरूको सहभागिताको अवस्था, उनीहरूको विभिन्न क्षेत्रमा आवद्धता, आवश्यकता, शैक्षिक अवस्था, सामाजिक भूमिका र आर्थिक सहभागितामा प्रभाव पारेका तत्वहरू आदिका वारेमा धारणा बुझ्ने र अध्ययन तथा अनुसन्धान गरी विकास र महिला सहभागिताका वारेमा विश्लेषण गर्न यो अध्ययन अगाडि बढाइएको छ ।

## १.२ समस्याको कथन

मानव सभ्यता महिला र पुरुषको समान भूमिकाबाट अगाडि बढेको हुन्छ । महिला र पुरुष समाजका एक सिक्काका दुई पाटा वा एक रथका दुई पाङ्ग्रा हुन । जसरि एउटा रथ राम्रोसँग गुड्नका लागि दुवै पाङ्ग्राको समान भूमिका रहन्छ त्यसैगरि मानव सभ्यताको विकासका लागि महिला र पुरुषको समान भूमिका रहेको हुन्छ । समाज निर्माणमा महिला र पुरुष दुवैको बराबर देन रहेको हुन्छ । महिला वा पुरुष कुनै एकलाई निषेध गरेर समाज

विकासको प्रकृया अगाडि बढ्न सक्दैन । महिला र पुरुषको समान महत्व हुदा हुदै पनि महिलाहहरू समाजको पिंधमा भेटिन्छन् ।

हाम्रो समाजमा महिला र पुरुषबीच धेरै असमानताहरू पाईन्छ । शिक्षा, स्वास्थ्य, राजनीति, रोजगार, आयआर्जन तथा अन्य स्रोत र साधनमाथिको पहुँचमा असमानता रहेको छ । परम्परादेखि नै नेपाली समाजमा पहिला र पुरुष बीच बिभेद रहदै आएको छ । हाम्रो समाजमा पुरुषलाई मगज र महिलालाई शरीर मान्ने प्रवृति हावी छ । जसले गर्दा महिलाहरू उच्च आर्थिक उत्पादन र निर्णायक तहमा पुग्न सकेका छैनन् । लैङ्गिक असमानताका कारण महिलाले पुरुष सरह मानवीय जीवनको पूर्ण आभाष पाउन सकेका छैनन् । महिला माथि विभिन्न धार्मिक, साँस्कृतिक अपव्याख्या गरी कुरीति र कुसंस्कार लादिएको पाईन्छ । हिन्दू  मान्यता अनुसार महिलाले धार्मिक ग्रन्थहरू छुन र पढ्न नहुने भनी महिलालाई ज्ञानबाट बञ्चित बनाईएको थियो । लैङ्गिक सम्बन्ध, व्यवहार र भूमिकालाई परिवर्तन नगर्दा समानता भन्ने शब्द शब्दमा मात्र सिमित रहेको छ । व्यवहारमा देख्न पाइएको छैन ।

वर्तमान सन्दर्भमा नेपाल लोकतान्त्रिक युगमा प्रवेश गरेतापनि महिलाहरूलाई समावेशीकरणका माध्यमबाट राज्यको मूल प्रवाहमा समावेश गर्न नसकिएको अवस्था विद्यमान छ । विशेषगरी महिलाहरूले इतिहासको लामो कालखण्डदेखि राजनीतिक, सामाजिक एवम् आर्थिक दृष्टिले बहिष्कारको अनुभूति गरिरहेका छन् । महिला र पुरुषलाई विकास प्रकृयामा समान रूपमा  समेट्न नसकिएको कारण महिलाहरू आफूलाई दोस्रो दर्जाको नागरिक महशुस गरिरहेका छन् । मुलुकको समग्र विकासको लागि कतिपय यस्ता अमिल्दा पक्षहरू व्यवधानको रूपमा देखिएका छन् । मानवीय समृद्धिको लागि दीगो विकास हालको आवश्यकता हो भने दीगो विकासका लागि लैङ्गिक सहभागिता अनिवार्य आवश्यकता हो  । समाजका हरेक पक्षमा समान रूपमा लैङ्गिक सहभागिता हुन सक्यो भने मात्र विकासको ढोका खुल्न सक्छ । परनिर्भरको जीवनबाट छुटकारा पाई स्वाबलम्बन भई बाँच्न सामाजिक र आर्थिक क्रियाकलापमा महिलाको सक्रिय सहभागिता आवश्यक छ ।

नेपाल पितृसत्तात्मक सोचमा आधारित देश भएकाले २०६८ सालको जनगणना अनुसार पुरुष भन्दा महिलाको सङ्ख्या धेरै भएपनि वास्तवमा महिलाहरू आर्थिक, सामाजिक, राजनैतिक, साँस्कृतिक रूपमा अल्पमत तथा ती कार्यहरूमा शोषित पीडित र हेपिएको हामीले पाउँदछौं । जस्तै हामी नेपालमा बसोबास गर्ने अधिकांश नेपालीहरू हिन्दू

धर्म र त्यसमा पनि वडा दसैं मान्दछौ । वडा दशैंमा नौ दिनसम्म दुर्गा भवानीको पूजा गरिन्छ, जुन दुर्गा स्वयम् महिला वा देवीका रूप हुन् । उनैको पूजामा महिलालाई वञ्चित गरेको पाइन्छ । आजको विश्वको विकसित देशहरूमा पनि अझै पनि हाम्रा महिला दिदीवहिनीहरू पुरुषको अधीनमा बस्न बाध्य भएका छन् । पुरुषले कमाएर दिएको निश्चित पैसाबाट घरखर्च चलाउन बाध्य छन् र एउटा महिलाले कमाउनकै लागि भनेर घर बाहिर जाने परम्पराको अझै पनि शत प्रतिशत मान्यता नपाएको र गइहाले पनि घर परिवारवाट विभिन्न समस्याहरू भोग्नु परेको, महिलाहरूले सङ्घ संस्थामा लागेर घरदेखि बाहिर जानु नहुने मान्यताले (केहि वजारको परिवेशलाई छोडेर) जरा गाढी रहेको अवस्था हाम्रो गाँउ घर समाजमा अझैपनि विद्यमान छ ।

महिला सशक्तिकरणको लागि विभिन्न कार्यक्रमहरू सरकारी र गैर सरकारीस्तरवाटै ल्याइएपनि ती कार्यहरू त्यति प्रभावकारी हुन नसकेको अवस्था देखिन्छ । राजनीतिक रूपमा हरेक क्षेत्रमा महिलालाई ३३% प्रतिशत सहभागी गराउने भन्ने सरकारको नीति पनि रहेको छ, त्यस्तै रोजगारीको क्षेत्रमा पनि महिलालाई उत्थान गर्न महिला कोटा छुट्टै र खुल्लामा समेत प्रतिस्पर्धा गर्न पाउने व्यवस्था गरी रोजगारीको क्षेत्रमा पनि महिलाको केही पहुँच बढाउने र शैक्षिक क्षेत्रमा पनि विशेष किसिमका कार्यक्रमहरू सञ्चालनमा ल्याइएको पाइन्छ । तथापि महिलाहरूको आर्थिक, सामाजिक क्षेत्रमा किन पहुँच अझै पनि पुग्न सकेको छैन भन्ने कुराहरू नै अध्ययनको समस्याको कथन रहेको छ । वुँदागत रूपमा अध्ययनका मूलभूत प्रश्नहरू निम्न रहेका छन्:-

- सामाजिक र आर्थिक क्रियाकलापमा महिलाहरूको सहभागिताको स्तर कस्तो छ ?
- सामाजिक र आर्थिक क्रियाकलापमा महिलहरूको सहभागितालाई असर पार्ने तत्वहरू के के हुन ?
- शहरी क्षेत्र भित्र सहभागितामूलक विकासको नीतिले महिलाहरूका लागि सामाजिक, आर्थिक क्रियाकलापमा कस्तो प्रभाव पारेको छ ?

## १.३ अध्ययनको उद्देश्य

यस अध्ययनका उद्देश्यहरू यस प्रकार रहेका छन् :

**सामान्य उद्देश्यः**

- शहरीया महिलाहरूको सामाजिक तथा आर्थिक क्रियाकलापमा रहेको सहभागिताका वारेमा अध्ययन गर्नु ।

**विशिष्ट उद्देश्यः**

- सामाजिक तथा आर्थिक क्रियाकलापमा महिला सहभागिताको अवस्था पत्ता लगाउने ।
- सामाजिक तथा आर्थिक क्रियाकलापमा महिला सहभागितालाई असर पार्ने तत्वको खोजी गर्ने ।

## १.४ अध्ययनको महत्व

आधाभन्दा बढी जनसङ्ख्या ओगटेको महिलाहरूको अवस्था एकाइसौं शताब्दीसम्म आइसक्दा पनि अझै पुरुषको तुलनामा धेरै नै दयनिय अवस्था भएको हामीले पाउँदछौ । यसमा केही अपवादको रूपमा रहेका महिलाहरूको स्थिति राम्रो नभएको होइन । समग्रमा महिलाहरू पछाडि पर्नाका कारण र त्यसमा पनि सामाजिक र आर्थिक क्रियाकलापमा महिला सहभागिता के कस्तो रहेको छ, शहरी क्षेत्रका महिलाहरूको शिक्षाको अवस्था, उनीहरूको भूमिका, आवश्यकता के रहेको छ र शहरी क्षेत्रमा बस्ने महिलाहरूका विकासका बाधक तत्वहरू के हुन, महिलाहरूले के कस्ता तालिमहरू पाएका छन्, के कस्ता सुविधाहरू पाएका छन् र समग्रमा महिलाको आर्थिक स्तर वृद्धि गर्न र तिनीहरूको सामाजिक प्रतिष्ठामा सम्मानित बनाउनमा सामाजिक संस्था र सहकारी संस्थाले कस्ता भूमिका निर्वाह गरेका छन, तिनीहरूको बारेमा जानकारी प्राप्त गर्नु र यसको माध्यमबाट महिलाहरूको सामाजिक र आर्थिक विकासका लागि उनीहरूको आवश्यकता र चाहना बुझी आवश्यक कार्यक्रम ल्याउन सहयोग पुऱ्याउनु र सामाजिक, आर्थिक क्रियाकलापमा महिलाहरूलाई सक्रिय सहभागि गराई उत्थानको कार्यमा सहकार्य गर्दै अगाडि बढी सम्मुन्नत नेपालको निर्माणमा सहयोग पुर्‍याउनु यसको महत्त्व वा अनुसन्धानको औचित्य रहेको छ । सहरी महिलाको अवस्था गाउँका महिलाको दाँजोमा राम्रो भएको मानिन्छ । यस अध्ययनबाट निस्केको प्राप्तिले सो मान्यताको जाँच पनि हन्छ । साथै महिलाहरूको सामाजिक र आर्थिक क्रियाकलापमा रहेको सहभागिताको अवस्थाका सम्बन्धमा जान्न र सो क्षेत्रमा काम गर्न

चाहने संघ संस्था तथा व्यक्ति विशेष तथा नीति निर्माण कार्यमा पनि यसले मार्ग निर्देशन गर्नेछ ।

## १.५ अध्ययनको सीमा

सिमित स्रोत र साधन प्रयोग गरी अध्ययन कार्य सम्पन्न गनुपर्ने भएकाले आम महिलाहरूको धारणालाई समेट्न सकिएको छैन् । पोखरा उपमहानगरपालिका वडा नं ७ अन्नपूर्णटोलका महिलाहरूको आर्थिक र सामाजिक क्रियाकलापमा रहेको  सहभागिताको अवस्था र असर पार्ने तत्वको खोजी गर्नेमा मात्र यस अध्ययन सिमित छ । यो सानो क्षेत्रमा गरिएको यस अध्ययनबाट निकालिएका निष्कर्षहरूले हाम्रो देशका अन्य भागमा रहेका महिलाहरूको प्रतिनिधित्व नगर्न सक्छ । यदि गरेको खण्डमा पनि निश्चित अवधिका लागि हुनेछ ।

## १.६ अध्ययनको सङ्गठन

सामाजिक र आर्थिक क्रियाकलापमा महिला सहभागिताको अध्ययनमा केन्द्रित यो शोधपत्रलाई सात अध्यायमा सङ्गठित गरिएको छ । पहिलो अध्याायमा अध्ययनको पृष्ठभूमि समावेश गरिएको छ । दोस्रो अध्यायमा विभिन्न सम्बन्धित साहित्यको पुनरावलोकन, सैद्यान्तिक पुनरावलोकन, पूर्व अध्ययनको समिक्षा तथा आधाराणात्मक खाकालाई समावेश गरिएको छ ।

अध्याय तीनमा अनुसन्धान पद्धति अन्तरगत अध्यन क्षेत्र छनौटको औचित्य, अनुसन्धान ढाँचा, समग्रता र नमूना छनौट विधि, तथ्याङ्कको प्रकृति र स्रोत, तथ्याङ्क सङ्कलन विधि, अन्तरवार्ता अनुसूचि, वैयक्तिक अध्ययन, मुख्य जानकारसँगको अन्तर्वाता, तथ्याङ्क प्रस्तुतीकरण र विश्लेषण समावेश गरिएको छ । अध्याय चारमा अध्ययन क्षेत्रको परिचय एवम् महिलाहरूको सामाजिक–साँस्कृतिक अवस्था उल्लेख गरिएको छ । अध्याय पाँचमा महिलाहरूको सामाजिक–आर्थिक सहभागिताको विश्लेषण गरिएको छ ।  अध्याय छ मा वैयक्तिक अध्ययन तथा जानिफकार व्यक्तिहरूको अन्तरवार्ताको  विश्लेषण गरिएको छ ।  अध्याय सातमा अध्ययनको सारांश, निष्कर्ष र सुझावहरू समावेश गरिएको छ ।

# अध्याय दुई

## सान्दर्भिक साहित्यको पुनरावलोकन

### २.१ अवधारणागत पुनरावलोकन

मानव समाज महिला र पुरुषबाट अगाडि बढेको हुन्छ । जैविकीय रुपमा महिला र पुरुष दुई किसिमको लिङ्ग हुनु प्राकृतिक भिन्नता हो । यही शारीरिक भिन्नताका कारण महिला र पुरुषको कार्य सम्पादनमा केही भिन्नता रहन्छ । जस्तै सन्तान जन्माउने कार्य महिलाहरूले मात्र गर्न सक्छन भने विर्य उत्पादन गर्ने कार्य पुरुषले मात्र गर्न सक्छन् । यसप्रकारको भिन्नतालाई परिवर्तन गर्न सकिदैन । महिला र पुरुषलाई लिङ्गकै आधारमा समाजले परम्परादेखि हालसम्म सामाजिक तथा साँस्कृतिक रुपमा प्रदान गरेको भूमिकालाई नै Gender भनिन्छ । लिङ्गका आधारमा परिवार, समुदाय तथा समाजमा व्यक्तिले निभाउने विभिन्न भूमिका तथा जिम्मेवारीहरूमा हुने भेद वा अन्तरहरू Gender भित्र पर्दछन् । घरभित्रका कार्यहरू, शिक्षा, रोजगारी, आर्थिक स्वामित्व, आत्मासुरक्षा सामाजिक सुरक्षा, नेतृत्व तथा जिम्मेवारी आदिमा रहेका सामाजिक विभेदहरू Gender सँग सम्बन्धित हुन्छन् ।

कुनै व्यक्ति, परिवार, समुदाय तथा स्थान वा क्षेत्रमा देखापर्ने समय अनुसारको सकरात्मक परिवर्तनलाई विकास भनिन्छ । अर्को शब्दमा भन्नुपर्दा कुनै समुदाय समाज तथा राष्ट्रको आर्थिक, सामाजिक, राजनीतिक तथा मानवीयस्तरमा कमगत रुपमा सकरात्मक परिवर्तन हुने प्रक्रियालाई विकास भनिन्छ । विकास एक बहुआयामिक प्रक्रिया हो जसलाई विभिन्न सूचकहरूबाट मापन गर्न सकिन्छ । विकासको महशुस सम्पूर्ण समूह, बर्ग, लिङ्ग र व्यक्ति तथा समूहहरूले गर्नुपर्दछ । आर्थिक विकास, सामाजिक विकास र मानवीय विकासका माध्यमबाट विकासको विश्लेषण गर्ने गरिन्छ ।

विकास प्रक्रियामा महिलाको सहभागिता अनिवार्य रुपमा हुनुपर्दछ । यदि सो नभएमा विकास दीगो हुन सक्दैन । यो मान्यता पछिल्लो समयमा आएर मात्र विकासको नीतिमा समावेश गरेको पाईन्छ । लैङ्गिक अवधारणालाई सन् १९५० पछि मात्र समावेश गर्न सुरु गरिएको पाईन्छ । महिलालाई एक किसिमले पीछडिएको जाति वा उत्पीडित जाति भनेर हेर्ने चलन पनि छ । आधुनिक राज्यव्यस्थामा उत्पीडित जातिलाई कसरी अगाडि बढाउने भन्ने

प्रश्नमा तीन किसिमका सिद्धान्त निस्किएका छन् । एउटा सिद्धान्तले भन्छ, अवसरको समानता दिने । दोस्रो सिद्धान्तले भन्छ, समान अवसर मात्र दिएर पुग्दैन, त्यसैले आरक्षणजस्तो विशेष अवसर दिनुपर्छ । पुँजीवादी व्यवस्थाभित्र यी दुवै सिद्धान्तलाई उदार व्यवस्था भनिन्छ । तर यी दुवै धारणाको विरोधमा अर्को सिद्धान्त जन्मिएको छ । यो सिद्धान्तले भन्छ, उपलब्धीमा समानता दिनुपर्छ । अवसरको समानता होइन, उपलब्धीकै समानता दिनुपर्छ ।

**महिलाको सामाजिक अवस्था**

नेपालको सामाजिक बनौट पितृसत्तात्मक भएको कारणले गर्दा समाजमा पुरुषहरू सापेक्षिकरूपमा महिलाभन्दा बढी शक्तिशाली, बढी इज्जतदार र साधन स्रोतले सम्पन्न भएको पाइन्छ । साथै घरपरिवारको प्रमुख निर्णयहरू पनि प्रायः पुरुषहरूले नै गर्ने गर्दछन् । पुरुषप्रधान समाजकै कारण महिला र पुरुषको जैविक भिन्नतालाई आधार बनाएर महिला र पुरुषलाई असमानतामा आधारित सामाजिक परिचय दिने गरेको र महिलाहरूको परिचय पुरुषको सम्बन्धसँग गाँसेर व्याख्या गर्ने गरिएको पाइन्छ । पुरुषलाई बाहिरी संसारसँग सम्बन्ध स्थापित गरी कमाउने, परिवार पाल्ने र उनीहरूको रक्षा गर्ने व्यक्तिको रूपमा परिभाषित गर्ने र महिलाहरूलाई बच्चा जन्माउने, स्याहार सुसार गर्ने, घरको कामको जिम्मेवारी लिने आदि जस्ता घरभित्रको मात्र जिम्मेवारी दिने गरिएको छ । घर परिवार, समुदाय र राज्य संरचना तथा संचालनमा लैंगिक विभेद विद्यमान रहेको पुरुषको दाँजोमा महिलाहरूको सामाजिक विकासको स्थिति कमजोर रहेको र शिक्षा, स्वास्थ्य र सूचनाजस्ता क्षेत्रमा महिलाको पहुँच पुरुषको दाँजोमा कम रहेको देखिन्छ ।

नेपालका अधिकांश समुदायहरू पितृसत्तात्मक पद्धतिमा आधारित भएकाले महिलाहरूको जीवन उनीहरूका बाबु र पतिबाट बढी प्रभावित हुने गरेको छ । विवाहको अवस्थाले महिलाको जीवनमा ज्यादा महत्व राख्दछ । विवाहको घटनाले नै महिलाको प्रायः समग्र जीवनको इच्छा र जीवनयापनमा निर्णायक भूमिका खेल्दछ । हिन्दू परम्पराअनुसार विवाह पुरुष तथा महिला दुवैका लागि आवश्यक कुरा हो । महिलाविना पुरुषको जीवनलाई पूर्ण मानिदैंन । खासगरी Indo-Aryan संस्कृतिमा महिलाहरूलाई उनीहरूका अभिभावकद्वारा कम उमेरमा विवाह गर्न प्रोत्साहित गरिन्छ । कम उमेरको विवाह महिलाहरूको शुद्धतासम्बन्धी अवधारणामा आधारित हुनुको साथै खेतीपाती र घरेलु काममा सहयोग पुग्ने

अभिप्रायबाट समेत उत्प्रेरित हुनुको साथै खेतीपाती र घरेलु काममा सहयोग पुग्ने अभिप्रायबाट समेत उत्प्रेरित हुने गरेको छ (बस्नेत,सुबेदी, आचार्य, २०६९) ।

**महिलाको आर्थिक अवस्था**

पुरुषप्रधान समाज भएको कारणले नेपाली समाजमा आर्थिक स्रोत साधनमाथि महिलाको पहुँच र नियन्त्रण कम रहेको छ । घर परिवारभित्रका आर्थिक क्रियाकलापहरू महिलाहरूले गर्ने गरेको पाइन्छ भने घरभन्दा बाहिर गएर गर्नुपर्ने कार्यहरू प्रायः पुरुषहरूले गर्ने गर्दछन् । नेपालको अर्थतन्त्र कृषिमा आधारित भएकोले कृषिसम्बन्धी क्रियाकलाप र पशुपालनमा महिलाहरूको भूमिका अत्यधिक रहने गरेको छ । तर महिलाहरूले गर्ने अधिकांश आर्थिक क्रियाकलाप अवैतनिक र निर्वाहमुखी हुने भएकाले राष्ट्रिय आयमा उनीहरूको श्रमलाई गणना गर्न सकिएको अवस्था छैन ।

लैङ्गिक दृष्टिकोणबाट आर्थिक स्रोत साधनमा लामो समयदेखि असमान वितरण हुँदा महिलाहरू विकासको वृहत्तर प्रक्रियामा सहभागी हुन र योगदान पुऱ्याउन पुरुषहरू सक्षम छैनन् । शिक्षा र रोजागरीमा बृद्धि भएको कारण महिलाको आर्थिक सशक्तिकरणको क्षेत्रमा उल्लेखनीय प्रगति भए पनि विभेदकारी मान्यता र व्यवहारका कारण परिवर्तनको गति भने ज्यादै ढिलो छ । आर्थिक र वित्तीय स्रोत साधन र अवसरको वितरण गर्ने तहको निर्णय गर्ने स्थानमा महिलाहरूको उपस्थिति नभएको कारणले पनि महिला असमानता कायम रहन भूमिका खेलिरहेको हुन्छ ।

लैङ्गिक समानता, महिला सशक्तिकरण, समन्यायिक र दीगो आर्थिक उन्नति र विकासका लागि आर्थिक र वित्तीय स्रोत साधनमा महिलाको पहुँच र नियन्त्रण महत्वपूर्ण हुन्छ । गरिबी निवारण तथा बालबालिकाको कल्याण लगायतका विकासका बहुआयामिक पक्षहरूमा सकारात्मक प्रभाव पार्नको लागि आर्थिक र वित्तीय स्रोत साधनको वितरणमा लैङ्गिक समानता हुनु पर्दछ ।

संयुक्त राष्ट्र संघको पहलमा आर्थिक र वित्तीय स्रोत साधनमाथि महिलाहरूको पहुँच र नियन्त्रण प्राप्त गर्ने अधिकार र लैङ्गिक समानताका लागि अन्तर्राष्ट्रिय समुदायको बलियो प्रतिवद्धता रहेको छ । मानवअधिकार सम्बन्धी सन्धी, संयन्त्र र दस्तावेजहरूले आर्थिक स्रोत साननमाथि महिलाहरूको पहुँच र नियन्त्रणको विषयमा सम्बोधन गरेका छन् र यी प्रतिवद्धताहरू पूरा गर्नु सरकारको प्रमुख जिम्मेवारी रहेको छ ।

विद्यमान कानुनी व्यवस्थामा सुधार गरेर महिलाहरूको रोजगारीलाई सुनिश्चित गरी उनीहरूको आर्थिक अवस्थामा सुधार ल्याउने प्रयास गरिएको छ । जसअनुसार निजामति सेवा ऐन, २०४९ ले निजामति सेवाका खुल्ला प्रतियोगिताबाट पदपूर्ति हुने पदहरूमध्ये ४५ प्रतिशत पद विभिन्न वर्गका लागि आरक्षित गरी त्यसमध्ये ३३ प्रतिशत पद महिलाको लागि आरक्षित गरेको छ । सेवा प्रवेशको लागि अधिकतम उमेर ३५ वर्ष भए पनि महिलाको लागि ४० वर्ष कायम गरेको र परीक्षण काल १ वर्ष रहेकोमा महिलाको लागि ६ महिना गरी राज्यको प्रशासनयन्त्रमा महिला सहभागिता अभिवृद्धि गर्ने प्रयास भएको देखिन्छ । यसैगरी नेपाली सेनामा महिलाको प्रवेशलाई स्वीकार नगर्ने प्रचलनको अन्त्य गरी नेपाली सेना सम्बन्धी १२ औं संशोधन ऐन, २०६३ ले नेपाली सेनामा महिलाको प्रवेशलई खुल्ला गरेको छ । प्रहरी नियमावलीले पनि प्रहरी सेवामा महिलालाई २० प्रतिशत सिट सुरक्षित गर्ने विशेष व्यवस्था गरेको छ । (बस्नेत,सुबेदी, आचार्य, २०६९)

### महिलाको बहुआयामिक भूमिका

सामान्यतया हाम्रो समाजमा घरबाहिर गएर आयआर्जन गर्ने कार्यलाई मात्र काम गरेको भनी ठान्ने र सो बाहेकका दिनभर घरमा गरिने घरेलु क्रियाकलापलाई कम महत्व दिने गरिन्छ । यस प्रकारको घरभित्र गरिने कार्यमा विशेष गरी महिलाहरू बढी सहभागी हुने गरेको र कतिपय क्रियाकलापहरू महिलाको प्रकृतिप्रदत्त भूमिकाका कारण महिला बाहेक अरुले नसक्ने भएका कारणले पनि महिलाहरूले घरेलु क्रियाकलापहरूमा बढी समय दिनुपर्ने हुन्छ । सामान्यतया महिलाको भूमिकालाई निम्नानुसार उल्लेख गर्न सकिन्छ ।

### पुनरुत्थान भूमिका

महिलाहरूले समाजमा निर्वाह गर्दै आएको भूमिकामध्ये केही प्रकृतिप्रदत्त छन् भने केही भूमिकाहरू समाजद्वारा निर्धारण गरिएका छन् । प्रकृतिले महिलालाई प्रजननमूलक भूमिका प्रदान गरेको छ जो पुरुषबाट सम्भव हुँदैन । यस्तो प्रकृतिप्रदत्त प्रजननमूलक भूमिकालाई जैविक पुनरुत्पादक वा प्रजननमूलक भूमिका भनिन्छ । यसअन्तर्गत गर्भवती हुने, बच्चा जन्माउने तथा शिशुलाई स्तनपान गराउने जस्ता महिलाहरूका महत्वपूर्ण कार्य हुन् । यी कार्यहरू महिलाको शारीरिक विशिष्ठताका कारण उनीहरू बाहेक अरुबाट सम्भव छैन ।

यसका अतिरिक्त महिलाहरूका निम्ति समाजद्वारा निर्धारित सामाजिक पुनरुत्पादक भूमिका पनि रहेको छ । यसअन्तर्गत महिलाहरूले घर परिवारभित्र गर्नुपर्ने कार्यहरू समेटिएका हुन्छन् । बालबालिका तथा बृद्धहरूको रेखदेख र स्याहारसुसार गर्नु, घर गृहस्थीको व्यवस्थापन गर्नु, परिवारका सदस्यहरूको हेरचाह रेखदेख गर्नु तथा खाना पकाउनु, कपडा धुनु र घरपरिवारको सरसफाई गर्नु लगायतका कार्यहरू महिलाहरूको सामाजिक पुनरुत्पादक भूमिका अन्तर्गत पर्दछन् ।

महिलाहरूले निर्वाह गर्ने यस प्रकारको जैविक र सामाजिक पुनरुत्पादक भूमिका देशको आर्थिक विकासको निमित्त आवश्यक पर्ने श्रम शक्तिको निमित्त पनि महत्वपूर्ण हुन्छ । एकातिर महिलाहरूको जैविक पुनरुत्पादक भूमिकाको माध्यमद्वारा मानव शिशुको रूपमा जनशक्तिको आपूर्ति हुन्छ भने अर्कोतर्फ महिलाले दैनिकरूपमा घरमा निर्वाह गर्ने सामाजिक पुनरुत्पादक भूमिकाको कारण घरपरिवारका पुरुष सदस्यहरूले अन्य आर्थिक गतिविधिमा सहभागी हुनको लागि आवश्यक समय प्राप्त गर्ने हुँदा उनीहरू आर्थिक क्षेत्रमा योगदान पुऱ्याउन सक्षम हुन्छन् ।

**महिलाको उत्पादक भूमिका**

महिलाहरूले गर्ने वस्तु तथा सेवाको उत्पादन महिलाको उपत्पादन भूमिकाअन्तर्गत पर्दछ । महिलाद्वारा यसरी उत्पादित वस्तु तथा सेवा व्यापारिक वा घरेलु प्रयोजन दुवैको लागि हुन सक्दछ । यदि महिलाद्वारा उत्पादित वस्तु तथा सेवा घरेलु प्रयोजनमा उपयोग गरिएमा यसको प्रयोग मुल्य भएको मानिन्छ भने बजारमा खरिद बिक्री गरिएमा यसको विनिमय मुल्य भएको मानिन्छ । नेपालमा औद्योगिकीकरणको विकास नभएको, रोजगारीको अवसर सीमित भएको र अधिकांश जनसङ्ख्या कृषिमा निर्भर रहेको कारणले गर्दा महिलाहरू उत्पादनशील कार्य घरपरिवारको सेरोफेरोमा मात्र सीमित हुने गरेको छ । महिलाहरूको कार्यको विनिमय मूल्यभन्दा प्रयोग मूल्य बढी हुने गरेको छ । महिलाहरूको कार्यको विनियम मूल्यभन्दा प्रयोग मूल्य बढी हुने गरेको कारणले गर्दा महिलाहरूले गरेको आर्थिक योगदानलाई राष्ट्रियरूपमा गणना गर्न सकिएको अवस्था छैन ।

तर पनि पछिल्लो समयमा कतिपय ग्रार्हस्थ उद्यम र उत्पादन, कृषि तथा पशुपालन, रोजगारी, व्यापार र कलकारखानामा काम गर्ने महिलाहरूको सङ्ख्यामा बृद्धि हुँदै आएको र यसलाई विनिमय मूल्यको रूपमा गणना गर्न सकिने भएकोले महिलाहरूको यस प्रकारको उत्पादन भूमिकालाई राष्ट्रिय उत्पादनमा समावेश गर्न सम्भव भएको छ । यवि.सं. २०५८

को जनगणनादेखि महिला र पुरुषले गर्ने टपरी गाँस्ने, बत्ती कात्ने, गुन्द्री, डोको, डालो बनाउने आदि जस्ता सामाजिक पुनरुत्पादक क्रियाकलापलाई विस्तारित आर्थिक क्रियाकलापको रूपमा परिभाषित गर्ने गरिएको पाइन्छ (भद्रा,२०६७) ।

**महिला सशक्तिकरण**

लैङ्गिक असमानताको आधार, लैङ्गिक अनुपात, औषत आयुको दर, प्रजनन् दर आदिजस्ता कुराहरू महिलाको सामाजिक सशक्तिकरणका परिसूचक हुन् जसले महिलाहरूको साक्षरता, आर्थिक बृद्धि, स्वास्थ्य सुविधाको उपलब्धता, परिवार नियोजन सुविधा, महिलाको शैक्षिक अवस्था, विवाह गर्ने उमेर र घर बाहिरका कार्यहरूमा महिला सहभागिता जस्ता महिलाको सामान्य अवस्थालाई देखाउँदछ ।

महिलाको सामाजिक सशक्तिकरणका विविध पक्षहरूमा महिलाहरूका लागि शिक्षा, स्वास्थ्य, पोषण, खानेपानी, सरसफाई, विज्ञान र प्रविधिका क्षेत्रमा महिला सहभागिता, कठिन अवस्थामा परेका महिलाहरूको हेरविचार र महिला हिंसाविरुद्धको लडाइँ आदिजस्ता पक्ष रहेको पाइन्छ । लैङ्गिक असमानता र विभेद समाजिक यथार्थको रूपमा रहेको कारणले गर्दा यसले महिला जीवनका सबै पक्षलाई प्रभाव पारेको तथ्यलाई हामी सबैले स्वीकार्नै पर्दछ ।

महिलाको सामाजिक सशक्तिकरणको लागि सर्वप्रथम महिलाविरुद्धको हिंसा अन्त्य हुनु पर्छ । हिंसाको कारण महिलाहरूको मनोवैज्ञानिक तथा शारीरिक दुवै पक्षमा नकारात्मक प्रभाव परेको हुन्छ । महिलाविरुद्धको हिंसा मानवता विरुद्धको गम्भीर अपराध पनि हो । हिंसा घरभित्र तथा अन्य क्षेत्र सबैतिर हुन सक्दछ । यस प्रकारको हिंसा प्रथा र परम्पराको नाममा धेरै समुदायहरूमा खुलारूपमा रहेको छ । कार्यक्षेत्रमा हुने यौन दुराचार, दाइजोसँग सम्बन्धित हिंसा, महिला बेचविखन आदि महिलासँग सम्बन्धित हिंसाहरू हुन् ।

महिला विरुद्धको विभेद उनीहरूको बाल अवस्थादेखि नै शुरु हुन्छ । बाबु आमाको छोराप्रतिको मोह, महिला भ्रुण हत्या, बाल विवाह, बालिकाहरूप्रति हुने यौन दुराचारजस्ता घरबाहिर र घरभित्र हुने व्यवहारले महिला हिंसा र विभेदलाई प्रोत्साहित गरिरहेको छ । महिला विरुद्ध लड्न समाजका हरेक तहमा विशेष जनचेतना र शिक्षाको कार्यक्रम बनाई लागू गर्नुपर्दछ । महिला हिंसाविरुद्ध कडा कानुनको आवश्यकता पर्दछ । यी सबै कुरा महिलाको अर्थपूर्ण सामाजिक सशक्तिकरणको लागि आवश्यक पर्दछ ।

सामुदायिक विकास र महिलावादी मूल्य महिला सशक्तिकरणका अन्तरनिहित पक्षहरू हुन् । महिलाहरू आफ्नो अधिकारप्रति प्रशिक्षित र सचेत हुनु आवश्यक हुन्छ र पूर्वाग्रही र विभेदकारी सामाजिक वातावरणविरुद्ध एकजुट भएर लड्न महिलाहरूलाई प्रोत्साहित गर्नु पर्दछ । शिक्षा र जनचेतना लैङ्गिक आधारमा हुने हिंसाका विरुद्ध लड्न महत्वपूर्ण कदम हुन सक्दछ । महिलाहरूमा समाजका विभिन्न पक्षबाट हिंसाको खतरा रहेकाले सर्व प्रथम समाजको दमनकारी संरचनामा परिवर्तन गरी महिलाविरुद्धको दमन रोकिनु आवश्यक हुन्छ । तर यो रातारात परिवर्तन हुने विषय होइन । यसप्रकारको परिवर्तन जराधार तहका महिलाहरूलाई शिक्षा र जनचेतना प्रदान गरेर सामाजिक सशक्तिकरणका माध्यमद्वारा मात्र सम्भव हुन्छ ।

**आर्थिक सशक्तिकरण**

विश्वका धेरै मुलुकका महिलाहरू जमिन, घर, सम्पत्ति र अन्य उत्पादनमूलक स्रोत साधनको पहुँचमा भेदभावको सामना गरिरहेका छन् र प्रविधिमा पनि उनीहरूको सीमित पहुँच छ । स्रोत साधनमा रहेको असमान पहुँचको कारणले गर्दा कृषि उत्पादकत्व र जीविकाको सुरक्षा सुनिश्चित गर्न महिलाहरूको क्षमतालाई सीमित पारिदिएको छ । विभेदकारी उत्तराधिकार सम्बन्धी प्रचलनले भूमि बजारमा असमान पहुँच र लैङ्गिक पूर्वाग्रही भूमिसुधार जस्ता कारणले गर्दा जमिन र सम्पत्तिको पहुँचमा लैङ्गिक असमानता व्याप्त रहेको छ । कानुन सुधारको क्षेत्रमा उल्लेख्य प्रगति भए पनि सामाजिक साँस्कृतिक मान्यता र आफ्ना अधिकारप्रति महिलाहरूमा सचेतनाको अभावजस्ता कारणले यसको कार्यान्वयनमा बाधा उत्पन्न भएको छ । सामाजिक आर्थिक अवस्थाले व्यक्तिगत अधिकार, संयुक्त स्वामित्व र समूह अधिकारजस्ता भूमि र सम्पत्तिसम्बन्धी विभिन्न अधिकारहरूको उपयुक्तताको निर्धारण गर्दछ । त्यसैले लैङ्गिक सम्वेदनशील कानुनको प्रवर्द्धन, विद्यमान कानुनको कार्यान्वयन, महिलाहरूको पहुँच भएको न्याय प्रणाली र महिलाहरूलाई आवश्यक कानुनी सहायता प्रदान गर्ने निरन्तर प्रयासरत रहनु आवश्यक हुन्छ ।

## २.२ सैद्धान्तिक पुनरावलोकन

**नारीवाद आन्दोलन**

नारीवादलाई दुई प्रमुख मार्गमा परिभाषित गर्न सकिन्छ । यसको साँघुरो अर्थ महिलाको लैङ्गिक विभेदकारी सिद्धान्त, सामाजिक उत्पीडनको अन्त्यको अभ्यास हो ।

फराकिलो र गहिरो अर्थमा नारीवाद भनेको सचेत लिङ्ग र लैङ्गिक असमानताको सामाजिक यथार्थका जटिल मार्गको खोजी, विश्लेषण र व्याख्यामा सम्बन्धित आधारभूत प्रणालीको एउटा प्रकार हो (जोन्सन, १९७५) । नारीवादले समाजको आधुनिक रूपले विश्लेषण गर्छ । संसारका विभिन्न भागमा उठेका महिलासँग सम्बन्धित आन्दोलनहरूका बारेमा वैचारिक, दार्शनिक रूपमा नारीवाद स्थापित भएको छ । महिला र पुरुष अधिनताको चुनौति दिँदै सैद्धान्तिक विचारको उत्पत्ति १९६८ मा भएको थियो । महिलावाद भन्ने अवधारणाको सुरुआत अठारौं शताव्दीदेखि महिलावादका पहिलो, दोस्रो र तेस्रो धार हुँदै अगाडी बढेको पाइन्छ भने १९८० देखि नारीवादलाई आधुनिक अवधारणाको रूपमा हेरिएको पाइन्छ । यस अवधारणाले दक्षिण एसियाली महिलाहरूले महिलाहरूको शोषण र पीडा बारे समाजमा, घरमा र कार्यक्षेत्रमा सचेत भई परिवर्तनका लागि कार्यरत हुनु नै नारिवाद हो भनी परिभाषित गरेको छ । अर्को शब्दमा नारीवाद भन्नाले महिलाहरूको पुरुष सरह समान अवसर, अधिकार र शक्तिको चाहना हो (चौलागाई, पोखरेल र सापकोटा २०६० : १५) ।

वर्तमान विश्वमा नारीवाद आकर्षक हुनाको साथै यसले योजनाविद्, राजनीतिज्ञ एवम् विकासविद्हरूलाई विभिन्न तरिकाले ध्यानाकर्षण गऱ्यो, जसले गर्दा नारीवादलाई महिलाको अधिनतामा प्रश्नहरू र चुनौतिहरू खडा गर्ने दृष्टिकोणको रूपमा लिइन्छ । सामान्य कुरा गर्दा 'नारीवाद' ले दुइटा कुरा समेटेको हुन्छ । एक, महिलाहरू माथि हुने उत्पीडन तथा शोषण सम्बन्धी चेतना र दुई, त्यस अवस्थालाई फेर्नका लागि गरिएका सचेत क्रियाकलापहरू (तामाङ, २००४) ।

महिलावादी आन्दोलन निरन्तर रूपले अगाडी बढ्ने क्रममा विभिन्न धारमा विभिन्न महिलावादी दृष्टिकोण/सिद्धान्त/अवधारणाहरूको विकास भएको पाइन्छ । जसमध्ये केही निम्नानुसार छन् :

**क) उदारवादी नारीवाद**

उदारवादी नारीवाद १९ औं शताब्दीको अन्त्य र २० औं शताब्दिको आरम्भमा १९९० को दशकमा भएका महिला आन्दोलनमा शसक्त भएर अग्र पंक्तिमा आयो । यसले समान अवसरका लागि महिला र पुरुषको समानतामा जोड दिन्छ र महिला अधिकारका लागि सङ्घर्ष गर्दछ । यसले श्रम बजारमा पुरुष सरह संलग्न महिला, त्यस्तै घरायसी कामकाज वा पारिवारिक उत्तरदायित्व बहन गर्ने पुरुषलाई पनि वेतनभोगी पेशेवर सरह संकेत गरेको छ (राई, १९७७ : १९) । महिला मुक्ति र स्वतन्त्रतामा उदार महिलावादले

निकै महत्व राख्दै महिलाको स्वतन्त्रता र विकासलाई जोड दिन्छ । महिलालाई सामाजिक साँस्कृतिक मान्यताले समाजमा निर्दिष्ट कार्य बिभाजनको स्वरूप निर्धारण गर्दछ भन्ने मान्यता यसले राख्दछ । महिलाहरू पुरुष सरह सबै प्रकारका कार्य गर्न स्वतन्त्र छैनन् । त्यसैले महिलाहरूको स्वतन्त्रतालाई बढावा दिन सके महिला मुक्तिका प्रयासहरू सार्थक रहन सक्छन् भन्ने मान्यता यस नारीवादमा पाइन्छ (रीट्जर, १९९६) ।

इस्वीको अठारौं शताब्दीमा बेलायत निवासी मेरी वल्स्टनक्राफ्टले यस अवधारणालाई अगाडी ल्याएकी हुन् भन्ने सामान्यतया मानिएको छ । उनको 'महिला अधिकारको औचित्य' नामक पुस्तकमा अठारौं शताब्दीको उत्तरार्द्धमा उदाएका पूँजिपति वर्गका महिलाहरूका आकांक्षाहरू र आफ्नो अवस्थाका बारेमा उनले प्रष्ट पारेकी थिइन् । त्यस समयमा बेलायत र अन्य युरोपेली देशहरूमा उचित वातावरण पाएको खण्डमा महिलाहरू पनि पुरुष सरह सक्षम नागरिक हुन्छन् भन्ने यो उदारवादी धारणा क्रान्तिकारी चिन्तन थियो । यस धारणाको आधारमा छोरीले पनि शिक्षा पाउनुपर्ने, महिलाले सार्वजनिक जीवनमा स्थान पाउनुपर्ने जस्ता सामाजिक मागहरू तत्कालिन परिप्रेक्षमा क्रान्तिकारी मागहरू थिए । यस सन्दर्भमा सन् १९६० को दशकमै बेट्टि फ्रिडानले 'द फेमिनिज मिष्टिक' पुस्तक मार्फत महिला र पुरुष बिच रहेका भिन्नता बारे अतिरञ्जित र भ्रामक चिन्तनका कारणले गर्दा उनीहरूमा अन्तरनिहित समानता छोपिएको छ भन्ने तर्क अघि सारिन् । उदार नारीवादले शैक्षिक अवसरहरू, नागरिक अधिकारहरू, प्रजनन् सम्बन्धी अधिकारहरू, समान श्रमको समान ज्याला जस्ता मागहरूलाई जोड दियो । यि सबै मागहरू न्यायोचित हुँदाहुँदै पनि उदार नारीवादले वर्ग विभाजित उचनिचमय समाज व्यवस्था भित्र केवल मध्यम वर्गीय महिलाहरूका निम्ति मध्यम वर्गीय पुरुषहरू सरह स्थान र अधिकारको माग गरेको छ । अनि त्यस समाज व्यवस्थाबाट अत्यन्तै शोषित मजदुर वर्गीय महिलाहरूका हकमा भने केवल कल्याणकारी क्रियाकलापहरूद्वारा थोरै राहत पुऱ्याउने उपायहरू मात्रै निकाल्न सकेको छ । उदार नारीवादले न त त्यस्तो समाज व्यवस्थाको आधारभूत परिवर्तनको आवश्यकतालाई सैद्धान्तिक रूपमा आत्मसात् गर्दछ, न त त्यस्तो किसिमको परिवर्तन नै खोज्दछ । यसकारणले सामान्यतया उदार नारीवादको आम चरित्रलाई सुधारवादी भनिन्छ (तामाङ, २००४) ।

### ख) मार्क्सवादी नारीवाद

यो सिद्धान्त विसौं शताब्दीको आरम्भमा प्रतिपादन भएको पाइन्छ । मार्क्सवादका अनुसार मानव माथिका बन्देजका जराहरू निजी सम्पत्ति प्रणालीको स्थापना र त्यस सँगसँगै

निर्माण हुने वर्ग विभाजित समाज व्यवस्थामा पाइन्छन् अनि समाज रूपान्तरणमा उत्पादन पद्धतिको रूपान्तरणले मुख्य भूमिका खेल्दछ । मार्क्सवादले वर्ग सङ्घर्षलाई प्रधान महत्व दिए तापनि सुरुदेखि नै महिला उत्पीडन र पृथक महिला आन्दोलनप्रति पनि उल्लेखनीय ध्यान दिएको पाइन्छ । मार्क्सवादी नारीवादको विकासको सन्दर्भलाई हेर्दा फ्रेडरिक एङ्गेल्स्को कृति "परिवार, निजी सम्पत्ति र राज्य (१८४४)" लिन सकिन्छ जसमा समाजमा रहेको लैङ्गिक विभेदलाई विश्लेषण गरिएको छ । एङ्गेल्स्को ऐतिहासिक मानव विकासको विश्लेषण अनुसार पशुपालन उत्पादन पद्धतिबाट सुरु भई कृषि उत्पादन पद्धतिको विकाससँगै व्यापक रूपमा विस्तार र स्थापित भएको निजी सम्पत्ति प्रणाली र लैङ्गिक श्रम विभाजनको विस्तारले महिला उत्पीडनको सुरुवात भएको देखिन्छ । आम उत्पादन पद्धतिमा भएका यी परिवर्तनका क्रममा महिलाहरूलाई उत्पादनका साधनबाट वञ्चित गरिएको थियो र सामाजिक पुनर्उत्पादनलाई उत्पादनबाट छुट्ट्याएर महिलाहरूलाई पारिवारिक परिवेशमा सीमित तुल्याईएको थियो । यसरी मार्क्सवादी नारीवादीहरूले 'उत्पादन' भन्ने अवधारणालाई फराकिलो पार्दै घरायसी महिलाहरू र पूँजिवादी श्रम बजारमा निर्भर मजदुरहरूको उत्पीडनलाई जोडेका छन् । मार्क्सवादी नारीवादका लागि वर्ग सङ्घर्ष र नारी मुक्ति सङ्घर्षको सम्बन्ध एउटा जटिल सवालका रूपमा रहेको छ । एकातिर मार्क्सवादी सिद्धान्तमा वर्ग नै सङ्घर्षको मूलभूत आधारको रूपमा स्थापित छ जस अनुसार वर्ग सङ्घर्ष मार्फत मात्रै लैङ्गिक, जात जातीय आदि कुराहरूमा आधारित उत्पीडनलाई समाप्त गर्न सम्भव हुन्छ (तामाङ, २००४) ।

मार्क्सवादी नारीवादीहरू शक्तिको आर्थिक अवस्थालाई उत्पीडनको निर्णायक मान्दछन् । जहाँ महिलाहरू विना वेतन काम गर्दछन्, कार्यालयमा न्यून तलव दिइन्छ, वा आंशिक समय गर्ने कामलाई तल्लो हैसियतमा राखिन्छ । त्यहाँ महिलामाथि उत्पीडन सुरु हुन्छ । मार्क्सवादी नारीवादीहरू कामदार वर्गको मुक्ति र पूँजिवादको उन्मुलनमा महिलाहरूको स्वार्थ रहने कुरामा विश्वास गर्छन् । यो सिद्धान्तले पूँजिवादी समाजमा हुने महिलाको परनिर्भरता र शोषणका बारेमा प्रशस्त वर्णन गरेको छ । तिनीहरूले वर्ग सङ्घर्षलाई प्राथमिकता प्रदान गरेको पाइन्छ । आर्थिक शोषण, लोग्ने र बाबुसँगको शक्तिहिन सम्बन्ध र परनिर्भरतालाई घटाउनु पर्ने छ । यो विश्लेषणको केन्द्र भागमा लैङ्गिक सम्बन्धले स्थान लिएको हुन्छ (पौडेल, २०५८) ।

**ग) अतिवादी नारीवाद**

अतिवादी नारीवादीहरूले पुरुष जातिलाई नै महिला उत्पीडनको मूल स्रोतको रूपमा बुझ्दछन् । पश्चिमी समाजहरूमा सन् १९६० को दशकमा सुरु भएको युवा आन्दोलनबाट नारीवादको यो धार सृजना भएको थियो । यौनिकता तथा यौन सम्बन्धको राजनीतिक पक्ष यी नारीवादीहरूका प्रमुख सवालहरू रहेका छन् । अतिवादी नारीवादका संस्थापकहरूले महिलाहरूको शारीरिक बनोट तथा मनोवैज्ञानिक चरित्रका बन्धनकारी परिणामहरूलाई जोड दिए । तर अतिवादी नारीवादको दोस्रो पुस्ताले भने बच्चा जन्माउने तथा हुर्काउने व्यक्तिको रूपमा महिलालाई पुरुषहरूले गर्ने नियन्त्रण हटेमा उहि गुणहरूमा मुक्तिको सम्भावनाहरू देख्छन् । महिलाहरूको लागि प्रजनन् स्वेच्छा र नियन्त्रणको अधिकारलाई जोड दिनुका साथसाथै उनीहरूले परम्परागत सामाजिक लिङ्ग तथा यौनिकताको वृहत समाज व्यवस्थालाई भत्काउन खोजेका छन् । उनीहरूको विश्लेषणमा परम्परागत नारीत्व तथा पुरुषत्व सम्बन्धी विचारमा आधारित सामाजिक लिङ्ग प्रणाली तथा फरक लिङ्गिय लैङ्गिकता र नारी समलैङ्गिकताका बिच खडा भएको विभाजन दुवै नै महिलाहरूलाई पुरुष शोषण अन्तर्गत रहने गरी पुरुषहरूले आफ्नो यौन आनन्दका लागि महिलाहरू माथि नियन्त्रण गर्ने व्यवस्थाहरू हुन् (तामाङ, २००४) ।

**घ) समाजवादी नारीवाद**

समाजवादी नारीवादले पुरुष प्रधानता र पूँजिवादको विचारलाई एकिकृत गरी वर्ग र लैङ्गिक उत्पीडनलाई उन्मुलन गर्न खोजेको छ । समाजवादी नारीवादीहरूले आर्थिक निर्भरताले गर्दा महिलाहरू माथि उत्पीडन भएको मान्दछन् । उनीहरूले निजी सम्पत्तिको अस्तित्व हुनुभन्दा पहिला पुरुष प्रधानताको अस्तित्व सुरु भएको मान्दछन् । तर निजी सम्पत्तिको उन्मुलन भए पछि पनि उत्पीडनको अन्त्य नहुने विश्वास गर्छन् (राई, १९९७ ) ।

समाजवादी नारीवादीहरूले महिला उत्पीडनको स्रोतका रूपमा सामाजिक लिङ्गको भन्दा वर्गको प्राथमिकताका बारेमा प्रश्न उठाएका छन् । यसैगरी महिलाहरू भन्दा मजदुरहरू आधारभूत रूपमा उत्पीडित समुदाय हुन् भन्ने कुरा माथि पनि प्रश्न गर्छन् । साथै महिला भएका कारणले महिलाहरू उत्पीडित छन्, वर्गीय समाज व्यवस्था त्यसको एकमात्र स्रोत होइन भन्ने तर्क उनीहरूले गर्छन् । कतिपयले उत्पादनको पद्धतिमा परिवर्तन भएको खण्डमा पनि विचारात्मक तथा मनोवैज्ञानिक संरचनाहरू जीवित रहन्छन् जसले महिलाहरूको शोषित अवस्थालाई निरन्तरता दिन्छ भन्ने तर्क गर्छन् । यस धारका

नारीवादीहरूले वर्ग व्यवस्थालाई छाँयामा पारेर महिला उत्पीडनको मूल स्रोतका रूपमा श्रममाथि पुरुषहरूको नियन्त्रणतिर औंल्याउँछन् । पुरुषहरूको यस नियन्त्रणले गर्दा आर्थिक साधनहरूमा महिलाहरूको पहुँच सीमित छ र आफ्नो यौनिकता एवम् प्रजनन् शक्ति महिलाको नियन्त्रणमा छैनन् । कतिपयले लिङ्गमा आधारित श्रम विभाजनलाई प्रमुख स्रोतको स्थान दिएका छन् । समाजवादी नारीवादीहरूले शोषण र उत्पीडनलाई प्रमुख कुरा मान्छन् । उनीहरू सामाजिक-आर्थिक संरचनाहरूमा केन्द्रित रहेको पाइन्छ । त्यसैले समाजवादी नारीवादीहरू एक हदसम्म विश्वपूँजीवादको व्याख्या नारीवादी दृष्टिकोणबाट गर्न सफल भएका छन् (तामाङ, २००४) ।

समाजवादी नारीवादीहरूले मार्क्सवादको आधारभूत सिद्धान्तहरूलाई मान्यता दिँदै त्यसलाई अझ अघि बढाएर ति क्षेत्रहरूमा लागू गरे, जहाँ उनीहरूको दृष्टिमा परम्परागत मार्क्सवादी विश्लेषण छुट्न गएको थियो । तिनीहरू मार्क्सवादी तथा अतिवादी नारीवादी सोच दुवैलाई प्रयोग गर्दै यो कुरा मान्छन् कि दुवै उपयोगी भए पनि आफैंमा पूर्ण छैनन् । यिनीहरूले लिङ्गको आधारमा भएको श्रम विभाजनको विभिन्न रूपको यथास्थितिलाई मान्दछन् । समाजवादी महिलावादीहरूको भनाइ अनुसार उत्पादनको तरिकामा परिवर्तन भयो भने ऐतिहासिक रूपमा पुरुष र महिलाहरूको पारस्परिक सम्बन्धमा पनि परिवर्तन हुन्छ (भासिन, १९९३: ३५) ।

## लैङ्गिक विकासका रणनीतिहरू

विगतका केही समय देखि सामाजिक लिङ्ग (जेण्डर) विकासको शसक्त मुद्दाको रूपमा व्यापक मात्रामा अगाडी आएको छ । लैङ्गिक विषयलाई जोड दिँदै स्रोत तथा अवसरहरू मार्फत महिलाको पहुँच, सम्पत्तिमा अधिकार, सशक्तिकरण, समान ज्याला तथा निर्णय प्रक्रियामा महिलाको उल्लेख्य भूमिकाका बारेमा पनि लैङ्गिक विकासमा जोड दिइएको पाइन्छ । लैङ्गिक अवधारणा कसरी विकासको मुद्दा बन्यो भन्ने कुरालाई प्रष्ट्याउनको लागि सन् १९६० पछिको विकासका रणनीतिको इतिहासलाई विश्लेषण गर्नुपर्दछ ।

### महिला र विकास अवधारणा (वाड)

विकासमा महिला अवधारणाले महिलाको वास्तविक उन्नति गर्न नसकेको र विकासको मूल प्रवाहमा उनीहरूलाई समाहित गर्न नसकेको भन्ने आलोचना गर्दै सन्

१९७० को उत्तरार्द्धमा महिला र विकास नामक अवधारणा देखा पऱ्यो । आधुनिकिकरणको सिद्धान्तमा आधारित विकासको रणनीतिले अविकसित राष्ट्रहरूको स्थिति अझ दयनीय बन्दै गयो । माथिबाट तल जाने विकासको रणनीतिले गरिब राष्ट्रको विकास हुन सकेन । यसै पृष्ठभूमिमा परनिर्भरता सिद्धान्तमा आधारित भई महिला र विकास अवधारणा अगाडी बढेको पाइन्छ । यस अवधारणाले समाजमा महिला र पुरुष बिच केन्द्र र पृष्ठको सम्बन्ध रहने तथ्य अगाडि साऱ्यो ।

महिला र विकास अवधारणाले स्रोतको समान वितरण, समान पहुँच, उत्पादनका साथै पुनर्उत्पादन र विकास प्रक्रियामा महिलाको सवाललाई व्यवस्थित पार्ने जस्ता पक्षमा जोड दिएको छ । सम्पत्तिमा महिलाको पहुँच हुनु पर्ने, सम्पत्तिको पुनर्वितरण हुनुपर्नेमा यस अवधारणाले जोड दिएको छ । यस अवधारणाले महिला केन्द्रित विकास मात्रै भन्दा पनि विकासमा पुरुष सरह महिलाको सहभागिता हुनुपर्नेमा जोड दिन्छ । यसै गरी महिलाको यौनिकता माथि पुरुषले नियन्त्रण नगरी महिला स्वयंले नियन्त्रण गर्ने अवसर प्रदान गर्नुपर्दछ भन्नेमा आफ्नो आवाज वुलन्द गर्दछ (अर्याल, २०६२) ।

**विकासमा महिला अवधारणा (वीड)**

यस अघिको विकास प्रक्रियामा महिलालाई समावेश गरिएको थिएन केवल पुरुषलाई मात्रै समावेश गरिएको थियो । विकासमा महिला अवधारणा अमेरिकी उदारवादी महिलाहरूले सन् १९७० को दशक पछि अघि सारेको पाइन्छ । सन् १९७० मा अमेरिकामा सोसिओलोजि फर इन्टरनल डेभलपमेन्टको स्थापनाले विकासमा महिला सहभागिताको आवाजलाई अझ वुलंन्द गऱ्यो । त्यसै बेला सन् १९७० मा नै इस्टर वोसरपको 'आर्थिक विकासमा महिलाको भूमिका' नामक पुस्तक प्रकाशन भएपछि मात्र यस अवधारणाले मान्यता ग्रहण गरेको थियो । खासगरी १९५० पछाडि आधुनिकिकरणको सिद्धान्तले विकासका नाममा धेरै विभेद र असमानताहरू बढ्दै गएको पाइयो । विकासको प्रक्रियामा माथिबाट तल जाने रणनीति अपनाएकोले समाजमा सन्तुलित विकास हुन सकेन । त्यसैले विकासलाई पुरुषको आँखाबाट मात्र नहेरेर महिलाको आँखाबाट पनि विश्लेषण गर्नुपर्ने कुरालाई जोड दिइयो (मोस्से, १९९३) ।

यस अवधारणाले उत्पादन कार्यमा महिलाहरूको पनि महत्वपूर्ण भूमिका रहन सक्छ भन्ने तथ्यलाई जोड दिएको छ । उत्पादनका स्रोतहरू माथि महिलाहरूको पहुँच बढाई उनीहरूलाई समेट्न सकिएमा महिला पुरुष बिच रहेका असमानता हटाई समतामा

आधारित समाजको निर्माण गर्न सकिने तथ्यमा जोड दिन्छ । विकास प्रक्रियामा महिलाहरूलाई एकिकृत गराउन सके महिलाका समस्याहरू समाधान हुने निष्कर्ष यस अवधारणामा पाइन्छ । यस अवधारणाले कानून, शिक्षा, तालिम जस्ता पक्षमा महिलाको समान पहुँचमा जोड दिन्छ (चौलागाईं, पोखेल र सापकोटा, २०६०) ।

वीड अवधारणाले पूँजीवादी आर्थिक प्रक्रियाहरू र आधुनिकीकरणलाई उपकारका रूपमा प्रस्तुत गर्दछ । उदारवादी वीडको विश्वास अनियन्त्रित पूँजीवाद तथा बजार केन्द्रित आर्थिक वृद्धिमा रहेको छ (तामाङ, २००४) ।

**जेण्डर र विकास (ग्याड)**

विकासमा महिला अवधारणा र महिला र विकास अवधारणाले महिलाको वास्तविक अवस्थालाई सुधार गर्न सकेनन् । विकास प्रक्रियामा महिलालाई मात्र समाहित गर्दा महिलाको दीगो विकास नभएकोले महिला र पुरुष दुवैलाई विकास प्रक्रियामा समतामूलक ढंगले समाहित गर्न सकेमा मात्र दीगो विकास हुन्छ भन्दै जेण्डर र विकास अवधारणा १९८० मा देखा पर्‍यो । यस अवधारणाले महिला र पुरुषको सम्बन्धलाई वर्ग, जात, धर्म, भूमिका लगायतका पक्षबाट विश्लेषण गर्दछ ।

यो अवधारणा समाजवादी महिलावादमा आधारित छ । यस अवधारणाले महिला अधिनता, दमन, वर्गीय सम्बन्धलाई जोड दिन्छ । यसले वर्ग र लैङ्गिक दमनलाई मात्र सामाजिक दमनका रूपमा नलिएर जातजाती, उमेर, लिङ्ग, यौनिकता आदिको पनि व्याख्या गर्ने गर्दछ । यस अवधारणाले महिला र पुरुष बिचको शक्ति सम्बन्धलाई समतामूलक बनाउनु पर्नेमा जोड दिन्छ । यसले महिला हक, हित र अधिकार सम्बन्धी कानून, ऐन नियममा सुधार गर्नुपर्ने, महिलाको राजनीतिक सहभागिता वृद्धि गर्नुपर्ने साथै सामाजिक आन्दोलनलाई शसक्त रूपमा अगाडी बढाउनुपर्नेमा जोड दिन्छ । समग्रमा दीगो, समतामूलक, सहभागितामूलक विकासलाई यस अवधारणाले जोड दिएको छ (अर्याल, २०६२) ।

जेण्डर र विकास अवधारणाले विकास प्रक्रियामा महिला र पुरुषको असमान सामाजिक भूमिकालाई सम्बोधन गर्दछ । यस ग्याड अवधारणामा हारभर्ड विश्लेषक सिद्धान्त, मोजर सिद्धान्त, महिला शसक्तिकरण सिद्धान्त, सामाजिक सम्बन्ध अवधारणाहरूको प्रयोग भएको पाइन्छ । मोजर सिद्धान्तले महिलाको तिन भूमिका ( उत्पादन, पूर्नउत्पादन र सामुदायीक) लाई जोड दिन्छ । महिला सशक्तिकरण सिद्धान्तले

समुदायमा महिला र पुरुष बीचको असमान शक्ति सम्बन्धको सम्बोधन गर्दछ (उप्रेती, २००४)।

## २.३ पूर्व अध्ययनको समीक्षा

समाजले महिला र पुरुषलाई कस्तो प्रकारको भूमिका , अधिकार, स्रोत साधन दिन्छ उनिहरूलाई कस्तो किसिमले व्यवहार तथा मानसिकता विकास गर्न सिकाउँछ त्यसको अर्थवबोध गर्नुलाई सामाजिक लिङ्ग वा जेण्डर भनिन्छ। जसरी लिङ्ग अन्तर्गत महिला वा पुरुष भनी जन्मजात निर्धारण भएर आउँछ त्यसैगरी जेण्डर पनि लिङ्गका आधारमा व्यक्तिसगँ जोडिएर आउने साँस्कृतिक मूल्य मान्यता, भूमिका तथा विशेषताहरूको समष्टिगत रुप हो (भासिन, २००३)।

जबसम्म महिलाहरू आर्थिक र सामाजिक रूपले आत्मनिर्भर हुँदैनन्, तबसम्म उनीहरूमा आत्मबल, नेतृत्व तथा निर्णय लिने र दिने क्षमता विकास हुँदैन। देशको आधा जनशक्तिको रूपमा रहेका महिलाहरू देश विकासमा सर्वदा संलग्न रहेपनि अशिक्षा, अस्वास्थ्य, गरिबी एवम् रूढीवादी व्यवहारका कारण सम्पत्ति, आय, रोजगार, आर्थिक एवम् अन्य स्रोतको पहुँचबाट टाढा छन्। जबसम्म महिला र पुरुष वर्ग साथसाथै पूर्णरूपमा राष्ट्र उत्थान कार्यमा संलग्न हुँदैनन्। तबसम्म देशको आर्थिक, स्थितिमा सुधार आउन सक्दैन। नवौ रा.यो.आ.(२०५४)।

परम्परागत सामाजिक दृष्टिकोणमा अपेक्षित रूपमा सुधार हुन नसक्नु, लैङ्गिक विभेद सम्बन्धी कानूनी संरचनामा अपेक्षित सुधार नहुनु, केही सामाजिक क्षेत्रमा सहकारी लगानीको वृद्धिदर कम रहनुजस्ता कारणले महिलाहरूको स्तरमा तुलनात्मक रूपले उल्लेखनीय रूपमा सुधार ल्याउन सकिएको छैन। आर्थिक स्रोत तथा अवसरहरूमा पहुँच पनि कम भएकाले महिलाको आर्थिक सशक्तिकरणका लागि लघु ऋण कार्यक्रम, महिला विकास कार्यक्रम, सीप विकास कार्यक्रम, महिला जागृति तथा आयआर्जन कार्यक्रम, सहकारी कार्यक्रम सञ्चालन भएको छ। विशेष गरी बचत तथा ऋण सहकारी कार्यक्रममा महिलाको उल्लेखनीय सहभागिता भएको र संलग्नताको परिणामस्वरूप सामाजिक रूपमा परिचालनमा मद्दत पुगेको देखिन्छ भनी उल्लेख गरिएको छ (दशौं रा.यो.आ.२०५९)।

देशको कुल जनसङ्ख्याको करिब ८५ प्रतिशत जनता कृषिमा आधारित छ र कृषि उत्पादन तथा प्रशोधनमा महिलाको मुख्य भूमिका रहेपनि महिलाको सामाजिक र आर्थिक

स्तरको स्थिति कमजोर छ । घरपरिवारदेखि लिएर राज्यको निर्णायक प्रक्रिया र शक्ति संरचनाको कुरामा पनि महिलाहरूको सहभागिता न्यून छ । शैक्षिक तथ्याङ्क हेर्दा पुरुष साक्षरता ६५ प्रतिशत छ भने महिलाहरूको ३५ प्रतिशत छ । त्यस्तै राजनीतिमा पुरुष सहभागिता ९५ प्रतिशत छ भने महिला सहभागिता ५ प्रतिशत छ । भूमिमा पुरुषको स्वामित्व ९० प्रतिशत छ भने महिलाको १० प्रतिशत रहेको छ । जबसम्म महिलाहरू आर्थिक र सामाजिक रूपले आत्मनिर्भर हुँदैनन् । तबसम्म उनीहरूमा आत्मबल, नेतृत्व तथा निर्णय लिने र दिने क्षमता विकास हुँदैन (थापा, २०६२) ।

महिलाहरूमा आधुनिक प्रविधि व्यवस्थापनको ज्ञानको कमी भएको कारण एवम् सम्पत्तिमा पहुँच, आत्मनिर्भरता नहुनु, घरायसी झमेलाका कारण संस्था र व्यवसायहरूमा प्रतिस्पर्धामा अगाडि बढ्न बाधा भएको छ (शर्मा, २००३) ।

एजुकेटेड वुमन इन गभरमेन्ट इम्प्लोइमेन्ट (अ केस स्टडी अफ पोखरा सब मेट्रोपोलिस एण्ड कास्की डिस्ट्रिक्ट डेभलपमेन्ट कमिटी अफिस) भन्ने विषयमा गरिएको अध्ययनले सरकारी सेवामा पुरुषको तुलनाम एक चौथाइभन्दा पनि कम मात्रामा महिलाहरूको सङ्ख्या रहेको त्यसमा पनि अधिकृत तह वा निर्णायक तहमा महिलाहरूको संलग्नता झनै कम रहेको उल्लेख गर्नुभएको छ । साथै शिक्षा र नोकरीले महिलाको क्षमता र जीवनस्तरमा सुधार ल्याउने निचोड आएको छ (ढकाल, सन् २००७) ।

सोसीओ ईकोनोमिक स्ट्याटस अफ एजुकेटेड इम्प्लोईड वुमन इन बन्दीपुर भिलेज डेभलपमेन्ट कमिटी, तनहूँ भन्ने शीर्षकमा गरिएको अध्ययनमा जागिरे महिलाहरूको शैक्षिक स्तर कम भएकोले उनीहरू तल्लो तह र अस्थायी पदमा रहेका छन् । अधिकांश महिलाहरूले कार्यालय र घरको गरी दोहोरो भूमिका निर्वाह गरिरहेका छन् । उनीहरू सबैजनाले महिलाको सामाजिक र आर्थिक स्थितिलाई उकास्नका लागि महिला शिक्षालाई नै महत्त्वपूर्ण तरीकाले जोड दिएको कुरा निचोडमा आएको छ (पिया, २००७) ।

सोसीयो ईकोनोमिक स्ट्याटस अफ वुमन फार्मर (अ सोसीओलोजिक स्टडी अफ भदौरे तामागी भी.डी.सी, कास्की) शीर्षकमा गरिएको अध्ययनमा पितृसत्तात्मक सोचले जरा गाडेको समाजमा महिला कृषकहरूको सामाजिक र आर्थिक अवस्था गरीब र शोषित भएको पाइन्छ । प्रत्यक्ष आर्थिक लाभ नहुने घरायसी काममा महिलाको बढी प्रयोग हुन्छ । धेरै महिला कृषकहरू बचत कार्यक्रममा संलग्न देखिन्छन् भने कम मात्र महिला कृषकहरूले क्षमता विकास तालिम पाएका छन् । एकातिर महिलाहरूलाई निर्णय प्रक्रियामा संलग्न

गराइँदैन भने अर्कोतिर महिलाहरू अझै पनि निर्णय प्रक्रियामा संलग्न हुन हिच्किचाउँछन् । उनीहरू विभिन्न आधारमा सामाजिक र आर्थिक रूपमा शोषित छन् । पुरुषहरू कम मात्रामा शारीरिक काममा संलग्न हुन्छन् भने महिलाहरू पुरुषको तुलनामा बढी काम गर्छन् तर पनि उनीहरूले समाजमा कम आर्थिक महत्त्व पाउँछन् भन्ने निचोड रहेको पाइन्छ (गुरुङ, सन् २००७) ।

नेपाली महिलाहरूको अवस्था विकसित मुलुककोभन्दा दयनीय छ । एक्काइसौं शताब्दीसम्म पनि यहाँको पितृसत्तात्मक सोच, रूढीवादी परम्परा, अशिक्षा, गरीबी तथा अन्धविश्वासले गर्दा नै महिलाहरू पछाडि परेका कारणहरू हुन् (उप्रेती १९८०) ।

सन् १९९२ मा युनिसेफले गरेको एक अध्ययन अनुसार पुरुषको भन्दा महिलाको कार्यभार २५ प्रतिशत रहेको छ । नेपालमा सन् १९७९ मा सेडाले गरेको एक अध्ययन अनुसार ८६ प्रतिशत घरधन्दा कार्य ५७ प्रतिशत निर्भाहमूखि कार्य महिलाद्वारा सम्पादन हुन्छ । सन् १९९३ को स्त्री शक्तिको एक अध्ययन अनुसार ग्रामिण क्षेत्रका महिलाको ७६.४२ प्रतिशत समय घरयासी कार्यमा बिताउँछन् । उत्पादित बस्तुको निर्णय गर्ने र प्राप्त रुपैयामा नियन्त्रण गर्ने अधिकार महिलामा छैन् । घरायसी कार्यमा मात्र समय बिताउदा अन्य पक्षमा महिलाको उच्च सहभागिता छैन (UNSO, 1986)।

सरस्वती पहारी (२०६९) ले (पोखराको कृषि उपज थोक बजारमा केन्द्रित) कृषि उपज कारोवारमा लैङ्गिक सहभागिताको समाजशास्त्रीय विश्लेषण भन्ने विषयमा अध्ययन गरिएको पाइएको छ । उनको अध्ययनबाट के पत्ता लगाइएको छ भने बजारमा महिला सहभागी कम हुनुको प्रमुख कारण पूँजिबादी सोच पनि रहेको छ किनभने जुन परिवारमा श्रीमान्ले बढी आम्दानी गर्दछन् त्यस परिवारका श्रीमतीहरू त्यस बजारमा सहभागी भएका छैनन् । यस बजारभित्र ठुला ठुला पसल जसमा अन्तर्राष्ट्रिय स्तरबाट माल सामान आउँछ । साथै त्यस्ता व्यक्तिहरूले पहिलेदेखि आफ्नो हैकम जमाएर ठुलो आम्दानी गरेको हुन्छ । त्यस्ता परिवारका महिला कम मात्रामा सहभागी हुन्छन् । त्यसैले धनी मानिसले श्रीमतीलाई घर राख्ने चलन गर्दछन् । त्यसैले महिला कम सहभागी हुने अर्को कारणा पूँजिवादी सोच पनि हो (पहारी, २०६९) ।

जनसंख्याको करिब आधा हिस्सा महिलाको रहेको छ । तर शिक्षा, स्वास्थ्य, आर्थिक क्रियाकलाप, पारिवारिक निर्णय क्रियाकलापमा महिलाहरूलाई ज्यादै कम महत्व दिइन्छ ।

महिलालाई आर्थिक कार्यमा संलग्न गराइनु हुन्न भन्ने समुदाय पनि विद्यमान छ । यसले गर्दा उत्पादन गर्न सक्ने क्षमता, योग्यता, मनोबल भएका महिलाहरू पनि उदासीन बनी आर्थिक क्रियाकलापमा सहभागी बन्न सकेका छैनन् (लुइटेल, २०६२) ।

उपर्युक्त शोध अध्ययन गर्दा नेपाली महिलाहरूको अवस्था विकसित मुलुककोभन्दा दयनीय छ । घरायसी कार्यमा मात्र समय बिताउदा अन्य पक्षमा महिलाको उच्च सहभागिता छैन । एकातिर महिलाहरूलाई निर्णय प्रक्रियामा संलग्न गराइँदैन भने अर्कोतिर महिलाहरू अझैपनि निर्णय प्रक्रियामा संलग्न हुन हिच्किचाउँछन् । उनीहरू विभिन्न आधारमा सामाजिक र आर्थिक रूपमा शोषित छन् । पुरुषहरू कम मात्रामा शारीरिक काममा संलग्न हुन्छन् भने महिलाहरू पुरुषको तुलनामा बढी काम गर्छन् । देशको आधा जनशक्तिको रूपमा रहेका महिलाहरू देश विकासमा सर्वदा संलग्न रहेपनि अशिक्षा, अस्वास्थ्य, गरीबी एवम् रूढीवादी व्यवहारका कारण सम्पत्ति, आय, रोजगार, आर्थिक एवम् अन्य स्रोतको पहुँचबाट टाढा छन् । जबसम्म महिला र पुरुष वर्ग साथसाथै पूर्णरूपमा राष्ट्र उत्थान कार्यमा संलग्न हुँदैनन् । तबसम्म देशको आर्थिक, स्थितिमा सुधार आउन सक्दैन ।


सामाजिक, आर्थिक क्रियाकलापमा महिला सहभागिता अझै पनि सोचे जति गराउन सकिएको छैन । त्यसैले माथि प्रस्तुत गरिएका साहित्यहरूमा महिलाको अवस्था र सहभागिताको बारेमा केही प्रस्ट्याउन खोजेको पाइन्छ । विशेषगरी सामाजिक, आर्थिक क्रियाकलापमा महिला सहभागिता न्यून हुनुमा पितृसतात्मक सोच र महिलाको बहुआयामिक भूमिका रहेको र आर्थिक स्तर वृद्धि गर्न सहकारीको माध्यमबाट विभिन्न पेशा व्यवसाय सञ्चालन गरी तिनीहरूको आर्थिक स्तर उकास्न खोजिएको भन्ने भनाइहरू पाउन सकिन्छ । अधिकांश अध्ययन ग्रामीण क्षेत्रका महिलाहरूको भएका छन् । शहरी महिलाको सामाजिक आर्थिक क्रियाकलापमा कस्तो किसिमको सहभागिता रहेको छ र सहभागिता न्यून हुनुका कारक तत्वहरू के के हुन भन्ने विषयमा पोखरा उपमहानगरपालिका वाड नं ७ का महिलाहरूको हालसम्म कुनै पनि अध्ययन नभएकाले यस शोधकार्य गरिएको छ ।

यस शोधपत्रमा राज्यको सहभागितामूलक विकासका नीतिले महिलाहरूको सामाजिक, आर्थिक क्रियाकलापमा कस्तो प्रभाव पारेको छ एवम् सहभागितको अवस्था र कारकतत्व पत्ता लगाउन जेन्डर दृष्टिकोणबाट विकासमा महिला सिद्धान्त आकर्षित भएको छ । यसै सिद्धान्तलाई अवलम्बन गरी महिलाहरूको आवश्यकता, अनुभव, भूमिका

लगायतका पक्षमा केन्द्रित भई यो शोधपत्र तयार गरिएको हो । सहभागितमूलक विकासका नीतिले महिलाहरूको क्षेत्रमा भएको प्रतिफल के कस्ता रहेका छन् भनेर तिनीहरूको विश्लेषण गरी यथार्थता थाहा पाउनु नै मेरो अध्ययनको फरक पक्ष हो ।

## २.४ अध्ययनको अवधारणात्मक खाका

सान्दार्भिक सामाग्रीको अध्ययनबाट के प्रष्ट हुन्छ भने समाज विकासका लागि महिला र पुरुष दुवैको भूमिका महत्वपूर्ण हुन्छ, जो एक अर्काको परिपूरकको रुपमा रहेका हुन्छन् । विकासका सम्पूर्ण चरणमा महिला र पुरुषको समान सहभागिता र पहुँच स्थापना भएमा मात्र विकासले गति लिने र त्यो विकास दीगो हुने गर्दछ । विकासको अनुभूति समाजका सबै व्यक्तिहरूले समान रुपमा गर्न पाउनु पर्दछ । तर समाजका दुई पक्ष महिला र पुरुष मध्ये अपवादलाई छाडेर महिलाहरूले विकासको अनुभूति गर्न पाएका छैनन् । यसर्थ वास्तविक र दीगो सामाजिक विकासका लागि विकासमा लैङ्गिक दृष्टिकोण अवलम्बन गर्नु आवश्यक छ । हाम्रो परिवेशमा विकासका हरेक क्रियाकलापमा महिलाहरूको सहभागिता न्यून रहनुमा विभिन्न पक्ष रहेका छन् जुन अवधारणात्मक प्रारुपलाई यसरी प्रस्तुत गर्न सकिन्छ ।


सामाजिक क्रियाकलापमा महिला
– पितृसत्तात्मक सोंच
– भेद्भावपूर्ण व्यवहार
– लैङ्गिक विभेद
– बहुआयामिक भूमिका
– परम्परावादी सोच
– कुरिति, कुपरम्परालाई निरन्तरता
– भाग्यवादमा विश्वास
– सामाजिक सुरक्षाको अभाव
– अन्धविश्वासलाई बढवा
– धार्मिक, साँस्कृतिक मुल्य मान्यता
– चेतनाको कमि
– धार्मिक पक्ष
– कानुनी पक्ष
– मनोवैज्ञानिक पक्ष
– राजनैतिक पक्ष
– साँस्कृतिक पक्ष
– सामाजिक पक्ष
– आर्थिक पक्ष
महिला विकास
आर्थिक क्रियाकलापमा महिला
– अशिक्षा
– जागिर नहुनु
– घरको श्रमको मुल्य नहुनु
– पुँजीमा महिलाको स्वामित्व नहुनु
– असमान ज्याला
– पुनरुत्पादक भूमिका
– आर्थिक सशक्तीकरण नहुनु
– गुजार कृषि प्रणाली
– लैङ्गिक समता नहुनु
– पुरुषमा भर पर्नु
– कमजोर कानुनी प्रावधान

# अध्याय तीन

## अनुसन्धान पद्धति

यस अध्यायमा शोध-पत्रको अनुसन्धानमा प्रयोग गरिने विधिहरूको बारेमा उल्लेख गरिएको छ । अनुसन्धानको क्रममा सङ्ख्यात्मक र गुणात्मक तथ्याङ्क र सूचना सङ्कलन गर्न विभिन्न विधिहरू अपनाइने छन् । यस अध्यायमा शोध-पत्रको अध्ययन क्षेत्र छनौटको औचित्य, प्रकृति र स्रोतहरू, तथ्याङ्क सङ्कलन विधि, तथ्याङ्कको विश्लेषण र प्रस्तुतिकरणलाई प्रस्तुत गरिने छ ।

### ३.१ अध्ययन क्षेत्र छनौटको औचित्य

पोखरा अवसरको विभिन्न सम्भावना भएको पर्यटकीय शहर हो । यहां सामाजिक र आर्थिक रूपान्तरणका लागि विभिन्न क्रियाकलाप भएको पाईन्छ । पोखरामा विभिन्न क्षेत्रमा काम गर्ने सामाजिक संस्थाहरू पनि उल्लेख्य रूपमा रहेको पाईन्छ । संस्था मार्फत् पनि विभिन्न सामाजिक आर्थिक अवसरहरू प्राप्त हुन सक्छन् । त्यस्तै सहकारी मार्फत पनि विभिन्न सामाजिक, आर्थिक गतिविधि भएका छन् । यति हुँदाहुँदै पनि यहां सामाजिक र आर्थिक क्षेत्रमा महिलाहरूको सहभागिता न्यून पाईन्छ । र त्यसमा पनि प्रभावकारी सहभागिताको अवस्था त झनै न्यून छ ।

राज्यले दीगो विकासका लागि समान लैङ्गिक सहगागिताको नीति लिएको छ । गैर सरकारी संस्थाबाट पनि महिला सहभागिताका विषयमा व्यापक वहस र अभियानहरू संचालित छन् । पोखरा उपमहानगरपालिका अन्तर्गत टोल विकास संस्था मार्फत पनि महिलाहरूको लागि सामाजिक र आर्थिक क्षेत्रमा सहभागि हुने धेरै अवसरहरू छन् । र पनि महिलाहरूको अर्थपूर्ण सहभागिता हुन सकेको छैन । पोखराको वडा नं ७ अन्नपूर्ण टोल पोखराको केन्द्रमा रहेको टोल हो । जसको आसपासमा महिलाहरूका लागि क्रियाशिल र गतिशील रहने धेरै सम्भावनाहरू देखिन्छन् । त्यसैले शहरी एवम् पर्यटकीय क्षेत्रको केन्द्रमा अवस्थित टोलको महिलाहरूको सामाजिक, आर्थिक क्रियाकलापमा सहभागिताका वारेमा अध्ययन गर्नको लागि अन्नपूर्ण टोल अति नै उपयुक्त क्षेत्र हो र यो विषय पनि अध्ययन गर्नुपर्ने विषय भएकाले यस विषयमा केन्द्रित भएर अध्ययन गरिएको छ ।

## ३.२ अनुसन्धान ढाँचा

यस अनुसन्धानको उद्देश्य प्राप्तिका लागि दुई किसिमका अनुसन्धान ढाँचा प्रयोग गरिएको छ । अध्ययन क्षेत्रका प्रतिनिधिहरूको विस्तृत विवरण लिनको लागि सामाजिक, आर्थिक, शैक्षिक अवस्था, उमेर, पारिवारिक संरचना आदिको सम्बन्धमा वर्णनात्मक अनुसन्धान ढाँचा प्रयोग गरिएको छ । लैङ्गिक दृष्टिकोणको प्रयोग गरि महिलाहरूको सामाजिक र आर्थिक क्रियाकलापमा रहेको सहभागिता पत्ता लगाउन र यसप्रति महिलाहरूको धारणा बुझ्न तथा उनीहरूको आवश्यकता अध्ययन गर्न अन्वेषणात्मक अनुसन्धान ढाँचाको प्रयोग गरिएको छ ।

## ३.३ तथ्याङ्कको प्रकृति र स्रोत

अनुसन्धानमा तथ्याङ्क सङ्कलन कार्य सबैभन्दा महत्वपूर्ण कार्य हो । तथ्याङ्कहरूको सङ्कलन र विश्लेषणबाट नै अनुसन्धानको निष्कर्षमा पुगिने हुँदा यस कार्यलाई प्राथमिकता दिने गरिन्छ । अनुसन्धान प्रकृतिको आधारमा प्राथमिक तथा द्वितीय स्रोतबाट तथ्याङ्कहरू सङ्कलन गर्न सकिन्छ । प्रस्तुत अनुसन्धानमा विशेष गरी प्राथमिक र द्वितीय स्रोतबाट तथ्याङ्क र सूचनाहरू सङ्कलन गरिएको छ । प्राथमिक स्रोतबाट तथ्याङ्क सङ्कलन गर्दा गुणात्मक र सङ्ख्यात्मक दुवै किसिमका तथ्याङ्कहरू सङ्कलन गरिएको छ भने गुणात्मक तथ्याङ्कलाई विशेष प्राथमिकता दिइएको छ र आवश्यकता अनुसार सङ्ख्यात्मक तथ्याङ्क पनि सङ्कलन गरिएको छ । प्राथमिक तथ्याङ्क सङ्कलन गर्नका लागि अध्ययन क्षेत्रमा शोधकर्ताले अन्तरवार्ता अनुसूचि, मुख्य जानिफकार व्यक्तिसँगको अन्तवार्ता, वैयक्तिक अध्ययन विधिहरू अपनाइएको छ । द्वितीय तथ्याङ्क र सूचनाहरू सङ्कलन गर्न विभिन्न लेख, रचना, समिक्षा, प्रकाशन, अभिलेख, पत्रपत्रिका, वेवसाइट, प्रकाशित एवम् अप्रकाशित स्रोतहरू तथा अन्य सम्बन्धित साहित्यको सहयोग लिई तथ्याङ्क सङ्कलन गरिएको छ ।

## ३.४ समग्रता र नमूना छनौट विधि

पोखरा उपमहानगरपालिका वडा नं ७ अन्नपूर्ण टोल बिकास संस्थाको तथ्याङ्क अनुसार यस टोलमा १६० वटा घरधुरि रहेका र यहाँको टोलभर स्थाई रूपमा बसोबास गर्ने जनसंख्या ७१० मध्ये विवाहित  महिला १२० जना रहेका पाइयो । यही जनसंख्यालाई

अध्ययनको समग्रता पूर्ण मानी उक्त महिलाहरूसँग शोधकर्ता पुग्न असमर्थ भएकाले पूर्ण संख्याको ५० प्रतिशतले विभिन्न जातिगत, उमेरगत, आर्थिक, सामाजिक, धार्मिक एवम् एकल महिलाहरूलाई समेट्ने देखिएकोले उद्देश्यमूलक नमूना छनौट विधिको आधारमा ६० जना महिलालाई नमूनाको रूपमा छनौट गरिएको छ । ती प्रत्येक एक घरका एक जना विवाहित महिलामात्र छानिएको छ । ६० जना महिलाहरू यस अनुसन्धानका प्रतिनिधि इकाई रहेका छन् ।

## ३.५ तथ्याङ्क सङ्कलन विधि

तथ्याङ्क सङ्कलन विधि छनौट गर्दा अनुसन्धानको विषय, प्रकृति र उद्देश्यलाई मध्यनजर गरी समय, स्रोत र साधनलाई ख्याल गरेर अनुसन्धानको सहि परिणाम निकाल्न विश्वसनीय तथ्याङ्क तथा सूचना सङ्कलनमा विशेष जोड दिइएको छ । अनुसन्धानको क्षेत्रका महिलाहरूसँग प्रत्यक्ष भेटघाट गरी आवश्यक प्राथमिक तथ्याङ्कहरू सङ्कलन गरिएको छ । प्राथमिक तथ्याङ्कहरू सङ्कलन गर्नका लागि निम्न विधिहरू अवलम्वन गरिएको छ ।

### ३.५.१ अन्तरवार्ता अनुसूचि

नमूनाको रूपमा छनौट भएका महिलाहरूको अन्तरवार्ता अनुसूचिबाट उनीहरूको सामाजिक, आर्थिक, शैक्षिक, धार्मिक अवस्था, समस्या, सहभागिता सम्बन्धी जानकारी लिइएको छ । अनुसन्धानमा खुला र बन्द प्रकृतिका प्रश्नहरूको प्रयोग गरिएको छ । अनुसन्धानकर्ता आफै प्रत्येक उत्तरदातालाई घरघरमा गई अनुसूचि भरिएको छ ।

### ३.५.२ वैयक्तिक अध्ययन

अध्ययनको उद्देश्य अनुसार अनुसन्धानलाई अगाडि बढाउन अन्वेशषणात्मक ढाँचा भित्र रही महिलाहरूको सामाजिक तथा आर्थिक क्रियाकलापमा रहेको सहभागिताको अवस्था र असर पार्ने तत्वको खोजी गर्नुपर्ने हुदा व्यक्तिगत अवस्था, समस्या, अनुभव र आवश्यकता पत्ता लगाउन नमुना छनौटमा पारिएका ८ जना महिलाको वैयक्तिक अध्ययन गरिएको छ ।

### ३.५.३ मुख्य जानकारसँगको अन्तर्वार्ता

समुदायमा रहेका त्यस्ता व्यक्ति जो समुदायमा रहेर महिलाका तथा अन्य सामाजिक क्षेत्रमा विभिन्न पदमा रही लामो समय काम गरेका छन् जसबाट धेरै जानकारी प्राप्त गर्न सकिन्छ । त्यस्ता ५ जना जानकारसँग अन्तवार्ता लिई यस खोजको उद्‌देश्य पूरा गर्न खोजिएको छ । गुणात्मक तथ्याङ्क सङ्कलन गर्न ती जानकार व्यक्तिहरूवाट उनीहरूले भोगेका बुझेका समस्याहरू, चूनौतीहरूको वारेमा सत्यतथ्य सङ्कलन गरिएको छ ।

## ३.६ तथ्याङ्क प्रस्तुतीकरण र विश्लेषण

सङ्कलन गरिएका तथ्याङ्कहरूलाई आवश्यकता अनुसार वर्णनात्मक र विवरणात्मक रूपमा विश्लेषण गरिएको छ । सामन्यतया प्राप्त तथ्याङ्कहरूलाई तालिका तथा चित्रमा सङ्ख्या र प्रतिशतको रूपमा व्याख्या गरिएको छ  भने अन्य तथ्याङ्कहरूलाई व्याख्यात्मक रूपमा विश्लेषण गरी प्रस्तुत गरिएको छ । साथै अनुसन्धानका लागि आवश्यक सूचनाहरू सङ्कलन गरी विश्लेषण समेत गर्न प्रयास गरिएको छ ।  स्तम्भ चित्र, वृत्त चित्र आदिको पनि प्रयोग गरी सङ्कलित तथ्याङ्कहरूलाई अझ स्पष्ट रूपमा तथ्याङ्क विश्लेषण गरिएको छ ।

# अध्याय चार

## अध्ययन क्षेत्र र सामाजिक-साँस्कृतिक अवस्थाको विश्लेषण

### ४.१ परिचय

नेपालको सुन्दर रमणीय पर्यटकीय शहर, फेवातालको पृष्ठभूमिमा अन्नपूर्ण हिमश्रृङ्खला पहाडी प्रदेश, गण्डकी अञ्चल कास्की जिल्ला पश्चिमाञ्चल विकासक्षेत्रको सदरमुकाम पोखरा पर्दछ । वि.सं.२०१६ सालमा पोखरा उपत्यकाको स्थापना तथा नामाकरण गरिएको र २०५२ सालमा पोखरा उपमहानगरपालिकाको रूपमा स्थापना भइसकेको छ । सुन्दर प्राकृतिक सम्पदाहरू ताल तलेया, गहिरो र साँगुरा गल्छीहरू, हरिया वनजङ्गल, माछापुच्छ्रे र अन्नपूर्ण हिमाली श्रृङ्खला आदिको मनमोहक दृश्य पोखराबाट देख्न सकिन्छ । नेपालको दोस्रो ठूलो शहर पोखराबाट पूर्वमा लेखनाथ नगरपालिका, आर्वा, काहूँ गाविसहरू, पश्चिममा सराङ्गकोट, पुम्दीभुम्दी गाविस पर्दछ । त्यसैगरी उत्तरमा भलाम, अर्मला गाविस, दक्षिणमा भरतपोखरी, निर्मलपोखरी, कृस्तिनाच्नेचौर गाविस पर्दछन् (सूचना तथा अभिलेख केन्द्र, पो.उ.म.न.पा. २०६८) ।

#### ४.१.१ जनसङ्ख्या

हालसम्म पाइएका ऐतिहासिक दस्तावेजको आधारमा भन्दा पोखरा उपत्यकामा बस्तीको विकास वि.सं.१८५० देखि भएको अनुमान गरिन्छ । २०५८ सालको जनगणना अनुसार पोखराको जनसङ्ख्या १५६,३१२ रहेको छ । यस उपमहानगरपालिकाको वार्षिक औषत जनसङ्ख्या बृद्धिदर करीब ७.४१ प्रतिशत रहेको अनुमान छ भने औषत जनघनत्व ३८४८८३ वर्ग कि.मी. रहेको छ । जसमा ब्राह्मण प्रथम स्थानमा ३५,६९७ छन् भने दोस्रो स्थानमा क्षेत्री जातिको ३३.७९५ र तेस्रो स्थानमा गुरुङ २३,९६५ रहेका छन् । (बराल, २०६०) । पोखरामा जम्मा घरधुरी सङ्ख्या ३७,३०५ रहेका छन् । महिला ७६,७४९ र पुरुष ७९५६३ रहेका छन् (जनगणना, २०५८) ।

यहाँ ब्राह्मण, क्षेत्री, नेवार, गुरुङ, तामाङ, थकाली, राई, ठकुरी, मगर, दमाई, कामी, सार्की, पोडे, गाइने आदि जनजातिको बसोबास रहेको छ । यहाँको बासिन्दाले मानिआएको धर्ममा हिन्दू, बौद्ध, क्रिश्चियन, मुस्लिम प्रमुख रूपमा पर्दछन् । दशैं, तिहार, तिज,

जनैपूर्णिमा, फागू पूर्णिमा, शिवरात्री, बुद्ध पूर्णिमा, ठूली एकादशी, माघे संक्रान्ती, ल्होंसार, इद, क्रिसमस आदि चाडपर्वहरू यहाँ मनाउने गर्दछन् । यहाँका मानिसहरूको प्रमुख पेशा व्यापार, कृषि, सरकारी एवम् गैह्रसरकारी क्षेत्रमा सेवा, विदेशमा सेवा आदि रहेका छन् (सूचना तथा अभिलेख केन्द्र पो.उ.म.न.पा., २०६८) ।

## ४.१.२ धार्मिक तथा पर्यटकीय स्थल

धार्मिक दृष्टिले हेर्दा पोखरालाई मठ र मन्दिरको सहरभन्दा पनि हुन्छ किनकि यहाँ मन्दिरको सङ्ख्या धेरै छ । देवी पञ्चाङ्ग मन्दिर शंकर मन्दिर वडा नं.१, वडा नं.२ मा विन्ध्यवासिनी मन्दिर, ३ मा राधाकृष्ण मन्दिर, नारायणस्थान, वडा नं. ४ मा सर्वेश्वर महादेव, गणेश मन्दिर, बुढानिलकण्ठ मन्दिर, बालगोपाल मन्दिर, वडा नं.५ मा लक्ष्मी नारायण मन्दिर, सुनसरी देवी मन्दिर, वडा नं.६ मा प्रसिद्ध ताल बाराही, केदारेश्वर महादेव मन्दिर, वडा नं. ७ मा पुश्करेश्वर महादेव मन्दिर, राधाकृष्ण मन्दिर, वडा नं.८ मा गणेश मन्दिर, जाल्पा मन्दिर, वडा नं.९ मा चण्डी मन्दिर, महादेव मन्दिर, वडा नं. १० मा श्रीकृष्ण मन्दिर, वडा नं. ११ मा गीता मन्दिर, महाकालेश्वर मन्दिर, राममन्दिर रामचौचारी, सिद्धेश्वर मन्दिर, वडा नं.१२ मा माटेपानी गुम्बा, मस्जिद, शितलादेवी मन्दिर, वडा नं. १३ मा भद्रकाली मन्दिर, मस्जिद, वडा नं.१४ मा शिव मन्दिर, राधाकृष्ण मन्दिर, वडा नं.१५ मा कृष्ण मन्दिर, सत्यनारायण मन्दिर, शिव मन्दिर, वडा नं. १६ मा चण्डिका, सन्तनिश्वर मन्दिर, वडा नं.१७ मा राम मन्दिर, शिवहरि मन्दिर, नमोबुद्ध गुम्बा, गुप्तेश्वर महादेव मन्दिर, वडा नं.१८ मा मनकामना देवीस्थान नागस्थान मन्दिरहरू रहेका छन् (सूचना अभिलेख, पो.उ.म.न.पा. २०६८) । पोखरा यसै पनि पर्यटकीय सहरको रूपमा घोषणा भइसकेको र यहाँको मुख्य पर्यटकीय स्थलहरूमा फेवाताल, डेभिजफल, कमलपोखरी, महेन्द्रगुफा, चमेरेगुफा, गुप्तेश्वर महादेव गुफा, विन्ध्यवासिनी मन्दिर आदि पर्दछन् ।

## ४.१.३ आर्थिक अवस्था

पोखरा उपमहानगर क्षेत्र भित्र दुई वटा मुख्य सिंचाई आयोजना संचालित रहेका छन् । (क) पोखरा जलउपयोग तथा सिंचाई आयोजना सेती सिंचाई प्रणाली, पोखरा १७ (ख) फेवाताल बाँध सिंचाई प्रणालीका सुविधाहरू रहेका छन् । जम्मा खेतीयोग्य जग्गा १२६१ हे. खेत ८५६ हे., पाखो २७३ हे., अन्य १३२ हेक्टर रहेको छ । त्यसमा सिंचाई सुविधा भएको जग्गा ८५६ हेक्टर ६७.८८ प्रतिशत रहेको छ । कृषि उत्पादनमा खाद्यान्न बालीमा धान,

गहुँ, मकै, कोदो, दालहरूमा बोडी, केराउ, भटमास, तेलहरूमा तोरी, सर्स्यु, तरकारीमा आलु, प्याज, फर्सी, गोलभेंडा, सिमी, बोडी, काँक्रो, फर्सी, मुला, साग, घिरौंला, खुर्सानी, भन्टा, बन्दा आदि उत्पादन हुने गर्दछन् । फलफूलमा केरा, अम्बा, नासपती, सुन्तला, निबुवा, कागती, लप्सी आदि पर्दछन् । रोजगारीको अवस्था वा आम्दानी कृषिबाट ७.५५ प्रतिशत उपयोग व्यापारबाट ३७.८५ प्रतिशत, सेवा नोकरीबाट ३९.५७ प्रतिशत, होटल पर्यटनबाट ४.४७ प्रतिशत, अन्यबाट १०.५६ प्रतिशत मुख्य आम्दानी हुने गर्दछन् । मुख्य आर्थिक स्रोत कृषि पर्यटन, व्यापार उद्योग रहेको देखिन्छ (सूचना तथा अभिलेख केन्द्र, पो.उ.म.न.पा., २०६८) ।

### ४.१.४ शिक्षा र महिलाको स्थिति

कास्की जिल्ला पोखरा उपमहानगरको साक्षरता ७८.२१ प्रतिशत रहेको छ । महिला ६८.८४ प्रतिशत र पुरुष ८७.३० प्रतिशत साक्षर रहेको देखिन्छन् (शिक्षा साक्षरता, २०५८) । वि.सं.२०५८ सालको जनगणना अनुसार नेपालको कुल साक्षरताको स्थिति ५३.७४ प्रतिशत छ जसमा पुरुष ६५.०८ प्रतिशत र महिला ४२.४९ प्रतिशत मात्र देखिन्छ । राष्ट्रिय समस्याको रूपमा रहेको महिलाको सामाजिक आर्थिक, लैङ्गिक समस्याले पोखरा अन्नपपूर्ण टोलमा मा पनि जरा गाडेको छ । यहाँका अधिकांश महिलाहरू शिक्षा तथा रोजागरीमा पछाडि परेका छन् जसले गर्दा निर्णय प्रक्रियामा समेत पछाडि परेका छन् । पितृसत्तात्मक धार्मिक मूल्यमान्यता, हिन्दूधर्म परम्परामा आस्था बढी राख्ने समाज तथा घरपरिवार भएकाले आफूलाई अगाडि लैजान सकेका छैनन् र पुरुषको दाँजोमा बढी पारिवारिक जिम्मेवारी तथा पारिश्रमिक गर्नुपरेको र अधिकांश महिलाहरू सानै उमेरमा विवाह हुनुपरेकोले आफू गृहणी हुनुपरेको देखिन्छ । पुरुषको तुलनामा महिलाले पढ्ने अवसर नपाएको जहाँ पुरुषहरू ९ घण्टा काम गर्छन् भने महिलाहरूको कार्यबोझ १६ घण्टा रहेको छ ।

### ४.१.५ अध्ययन क्षेत्र अन्नपूर्ण टोलको परिचय

अन्नपूर्ण हिउ श्रङ्खला र माछापुच्छ्रे हिमालको काखमा अवस्थित विश्व कै प्राकृतिक सम्पदाले भरिपूर्ण पोखरा शहरको वडा नं ७ मा पर्ने अन्नपूर्ण टोलको पुर्वमा पोखरा एयरपोर्ट, पश्चिममा माछापुच्छ्रे टोल, उत्तरमा सिमलचौर र दक्षिणमा मुस्ताङ्चोक रहेको छ । सुरुमा ढाँड भनेर चिनिने यो क्षेत्र हाल अन्नपूर्ण टोलको रुपमा रहेको छ । २०६२


सालदेखि पोखरा उपमहानगरपालिकाले टोल विकास संस्थाको अवधारणा ल्याएपछि यस क्षेत्रलाई अन्नपूर्ण टोल विकास संस्थाका रुपमा नामाकरण गरिएको स्थानीय राजनीतिकर्मि युवराज पराजुलीको भनाई रहेको छ । टोलबासीमा अन्नपूर्ण जस्तै भरिभराउ तथा पूर्णता एवम् समृद्धिको कामना सहित टोलको नाम अन्नपूर्ण राखिएको पाईन्छ । अन्नपूर्ण टोल विकास संस्थाको तथ्याङ्क अनुसार टोलभरि १६७ घरधुरि रहेको र टोलभर स्थायी रुपमा बसोबास गर्नेको जनसंख्या ७१० रहको छ । जसमध्ये महिलाको संख्या ४०३ र पुरुषको संख्या ३०७ रहेको छ । भने विवाहित महिलाको संख्या १२० जना रहेको छ । ७ वटा घरधुरीमा भने घरका व्यक्ति कोहि पनि नबसी पूरै भाडामा दिएको अवस्था रहेको छ । जातिगत हिसाबमा ब्राहमण, क्षेत्री, गुरुङ, मगर र नेवार जातीको बसोबास भएको यो क्षेत्रमा दलित जातिका व्यक्तिहरूको भने हालसम्म बसोबास रहेको छैन् । अन्यत्रबाट बसाई सराई गरेर आएका व्यक्तिहरूको बाहुल्यता रहेको यस क्षेत्रमा इन्जिनियर, वकिल, पत्रकार, बैंकर्स, शिक्षक, राजनीतिकर्मि, समाजसेवी, व्यापारी, राष्ट्र सेवक जस्ता विभिन्न पेशा व्यवसायमा संलग्न व्यक्तिहरू बस्दछन् । यस टोलमा रहेका व्यक्तिहरूमा आपसी सद्भाव तथा सद्विश्वास रहेको पाईन्छ । यस टोलमा प्राय सबै सडकहरू कालो पत्रे भएका छन् भने खानेपानी, विजुली, टेलिफोन लगाएतका प्राय सबै आधुनिक सुविधा उपलब्ध रहेका छन् । व्यापार व्यवसायको हिसाबले अलि पछि परेको यो टोललाई रेसीडेन्टल एरियाका रुपमा चिनिन्छ । यस टोलमा तथा आसपासमा आर्थिक कारोवार गर्ने रत्नपूरि सहकारी संस्था र सामाजिक कार्य गर्ने अन्नपूर्ण टोल विकास संस्था, ढाँड आमा समूह, अन्नपूर्ण सामिप्य महिला समूह, मानव मिलन नारी जागरण नेपाल, अन्नपूर्ण दीगो विकास केन्द्र रहेका र नीजि शैक्षिक संस्था हिमाञ्चल बोर्डिङ स्कुल रहेको पाइन्छ । पोखराको पर्यटकीय क्षेत्र लेकसाइडको नजिक रहेको यस टोल पोखराको केन्द्रमा रहेको छ ।

## ४.२ उत्तरदाताको सामाजिक-साँस्कृतिक अवस्था

महिलाहरूको सामाजिक, आर्थिक क्रियाकलापमा कम सहभागिता हुनुमा महिलाका उमेर, जात जाति, भाषा, धर्म, वैवाहिक स्थिति, पारिवारिक संरचना, परिवारको प्रकार, बच्चा उत्पादनको स्थिति, परिवारको आम्दानीको स्रोत, शिक्षाको तह, महिलाको पेशा आदिले पनि प्रत्यक्ष र अप्रत्यक्ष रूपमा प्रभाव पार्ने भएकाले यस अध्ययनमा उक्त चलहरूलाई सामान्य परिचयका रूपमा प्रस्तुत गरिएको छ ।

## ४.२.१ उमेर

उमेर समूह महिलाहरूको सामाजिक आर्थिक कृयाकलापमा सहभागिता हुनुमा प्रभाव पार्ने तत्व मध्ये एक महत्वपूर्ण तत्व हो । उमेरकै आधारमा सामाजिक र आर्थिक हैसियत निर्धारण हुने गर्दछ । व्यक्तिको काम गर्ने समय, कामको प्रकार तथा निर्णय प्रक्रियामा उमेरको प्रभाव रहेको हुन्छ । उमेर जैविकीय आधारमा निर्धारण हुने हुदां यो निश्चित प्रकारको हुन्छ । सामाजिक अधिकार, सामाजिक महत्व, दायित्व, कर्तव्य र आदि सर्न्दभमा समाजमा उमेरले प्रत्यक्ष प्रभाव पार्दछ । यस अध्ययनमा विवाहित विभिन्न उमेर समूहका महिलाहरूलाई समेटिएको छ । तलको तालिकामा उत्तरदाताको उमेर समूहलाई प्रस्तुत गरिएको छ ।




**चित्र ४.१ : उत्तरदाताको उमेरगत विवरण**

चित्र नं ४.१ ले उमेरको आधारमा उत्तरदाताहरूको संरचनालाई देखाएको छ । यस अध्ययन अनुसार ६० जना उत्तरदाताहरूमा २०–३० वर्ष उमेर समूह सम्मको उत्तरदाताको सङ्ख्या १० जना वा १७ प्रतिशत रहेको छ भने ३०–४० वर्ष उमेर समूह सम्मको उत्तरदाताको सङ्ख्या १२ जना वा २० प्रतिशत रहेको छ । ४०–५० वर्ष उमेर समूह सम्मको उत्तरदाताको सङ्ख्या १८ जना वा ३० प्रतिशत रहेको छ । ५०–६० वर्ष उमेर समूह सम्मको उत्तरदाताको सङ्ख्या १८ जना वा ३० प्रतिशत रहेको छ र ६० वर्ष

भन्दा माथिका उत्तरदाताको सङ्ख्या २ जना वा ३ प्रतिशत रहेको छ । यसबाट के बुझिन्छ भने कम उमेर र बढी उमेरका महिलाहरू भन्दा बीचको उमेर समूहका महिला उत्तरदाताको रूपमा बढी संलग्न रहेको पाईयो ।

## ४.२.२ शिक्षा

शिक्षा नै मानव जीवनमा विकासको मूख्य आधार हो । शिक्षाले मानिसको सामाजिक, आर्थिक स्थितिमा सुधार ल्याउँछ । महिलाको शैक्षिक स्थितिले मानवको सम्पूर्ण पक्षमा महत्वपूर्ण भूमिका खेल्दछ । शिक्षाले महिलालाई समाजमा नेतृत्वदायी भूमिका निर्वाह गर्ने र निर्णय गर्नमा आत्माबल प्रदान गर्दछ । शिक्षाका कारणले नै महिलाहरूलाई रोजगारीको अवसर प्राप्त हुने र अन्य पेशा व्यवसायहरूमा संलग्न हुने ढोका खुल्दछ । नेपालमा महिलाहरूको साक्षरता दर निम्न रहेको छ । त्यसको प्रभाव प्रत्येक परिवार र समाजमा परेको छ । शिक्षाले नै महिलालाई सशक्तिकरण तिर लैजान्छ साथै ज्ञान, क्षमता, आत्माविश्वास जस्ता कुराको वृद्धि विकास भएमा मात्र महिलाहरू विकास प्रकृयामा सहभागि हुन सक्दछन् र विकास दीगो हुन जान्छ । त्यसैले शिक्षा विकासको एक महत्वपूर्ण पक्ष हो ।

तालिका ४.१ : उत्तरदाताको शैक्षिक स्थिति


| शैक्षिक योग्यता | उत्तरदाता सङ्ख्या | प्रतिशत |
|---|---|---|
| निरक्षर | ८ | १३ |
| साक्षर | १६ | २७ |
| प्राथमिक तह | २ | ३.५० |
| निमावि तह | २ | ३.५० |
| मावि तह | ८ | १३ |
| एस एल सी | ६ | १० |
| प्रमाणपत्र तह | १० | १७ |
| स्नातक तह | ८ | १३ |
| स्नाकोत्तर तह | – | |
| **जम्मा** | ६० | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७१ ।

तालिका नं ४.१ अनुसार कुल ६० जना उत्तरदाता महिलाहरूमध्ये ८ जना अर्थात १३ प्रतिशत महिला निरक्षर, साक्षरको सङ्ख्या १६ जना वा २७ प्रतिशत रहेको छ भने प्राथमिक तह र निमावि तह पढेकाको सङ्ख्या २, २ जना अर्थात ३.५०,३.५० प्रतिशत रहेको छ । मावि तहसम्मको सङ्ख्या ८ जना वा १३ प्रतिशत रहेको छ । एस.एल.सी. सम्म पढेकाको सङ्ख्या ६ जना वा १० प्रतिशत रहेको छ । प्रमाणपत्र तहसम्म अध्ययन गरेकाको सङ्ख्या १० जना १७ प्रतिशत रहेका छन् भने स्नातक तहसम्म अध्ययन गरेकाको सङ्ख्या ८ जना वा १३ प्रतिशत रहेको छ । जस अनुसार ६० जना उत्तरदाता महिलाहरू मध्ये उच्च शिक्षा हासिल गरेका महिलाहरूको सङ्ख्या न्यून देखिन्छ । शिक्षा नै महिलाहरूलाई रोजगारीको अवसर प्राप्त हुने र अन्य पेशा व्यवसायहरूमा संलग्न हुने अथवा सामाजिक–आर्थिक क्रियाकलापमा लाग्ने आधार हो

### ४.२.३ धार्मिक संरचना

नेपाली समाजमा हिन्दू धर्म मान्नेको जनसङ्ख्या बढी रहेको छ । हिन्दू धर्म अनुसारका मूल्य मान्यताहरूले पुरुषलाई उच्च स्थानमा राखेका छन् । महिलाहरू घरभित्रका काममा लाग्नुपर्ने र पुरुषहरूले बाहिरबाट कमाएर ल्याएर घरव्यवहार चलाउनुपर्ने कामको बिभाजन जस्ता परम्परावादी सोच अझै विद्यमान छ । हिन्दू धर्मको मान्यता अनुसार महिलाहरू पुरुषहरूका सहयोगीमात्र हुन जुन मान्यताले महिलाहरूको विकासमा वाधा ल्याएको छ ।




चित्र ४.२ : धार्मिक संरचनाको आधारमा उत्तरदाताको अवस्था

चित्र नं ४.२ अनुसार कूल ६० जना उत्तरदाता महिलाहरू मध्ये ५५ जना महिलाहरू अथवा ९२ प्रतिशत महिलाहरू हिन्दू धर्म मान्ने र ५ जना अथवा ८ प्रतिशत महिलाहरू बौद्ध धर्म मान्ने देखिन्छ । यसमा पनि हिन्दू धर्मको रुढीबादी मान्यताले महिलाहरूलाई सामाजिक र आर्थिक क्रियाकलापमा संलग्न गराउन सक्ने परिवेशको सृजना गराउनमा बाधक बन्ने कुरामा दुई मत हुन सक्दैन ।

### ४.२.४ जातजाति

नेपाल एक बहुजाति बहुभाषी देश हो । त्यसैले पृथ्वीनारायण शाहले नेपाललाई ४ जात ३६ वर्णको फूलवारी भनेका थिए । यहाँ विभिन्न जात र जनजाति बसोबास गर्दै आएको पाईन्छ । विभिन्न जातजातिहरूका महिलाहरूको सामाजिक आर्थिक स्तर र निर्णय प्रक्रियामा भिन्न भिन्न भूमिका रहेको पाईन्छ । तलको तालिकामा यस अध्ययन क्षेत्रको जातिगत आधारमा महिलाहरूको जनसङ्ख्याको बनावटलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ ।

**तालिका ४.२ : महिलाको जातिगत विवरण**

| जातजाति | उत्तरदाताको सङ्ख्या | प्रतिशत |
|---|---|---|
| ब्राहमण | २६ | ४३ |
| क्षेत्री | २२ | ३७ |
| गुरुङ | ५ | ८.५० |
| मगर | ५ | ८.५० |
| नेवार | २ | ३ |
| **जम्मा** | ६० | १०० |


स्रोत : स्थलगत सर्वेक्षण २०७१

तलिका नं ४.२ अनुसार ब्राहमणको सङ्ख्या २६ अर्थात् ४३ प्रतिशत छ । क्षेत्रीको सङ्ख्या २२ अर्थात् ३७ प्रतिशत रहेको छ । त्यस्तै गुरुङ र मगरको सङ्ख्या ५, ५ अर्थात् ८.५०, ८.५० प्रतिशत रहेको छ र नेवारको सङ्ख्या २ अथवा ३ प्रतिशत रहेको छ । जहाँ ८० प्रतिशत सङ्ख्या ब्राह्मण र क्षेत्रीको रहेको पाइयो भने २० प्रतिशत सङ्ख्या मात्र जनजातिहरूको रहेको पाइयो । गुरुङहरूको घरको सङ्ख्या धेरै रहेको पाइए पनि घरमा

नबसेका वा भाडामा दिएको अवस्था रहेको छ । यस टोलमा रहेका गुरुङहरूको घरमा अधिकांश व्यक्तिहरू विदेशमा रहेको पाइयो भने ब्राह्मण र क्षेत्रीको बाहुल्यता रहेको पाइयो ।

### ४.२.५ पारिवारिक संरचना

प्रत्येक व्यक्ति परिवारमा बस्दछ । परिवारको माध्यमबाट नै व्यक्तिले आफ्नो व्यक्तित्व निर्माण गर्दछ । परिवारबाट व्यक्तिले माया ममता, सुरक्षा र अवसर प्राप्त गर्दछ । परिवारको संरचनाले पनि व्यक्तिको व्यक्तित्व निर्माणमा प्रत्यक्ष परोक्ष प्रभाव पारेको हुन्छ । परिवारको संरचनालाई दुई किसिमले विभाजन गर्न सकिन्छ । एकल परिवार र संयुक्त परिवार । एकल परिवार भन्नाले बाबु आमा, छोरा छोरीहरू एकै घरको छानामुनी बसोबास गर्नुलाई बुझाउँछ भने संयुक्त परिवार भन्नाले तीन पुस्ता वा सासु ससुरा, श्रीमान् श्रीमती र तीनका छोरा छोरी, देवर जेठाजु, नन्द अमाजु आदि सबै एउटै घरको छानामुनी एकै भान्छामा खानपिन गर्नुलाई बुझाउँदछ । यस अध्ययन क्षेत्रमा एकल र संयुक्त किसिमको परिवारको संरचना रहेका छन् । जसलाई तलको चित्रमा देखाइएको छ ।





चित्र ४.३ : पारिवारिक संरचना

चित्र नं ४.३ अनुसार उत्तरदाताहरूको पारिवारिक संरचनालाई हेर्दा ३५ जना वा ५८ प्रतिशत एकल परिवारमा बस्दछन् र २५ जना वा ४२ प्रतिशत संयुक्त परिवारमा बस्ने देखिन्छ । जसमा एकल परिवार हुने उत्तरदाताहरू बढी देखिन्छ ।

### ४.२.६ बसाई सराईको अवस्था

एक ठाँउबाट अर्को स्थानमा अस्थाई वा स्थाई रूपमा गई बसोबास गर्नुलाई बसाई सराई भनिन्छ । बसाई सराईले व्यक्तिले जीवनमा ठूलो प्रभाव पारेको हुन्छ । पुरानो ठाँउ छोडेर नयाँ ठाँउमा आफू अनुकूलन हुन व्यक्तिलाई समय लाग्छ भने नयाँ ठाँउको रहन सहन बुझ्न र सोही अनुसार चल्न र व्यवहार आदान प्रदान गर्न पनि समय लाग्ने हुन्छ । त्यसैले बसाई सराईले व्यक्तिको सामाजिक र आर्थिक क्रियाकलापमा संलग्न हुन का लागि र आफ्नो विकासका लागि ठूलो भूमिका खेलेको हुन्छ । तलको वृत्तचित्रबाट उत्तरदाता महिलाहरूको बसाई सराईको अवस्थाका वारेमा बुझ्न सकिन्छ ।




**चित्र ४.४: उत्तरदाताको बसाई सराईको अवस्था**

चित्र नं ४.४ अनुसार कूल ६० जना उत्तरदाता महिलाहरूमध्ये ४८ जना वा ८० प्रतिशत महिलाहरू अन्यत्रबाट बसाईसराई गरेर आएका परिवार अन्तर्गत छन् भने १२ जना अर्थात् २० प्रतिशत महिलाहरू पुर्खौलीदेखि नै यही बस्दै आएका परिवारमा छन् । जसमा बसाई सराई गरेर आएका परिवारका महिलाहरूको सङ्ख्या बढी रहेको देखिन्छ ।

### ४.२.७ वैवाहिक उमेरको अवस्था

उत्तरदाताको वैवाहिक आधारलाई हेर्दा ६० जना महिलाहरू नै विवाहित महिला रहेका छन् । विवाह हुँदाको उमेरले पनि महिलाको जीवनमा ठूलो प्रभाव पार्ने गर्छ । परिपक्क भएर विवाह गर्दा महिलाहरूमा निर्णय गर्ने क्षमता उच्च रहन्छ । जसको कारण महिलाहरूले कुन समयमा के गर्ने भनी समय र भूमिकालाई व्यवस्थापन गर्न सक्छन् । सानो उमेरमा विवाह हुदा महिलाहरूको शिक्षा र रोजगारमा असर पर्ने हुन्छ  र विकासमा प्रभाव पार्दछ । नेपालको कानुनमा पुरुषको २१ वर्ष र महिलाको १८ वर्ष विवाहको उमेर तोकेको छ । तर पनि कानुन विपरित सानो उमेरमा छोरीको विवाह गरिदिने प्रचलन नेपाली समाजमा रही आएको छ । तर पनि सानो उमेरमा विवाह गरेका र गरिदिने अभिभावकलाई कुनै कानुनी कार्वाही भएको देखिदैन् । नेपाली समाजमा विभिन्न धार्मिक तथा साँस्कृतिक मान्यताका आडमा महिलाहरूमाथि अन्याय भएको पाइन्छ । विवाह पश्चात् महिलाले छोरी हुँदा जस्तो माया र स्वतन्त्र पाउन सक्दिन । आफ्नो जीवनमा आफ्नो लागि आफै निर्णय गर्न पाउदिन र सम्पूर्ण रूपमा ऊ श्रीमान्मा निर्भर हुनुपर्ने हुन्छ । तलको  तालिकामा उत्तरदाता महिलाहरूको कुन उमेरमा विवाह भएको थियो भनी देखाइएको छ ।

**तालिका ४.३ : उत्तरदाताको वैवाहिक उमेरको अवस्था**

| उत्तरदाताको वैवाहिक उमेर | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| १५–२० | ४४ | ७३ |
| २०–२५ | १२ | २० |
| २५–३० | ४ | ७ |
| ३० माथि | ० | ० |
| **जम्मा** | **६०** | **१००** |


स्रोत : स्थलगत सर्वेक्षण, २०७१ ।

तालिका नं ४.३ अनुसार कूल ६० जना उत्तरदाता महिलाहरू मध्ये १५ देखि २० वर्षभित्र विवाह भईसकेका महिला  ४४ जना (७३%) भएको देखिन्छ भने २० देखि २५ वर्षमा विवाह भएका १२ जना (२०%), २५ देखि ३० वर्षमा विवाह भएका महिला ४ जना (७%), रहेको देखिन्छ । ३० वर्ष र सो भन्दा माथि विवाह हुने महिला कत्ति पनि देखिदैन । यसरी हेर्दा ६० जना उत्तरदाताहरू मध्येमा महिलाहरूको विवाह १५ देखि २० वर्षभित्र

भइसकेको देखिन्छ । पितृसत्तात्मक सामाजिक मूल्य मान्यताले महिलाको सानै उमेरमा विवाह भएको देखिन्छ । जसको कारण महिलालाई आत्मानिर्भर बन्न र व्यक्तित्व विकास गर्नमा श्रीमान् र परिवारबाट सहयोग हुन सके मात्र सम्भव हुन्छ । यो अवस्था महिला विकासका लागि वाधकका रूपमा रहेको छ ।

## ४.२.८ पेशा

पेशाले कुनै पनि व्यक्तिको आर्थिक र सामाजिक स्तरलाई निर्धारण गर्दछ । पेशाले नै घरपरिवारको जीवन स्तर वृद्धि गर्न मद्धत गर्दछ । पेशा तथा आम्दानीले व्यक्तिको आर्थिक स्तरलाई जनाउँछ । आर्थिक क्रियाकलापमा लागेका महिलाहरूको आत्मबल बढ्छ र निर्णय प्रक्रियामा बढी सक्रिय हुन्छन् । पेशामा संलग्न महिलाहरू आत्मा निर्भर हुने हुंदा आश्रित जनसङ्ख्याको दर कम हुने र विकास दीगो हुन्छ । त्यसैले दीगो विकासका लागि महिला विकास र महिलाको विकासका लागि महिलाहरूलाई बढी भन्दा बढी पेशा व्यवसायमा संलग्न गराउने वातावरण हुन जरुरी छ । तलको चित्रमा उत्तरदाताको मूख्य पेशालाई देखाइएको छ ।




चित्र ४.५ : उत्तरदाताको पेशागत अवस्था

चित्र नं ४.५ अनुसार कूल ६० जना उत्तरदाता महिलाहरूको पेशालाई हेर्दा ४० जना (६७%) गृहिणी उत्तरदाता भएको देखिन्छ । त्यसैगरी व्यापारी ८ जना (१४%), कृषिमा २ जना (३%), समाजसेवामा २ जना (३%) र विद्यार्थी २ जना (३%) महिला संलग्न रहेको देखिन्छ । सबै भन्दा धेरै महिलाहरू घरभित्रको कार्यमा व्यस्त रहेको देखियो । व्यापार तथा नोकरीमा संलग्न महिलाहरू कम रहेका छन् भने शहरी समाज भएको हुनाले कृषिमा संलग्न महिलाहरू पनि कम रहेका छन् । धेरै सङ्ख्यामा महिलाहरू आर्थिक रूपले श्रीमान् माथि निर्भर छन् जुन पितृसत्ताको उपज हो र विकासको मूख्य कारक हो ।

# अध्याय पाँच

## सामाजिक तथा आर्थिक क्रियाकलापमा महिला सहभागिताको अवस्था

पुरुष प्रधान समाज भएको कारणले नेपाली समाजमा आर्थिक स्रोत साधनमाथि महिलाको पहुँच र नियन्त्रण कम रहेको छ । घर परिवारभित्रका आर्थिक क्रियाकलापहरू महिलाहरूले गर्ने गरेको पाइन्छ भने घरभन्दा बाहिर गएर गर्नुपर्ने कार्यहरू प्रायः पुरुषहरूले गर्ने गर्दछन् । नेपालको अर्थतन्त्र कृषिमा आधारित भएकोले कृषिसम्बन्धी क्रियाकलाप र पशुपालनमा महिलाहरूको भूमिका अत्यधिक रहने गरेको छ । तर महिलाहरूले गर्ने अधिकांश आर्थिक क्रियाकलाप अवैतनिक र निर्वाहमुखी हुने भएकाले राष्ट्रिय आयमा उनीहरूको श्रमलाई गणना गर्न सकिएको अवस्था छैन ।

लैङ्गिक दृष्टिकोणबाट आर्थिक स्रोत साधनमा लामो समयदेखि असमान वितरण हुँदा महिलाहरू विकासको वृहत्तर प्रक्रियामा सहभागी हुन र योगदान पुऱ्याउन पुरुषहरू सरह सक्षम छैनन् । शिक्षा र रोजागरीमा बृद्धि भएको कारण महिलाको आर्थिक सशक्तिकरणको क्षेत्रमा उल्लेखनीय प्रगति भए पनि विभेदकारी मान्यता र व्यवहारका कारण परिवर्तनको गति भने ज्यादै ढिलो छ । आर्थिक र वित्तीय स्रोत साधन र अवसरको वितरण गर्ने तहको निर्णय गर्ने स्थानमा महिलाहरूको उपस्थिति नभएको कारणले पनि महिला असमानता कायम रहन भूमिका खेलिरहेको छ र समाज विकासमा प्रभाव पारेको छ ।

### ५.१ परिवारको आम्दानीको स्रोत

परिवारमा आम्दानीको स्रोत परिवार अनुसार फरक फरक हुन्छ । किनभने कुनै परिवारमा सरकारी एवम् अन्य नोकरीबाट परिवार सञ्चालन गरेको हुन्छ । भने कसैको व्यापार, वैदेशिक रोजगार, कृषि, पशुपालन तथा ज्यलामजदुरी आदि परिवारमा आम्दानीको स्रोत रहेको हुन्छ । यस अध्ययन क्षेत्रका उत्तरदाताहरूको परिवारमा कस्तो प्रकारको माध्यमबाट आर्थिक आम्दानी हुने गर्छ तलको तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका ५.१ : उत्तरदाताको परिवारको आम्दानीको स्रोत

| आम्दानीको स्रोतका प्रकार | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| नोकरी | २२ | ३७ |
| कृषि | २ | ३ |
| व्यापार | २० | ३३ |
| वैदेशिक रोजगार | १६ | २७ |
| **जम्मा** | ६० | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७१ ।

तालिका नं. ५.१ अनुसार कूल ६० जना उत्तरदाता महिलाहरूको परिवारको आम्दानीको स्रोतलाई हेर्दा २२ जना (३७%) को नोकरी भएको देखिन्छ । त्यसैगरी कृषि २ जना (३%), व्यापार २० जना (३३%), र वैदेशिक रोजगार १६ जना (२७%) रहेको देखिन्छ । सबै भन्दा धैरै महिलाहरूको परिवारमा आम्दानीको स्रोत नोकरी रहेको देखियो । कृषिबाट आम्दानी गर्ने परिवार सबैभन्दा कम रहेका छन् ।

## वैयक्तिक अध्ययन 'क'

*म एक जनजाति परिवारकी गृहिणी महिला हु । मेरो उमेर ५० वर्ष भयो । म निरक्षर महिला हु । हाम्रो परिवार यहां मुस्ताङबाट पाँच वर्ष अगाडि बसाइसराइ गरेर आएको हो । हाम्रो एक जना छोरा छ । मेरो श्रीमान् वैदेशिक रोजगारका शिलशिलामा विगत दश वर्षदेखि अमेरिकामा हुनुहुन्छ । श्रीमान् विदेश जानुभन्दा अगाडि हामीले सँगै होटल व्यवसाय चलाएका थियौ । श्रीमान् विदेश गए पछि बच्चाको हेरबिचार गर्नुपर्ने कारणले म एक्लैले व्यवसाय संचालन गर्न सकिन । हामी हिमाली भागमा जन्मे हुर्केकाको यहां त्यती रहनसहन मिल्दैन तर पनि आफुलाई यहाको चलनअनुसार ढाल्ने प्रयास गर्दै छु । घरमा दुई जना आमा छोरा मात्र भएकाले घरबाहिरका काममा हिडने त्यति समय पडिदिन र पनि हाम्रो आफ्नो समाज छ । समाजमा मर्दा पर्दा र अन्य हाम्रा जातिका चाडपर्वहरूमा विभिन्न कार्यक्रमहरू भइ नै रहन्छन, त्यहा जुनै हालतमा जानु नै पर्छ । समय मिलाएर समाजका यस्ता काममा अनिवार्यरुपमा हिडिराख्नु पर्छ । अरु सामाजिक काममा हिड्न त समय पनि हुदैन र कहिले काहि हिड्दा पनि केही पनि बुझ्दिैन । म त नपढेको भएर र*

*भिन्न संस्कृति भएकाले पनि असहज महशुश हुन्छ र पनि सकेसम्म बुझ्ने र सिक्ने प्रयास गर्दै छु । अहिले आफूले कुनै आम्दानीमूलक काम पनि गर्दिन । पहिला आफूले पनि कमाई गर्दा जस्तो त श्रीमान्को कमाइमा बाच्न पक्कै पनि सजिलो हुँदैन । श्रीमान् हाम्रो लागि मरिहत्ते गरेर काम गर्ने हामी यहां बसीबसी खाने भनेर कहिलेकाही त नरमाइलो लाग्छ तर के गर्ने हाम्रो नेपालको अवस्था नै यस्तै छ । श्रीमान् विदेश गएको पनि १२ वर्ष भइसक्यो । त्यहा छोडेर नेपालमा आयो भने के गरेर खानु ? राज्यले महिलाका लागि कस्ता कार्यक्रम ल्याएको छ त्यसको बारेमा मलाई केहि पनि थाहा छैन । आफ्नो त अब उमेर पनि गयो दिन उमेरका महिलाहरूलाई काम लाग्ला जे भए पनि महिलालाई बच्चा हुर्काउनु पर्ने हुदां पुरुष सरह सजिलो भने छैन । पहिला पहिला पुरुषहरू मात्र विदेश जान्थे अहिले त महिलाहरू पनि विदेश गएर कमाउन थालेका छन । नेपालमा पनि पहिला भन्दा विभिन्न क्षेत्रमा महिलाहरूले काम गरेको देख्न पाइन्छ त्यसैले केहि परिवर्तन त भएको छ तर विदेशमा जस्तो महिलाहरूलाई स्वतन्त्र भने छैन ।*

## ५.२ सामाजिक तथा सहकारी संस्थामा संलग्नताको अवस्था

हाम्रो समाजमा तुलनात्मक रूपमा सामाजिक क्रियाकलापमा महिलाहरूको सहभागिता न्यून रूपमा रहेको पाईन्छ । महिलाहरू अगाडि सरेर घर बाहिरको कार्य गर्दा 'मुख छदा छदै नाकले पानी खाने' जस्ता उखान प्रयोग गर्ने प्रचलन अझै पनि रही आएको छ । घरमूलिको रूपमा अझै पनि पुरुषलाई नै मान्ने र समाजका विभिन्न सामाजिक गतिविधिमा पुरुषको उपस्थितिका लागि निमन्त्रणा पठाउने परम्परा रही आएको छ । यस बाट के बुझिन्छ भने जुन सुकै घर बाहिरका कार्यमा समाजले पुरुषको उपस्थितिको अपेक्षा गरेको हुन्छ । जसले गर्दा महिलाहरूको समाजमा पहुँच र नियन्त्रण हुन सक्दैन र महिलाहरू सामाजिक रूपमा पछाडि पर्दछन् । तलको तालिकाबाट अध्ययन क्षेत्रको महिलाहरूको सामाजिक तथा सहकारी संस्थामा संलग्नताको अवस्था देख्न सकिन्छ ।

तालिका ५.२ :उत्तरदाताको सामाजिक तथा सहकारी संस्थामा संलल्नको अवस्था

| सामाजिक संस्थामा आवद्ध | सङ्ख्या | प्रतिशत | सहकारीमा आवद्ध | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|---|---|
| छु | २८ | ४७ | छु | ३५ | ५८ |
| छैन | ३२ | ५३ | छैन | २५ | ४२ |
| **जम्मा** | ६० | १०० | **जम्मा** | ६० | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७१ ।

तालिका नं ५.२ अनुसार कूल ६० जना उत्तरदाता महिलाहरू मध्ये २८ जना अथवा ४७ प्रतिशत महिलाहरू विभिन्न किसिमका सामाजिक संघ संस्थामा आवद्ध भएको देखियो भने ३२ जना अथवा ५३ प्रतिशत महिलाहरू कुनै पनि सामाजिक संघ संस्थामा आवद्ध नभएको देखियो । जसअनुसार सामाजिक संघ संस्थामा आवद्ध भएका भन्दा नभएकाको सङ्ख्या बढि रहेका छन् । त्यसैगरी कूल ६० जना उत्तरदाता महिलाहरू मध्ये ३५ जना अथवा ५८ प्रतिशत महिलाहरू सहकारी संस्थामा सदस्य भएको देखियो भने २५ जना अथवा ४२ प्रतिशत महिलाहरू कुनै पनि सहकारी संस्थामा आवद्ध नभएको देखियो । जसअनुसार सहकारी संस्थामा आवद्ध नभएका भन्दा भएकाको सङ्ख्या बढि रहेका छन् ।


## वैयक्तिक अध्ययन 'ख'

*म २४ वर्षकी जनजाति परिवारकी बुहारी हुँ । हाम्रो परिवार बसाईसराई गरेर यहां आएको हो । म संयुक्त परिवारमा बस्छु । हाल म गृहिणी महिला हु । मेरो श्रीमान् वैदेशिक रोजगारका शिलशिलामा विदेशमा हुनुहुन्छ । १८ वर्षको उमेरमा मेरो प्रेम विवाह भएको हो । म हाम्रो परिवारको एक्लो छोराकी श्रीमती हु । वि.एड. पढ्दा पढ्दै बच्चा जन्मेकाले मैलै मेरो पढाई बिचैमा छाड्नु पर्‍यो । अहिले छोरी साढे दुई वर्षकी भइन । अब छोरी स्कुल जान थाले पछि घरपरिवारको अनुमति पाए भने कुनै सीपमूलक काम गर्नुपर्ला भन्ने सोच बनाइकी छु । मलाई कुनै आम्दानीमूलक काम गरेर आफ्नो खुट्टामा उभिने इच्छा छ । अहिले पनि घरबाट सहयोग पाएको भए केही गर्ने थिए होला । हाम्रो परिवारभित्र बुहारीले परिवारको सल्लाह बेगर आफै निर्णय गरेर काम गर्ने संस्कार छैन । त्यसैले पनि म त्यो विपरित जान सकिन । घरको आर्थिक अवस्था राम्रै छ तर आफ्नै कमाई भए जसरी आफुलाई मन लागेको कुरामा खर्च गर्न भने पाइदैन । यो विषय संधै खडकिरहन्छ । हाम्रो समाजमा श्रीमान्हरूले घरबाहिर गएर कमाएर ल्याउने र महिलाहरूले घरव्यवहार संहाल्ने*

*प्रचलन रहेको छ । त्यसैले पनि हामी महिलाहरूले घर समाजमा कतिपय निर्णहरू गरेर आफै केही गर्न सक्ने अवस्था रहदैन । समाजका सामाजिक कार्यहरूमा पनि पहिल्यै देखि ससुरा बा र सासुआमा हिडिराख्ने हुनाले म हिड्ने गरेकी छैन् । घरमा बच्चाको स्यारसुसार गर्ने, खाना बनाउने, सरसफाई गर्ने लगाएतका काम गर्दा व्यस्त नै भइन्छ । हाम्रो पितृसत्तात्मक समाज भएको र महिलाहरूले बच्चा जन्माउने हुर्काउनु पर्नाले पुरुष जसरी महिलाहरू अन्य काममा लाग्न समस्या पर्दो रहेछ । सामाजिक क्रियाकलापमा हाम्रा वरपर हाम्रा उमेरका दिदीबहिनीहरू नलागेकाले पनि म लागेकी छैन । आमा समूहका तथा अन्य समाजमा आई पर्ने कार्यहरूमा आमा नै हिड्नु हुन्छ । सरकारले महिलाका लागि विभिन्न कायर्कम ल्याएको भए पनि आफुले बुझ्रेर मात्र नहुँदो रहेछ । घरका अन्य सदस्यहरूमा पनि चेतनाको विकास भए मात्र हामी महिलााहरूले सामाजिक तथा आर्थिक कार्य गर्ने वातावरण बन्न सक्थ्यो ।*

## ५.३ सामाजिक क्षेत्रमा नेतृत्व तथा संयोजक भएर काम गरेको अवस्था

कुनै पनि क्षेत्रमा जिम्मेवारी लिएर काम गर्दा आत्माबल बढनुका साथै नेतृत्व विकास हुन्छ । त्यस्तै सामाजिक क्षेत्रमा संयोजक भएर काम गर्दा चुनौती त हुन्छ नै साथसाथै व्यक्तित्व विकास भई सक्षम र सबल बन्न सहयोग पुग्दछ । महिला विकासका लागि पनि नेतृत्वपूर्ण भूमिका अति आवश्यक छ । जुन अनुभवले जीवनको बहुपक्षीय विकासमा सघाउ पुग्दछ । त्यसैले यस क्षेत्रका सामाजिक क्षेत्रमा लागेका महिलाहरूले संयोजक भएर नेतृत्वपूर्ण भूमिका निर्वाह गरेकोबाट उनिहरूको व्यक्तित्व एवम् नेतृत्व विकासमा उपलब्धी हासिल हुन्छ । जुन अवस्था तलको चित्रमा देखाइएको छ ।





चित्र ५.१ : सामाजिक क्षेत्रमा नेतृत्व तथा संयोजक भएर काम गरेको अवस्था

चित्र नं ५.१ अनुसार सामाजिक संस्थामा लागेका कूल २८ जना उत्तरदाता महिलाहरू मध्ये ७ जना अथवा २५ प्रतिशत महिलाहरूले सामाजिक क्षेत्रमा संयोजक भएर काम गरेको पाईयो भने २१ जना अथवा ७५ प्रतिशत महिलाहरूले सामाजिक क्षेत्रमा संयोजक भएर काम नगरेको पाईयो । जसअनुसार महिलाहरू सामाजिक क्षेत्रमा लागेर पनि कुनै नेतृत्व लिई काम नगरेको वा लिन नपाएको देखिन्छ । यस अर्थ महिलाहरूलाई नेतृत्वदायी भूमिकामा ल्याउन विभिन्न पहल कदमी चाल्न आवश्यक देखिन्छ ।

## ५.४ बैठकमा ठीक बेठीक भनेर आफ्नो राय राख्ने उत्तरदाता

महिलाहरू घरको सिमित घेराबाट बाहिर निस्केर कुनै पनि क्षेत्रमा आफ्नो उपस्थिति जनाउनु पनि सकरात्मक पक्ष हो । यद्यपि यो प्रयाप्त होइन । दीगो विकासका लागि प्रभावकारी सहभागिता हुनु अनिवार्य मानिन्छ । कुनै पनि बैठकमा उपस्थिति जनाउदैमा मात्र महिलाहरूको अपेक्षाकृत विकास भएको हुँदैन । महिलाको विकास त तब भएको मानिन्छ जब उनीहरूले कुनै पनि विषयमा ठीक बेठिक भनेर आफ्नो राय राख्न सक्छन् । तलको तालिकामा यस अध्ययन क्षेत्रको सामाजिक संस्थामा आबद्ध महिलाहरूले बैठकमा ठीक बेठीक भनेर आफ्नो राय राख्ने उत्तरदातालाई निम्नानुसार उल्लेख गर्न सकिन्छ ।




चित्र ५.२ : बैठकमा ठीक बेठीक भनेर आफ्नो राय राख्ने उत्तरदाता

चित्र नं ५.२ अनुसार सामाजिक संस्थामा लागेका कूल २८ जना उत्तरदाता महिलाहरू मध्ये ११ जना अथवा ३९ प्रतिशत महिलाहरूले बैठकमा ठीक बेठीक भनेर आफ्नो राय राख्ने गरेको पाईयो भने १७ जना अथवा ६१ प्रतिशत महिलाहरूले बैठकमा ठीक बेठीक भनेर आफ्नो राय राख्दिन भन्ने पाईयो । जसअनुसार बैठकमा ठीक बेठीक भनेर आफ्नो राय राख्ने महिलाहरू भन्दा नराख्ने महिलाहरूको सङ्ख्या बढी रहेको पाइयो । जसमा सामाजिक क्षेत्रमा लागेका महिलाहरूमा पनि आत्मा विकास हुन नसकेको देखिन्छ । उपस्थितिले मात्र महिलाहरूको अपेक्षाकृत विकास हुन सक्दैन । महिला विकासका लागि प्रभावकारी सहभागिता हुन आवश्यकता छ । अझै पनि शहरी क्षेत्रका धेरै महिलाहरूमा समेत हामीलाई के थाहा छ र बोल्नु भन्ने र जानेको कुरा पनि बोल्न लजाउने कारणले ताली बजाउने काम मात्र गरेको पाईयो ।

## ५.५ तालिममा सहभागि उत्तरदाताको विवरण

व्यक्तित्व तथा नेतृत्व विकासका लागि जीवनमा तालिमको आवश्यकता पर्दछ । तालिमबाट व्यक्तिलाई दक्षता अभिवृद्धि, चेतनाको विकास, सशक्तीकरण भई आत्मा निर्भर समेत बन्नमा सहयोग पुग्दछ । विशेष गरी सामाजिक संस्था तथा सहकारी संस्थाहरूले यस्तो उद्देश्य राखेका हुन्छन् । तलको तालिकाबाट अध्ययन क्षेत्रका महिलाहरूले कुनै प्रकारको तालिम लिएका छन् या छैनन् र लिएको भए कुन र कस्ता संस्थाबाट लिएका छन् तलको तालिका मार्फत प्रस्तुत गरिएको छ ।

**तलिका ५.३ : तालिममा सहभागि उत्तरदाताको विवरण**


| तलिम | उत्तरदाताको सङ्ख्या | प्रतिशत | कसबाट | उत्तरदाताको सङ्ख्या | प्रतिशत |
|---|---|---|---|---|---|
| छ | २२ | ३६.६६ | सामाजिक संस्था | ८ | ३६.३६ |
| छैन | ३८ | ६३.३३ | सहकारी संस्था | ६ | २७.२८ |
| अन्य | – | – | निजि | ८ | ३६.३६ |
| **जम्मा** | ६० | १०० | **जम्मा** | २२ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७१ ।

तालिका नं ५.३ अनुसार कूल ६० जना उत्तरदाता महिलाहरू मध्ये २२ जना अथवा ३६.६६ प्रतिशत महिलाहरूले तालिम लिएको छ भन्नेको सङ्ख्या भएको देखियो भने ३८ जना अथवा ६३.३३ प्रतिशत महिलाहरूले कुनै पनि तालिम लिएको छैन भन्नेको सङ्ख्या भएको देखियो । त्यसैगरी तालिम लिएका कूल २२ जना उत्तरदाता महिलाहरू मध्य सामाजिक संघ संस्थाबाट ८ जना अथवा ३६.३६ प्रतिशतले सहकारी संस्थाबाट ६ जना अथवा २७.२८ प्रतिशतले र नीजि तवरले ८ जना अथवा ३६.३६ प्रतिशतले  तालिम लिएको देखियो। जसअनुसार तालिम लिएकाको भन्दा तालिम नलिएकाको सङ्ख्या बढी रहेको छ।

## ५.६ महिला विकास सम्बन्धी राज्यको नीतिबारे जानकारी

विकासमा महिला सहभागिता नहुदासम्म विकास दीगो हुन नसक्ने कुरालाई पछिल्लो समयमा राज्यले आत्मासात् गरेको छ । राज्यले महिला शसक्तीकरणका लागि विभिन्न कार्यक्रमहरू गर्दै आएको पाईन्छ। महिलाहरूका लागि ल्याइएका कार्यक्रमका वारेमा स्वम् महिलाहरूलाई जानकारीको अवस्था वारे तलको चित्रले प्रष्ट पार्छ।




**चित्र ५.३ : उत्तरदातालाई महिला विकास सम्बन्धी राज्यको नीतिबारे जानकारी**

चित्र नं ५.३ अनुसार कूल ६० जना उत्तरदाता महिलाहरूमा सरकारको समाज विकास प्रकृयामा महिलाको विशेष सहभागिताको नीति रहेको वारे थाहा छ या छैन भनी प्रश्न सोधिएको थियो जसमा थाहा छ भन्ने उत्तरदाता महिला ५२ जना अर्थात् ८७ प्रतिशत रहेका र थाहा छैन भन्ने उत्तरदाता महिला ८ जना अर्थात् १३ प्रतिशत रहेको

देखिन्छ । यसबाट उनीहरूमा राज्यले महिला विकासका लागि लिएको नीतिवारे महिलाहरूलाई राम्रो जानकारी रहेको देखिन्छ ।

## वैयक्तिक अध्ययन 'ग'

*म ३८ वर्षकी एक क्षत्री जातकी महिला हुँ । हाम्रो परिवार यहां बसाइसराइ गरेर आएका हौ । मेरो श्रीमान्ले क्याम्पसमा एकाउन्ट विषय पढाउनु हुन्छ । म अहिले दुई वर्षदेखि जीवन बीमा कम्पनीमा एजेन्टको रुपमा काम गर्छु । म विवाह गर्दा वि.कम पास गरेकी थिए । विवाह पछि लगातर दुई जना बच्चा जन्मिए । त्यसपछि बच्चाहरूको हेरविचार गर्नु नै पर्‍यो । श्रीमान्ले जागिर भ्याएर ट्युसन पनि पढाउनु पर्थ्यो । त्यसैले बालबच्चा हुर्काउने र घरको सबै काम गर्ने काम मैले नै गर्नुपर्‍यो । त्यसैकारण मैलै बच्चा हुर्काउने समय सम्म अन्य आम्दानीमूलक काम गर्न सकिन । अब त बच्चा पनि हुर्किसके र म जीवन बीमा सम्बन्धित काम गर्दै छु । आफुले जति गर्न सक्यो त्यति आम्दानी हुन्छ । समय मिलाएर फुर्सदको समयमा गरे हुने कामले पनि मलाई यो काम गर्न सजिलो भएको छ । आफ्नो पनि आम्दानी भए पछि परिवारलाई पनि सपोर्ट हुने र आफ्ना आवश्यकताका सामान किन्न आफै निर्णय गरेर किन्न सकिने हुँदा आत्मबल पनि बढेको छ । एका तिर बच्चा जन्माउने जिम्मा प्रकृतिले महिलालाई दिएको छ भने अर्कोतिर हाम्रो समाज पितृसतात्मक समाज भएकाले पनि महिलाहरूलाई आम्दानीमूलक काम गर्न वा घरबाहिरका सामाजिक काम गर्न पुरुषको तुलनमा बढी नै संघर्ष गर्नुपर्ने हुन्छ । पुरुषले घरभित्रका काम गर्न जान्दिन भने पछि सुख पाउने महिलाले भने जसरी पनि गर्नुपर्ने भनी समाजले कामको बाँडफाँड गरेको छ, । महिला पुरुष दुवैले घरको काम गर्नु पर्छ तब मात्र महिलालाई पनि घरबाहिरका अन्य काम गर्ने वातावरण बन्दछ । राज्यले महिलालाई सक्षम र सबल नागरिक बनाउन सके मात्र देशको विकास हुन्छ भन्ने कुरा बुझेको छ र सोही बमोजिम योजना पनि अगाडि सारेको छ । तर त्यो प्रयाप्त रुपमा छैन । किनकी राज्यले महिलालाई ल्याएका कार्यक्रमहरूमा पहुँचवाला केही महिलाहरूले मात्र फाइदा लिएको अवस्था छ । पिछडिएका महिलाहरूको आवश्यकता र चाहना बमोजिमका कार्यक्रम आउन सकेका छैनन् । महिलाका लागि ल्याइएका कतिपय कार्यक्रमले त महिलाहरूको विकास भन्दा पनि घरमा द्वन्द उत्पन्न हुने खालका पनि रहेका छन । राज्यले महिला विकासले मात्र वास्तविक विकास हुन्छ भनी बुझेको त छ तर त्यसका लागि तारे होटलमा कार्यक्रम गरेर बजेट सक्ने काम हुन्छ ।*

*जसका लागि कार्यक्रम चाहिएको हो त्यहासम्म कार्यक्रम नपुग्दै बाटोमा नै काम सम्पन्न हुने गर्छ । त्यसैले राज्यले जसका लागि कार्यक्रम ल्याउने हो उनीहरूको आवश्यकता, चाहना र क्षमता बुझेर सोही अनुरुपका कार्यक्रम ल्याउने नीति लिनुपर्छ । हालसम्म राज्यले गरेको लगानी अनुसारको काम हुन सकेको छैन ।*

## ५.७ उत्तरदाताको आम्दानीको अवस्था र रकम

आम्दानीले कुनै पनि व्यक्तिको आर्थिक र सामाजिक स्तरलाई निर्धारण गर्दछ । आम्दानीले नै घरपरिवारको जीवन स्तर वृद्धि गर्न मद्धत गर्दछ । आम्दानीले व्यक्तिको आर्थिक स्तरलाई जनाउँछ । आर्थिक क्रियाकलापमा लागेका महिलाहरूको आत्माबल बढ्छ र निर्णय प्रक्रियामा बढी सक्रिय हुन्छन् । आम्दानी भएका महिलाहरू आत्मा निर्भर हुने हुँदा आश्रित जनसङ्ख्याको दर कम हुने र विकास दीगो हुन्छ । त्यसैले दीगो विकासका लागि महिला विकास र महिलाको विकासका लागि महिलाहरूलाई बढी भन्दा बढी पेशा व्यवसायमा संलग्न गराउने वातावरण हुन जरुरी छ । तलको तालिकामा उत्तरदाताको आम्दानीको अवस्था देखाइएको छ ।

**तालिका ५.४: उत्तरदाताको मासिक आम्दानीको अवस्था र रकम**

| आम्दानी | सङ्ख्या | प्रतिशत | रकम रु १००० मा | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|---|---|
| छ | १८ | ३० | ५–१० | ६ | ३३.३३ |
| छैन | ४२ | ७० | १०–१५ | ७ | ३८.८८ |
| – | – | – | १५ दखि माथि | ५ | २७.७७ |
| **जम्मा** | ६० | १०० | **जम्मा** | १८ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७१ ।

तालिका नं ५.४ अनुसार कूल ६० जना उत्तरदाता महिलाहरूको आम्दानीलाई हेर्दा १८ जना अथवा ३० प्रतिशतको आम्दानी भएको र ४२ जना अथवा ७० प्रतिशतको आम्दानी नभएको देखिन्छ । सबै भन्दा धेरै महिलाहरूको आम्दानी नरहेको देखियो भने कम अथवा ३० प्रतिशत महिलाहरूले मात्र आम्दानी गर्ने गरेको देखियो जसमध्येमा ५ देखि १० हजार कमाउने ६ जना अथवा ३३.३३ प्रतिशत, १० देखि १५ हजार कमाउने ७ जना अथवा ३८.८८ प्रतिशत र १५ हजार भन्दा माथि कमाउने ५ जना अथवा २७.७७ प्रतिशत रहेको

पाइयो । सबै भन्दा धेरै महिलाहरूको मासिक आम्दानी नरहेको देखियो भने कम अथवा ३० प्रतिशत महिलाहरूले मात्र आम्दानी गर्ने गरेको देखियो ।

## ५.८ उत्तरदाताको परिवारको मासिक आम्दानी

परिवारको मासिक आम्दानीले पनि महिलाको जीवनमा महत्वपूर्ण भूमिका खेलेको हुन्छ । जसको मासिक आम्दानी राम्रो र माथिल्लो स्तरमा रहेको हुन्छ उसको परिवारमा शैक्षिक अवस्था लगाएत अन्य आवश्यकताहरू सहज रूपमा पूर्ति हुने हुँदा पारिवारिक वातावरण तुलनात्मक रूपमा राम्रो हुने गर्छ । जसको कारण महिला विकासका लागि सहज अवस्था सृजना हुन्छ । त्यसैले अध्ययन क्षेत्रका महिलाहरूको परिवारको मासिक आम्दानीको अवस्था बुझ्न खोजिएको छ जुन तलको तालिकामा उल्लेख गरिएको छ ।

**तालिका ५.५ : उत्तरदाताको परिवारको मासिक आम्दानी**


| परिवारको मासिक आम्दानी | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| रु १०००० भन्दा कम | ४ | ६.६७ |
| रु १००००–२०००० | २६ | ४३.३३ |
| रु २०००० भन्दा माथि | ३० | ५० |
| **जम्मा** | **६०** | **१००** |

स्रोत : स्थलगत सर्वेक्षण, २०७१ ।

तालिका नं ५.५ अनुसार कूल ६० जना उत्तरदाताको परिवारको आम्दानीलाई हेर्दा १० हजार भन्दा कम मासिक आम्दानी गर्ने ४ जना अथवा ६.६७ प्रतिशत १० देखि २० हजार कमाउने मासिक आम्दानी गर्ने २६ जना अथवा ४३.३३ प्रतिशत र २० हजार वा सो भन्दा माथि मासिक आम्दानी गर्ने ३० जना अथवा ५० प्रतिशत रहेको पाइयो । यसमा सबै भन्दा बढी ३० जना वा ५० प्रतिशतको मासिक आम्दानी २० हजार वा सो भन्दा माथि रहेको देखियो ।

## ५.९ उत्तरदाताको घरजग्गाको स्वामित्वको आधारमा विवरण

आफ्नो नाममा चल अचल सम्पत्ति हुँदा महिलामा सामाजिक सुरक्षाको महशुस हुन्छ । अचल सम्पत्तिको रूपमा रहेको घरजग्गा कानुनी रूपमा आफ्नो स्वामित्वमा हुँदा महिलाहरूमा मानसिक रूपमा सकरात्मक प्रभाव पर्नुका साथै आत्मा विश्वास बढ्छ । तलको चित्रबाट सहभागी महिलाहरूको कानूनी रूपमा घरजग्गाको स्वामित्वको अवस्था प्रस्तुत गरिएको छ ।




**चित्र ५.४ उत्तरदाताको घरजग्गाको स्वामित्वको आधारमा विवरण**

चित्र नं ५.४ अनुसार कूल ६० जना उत्तरदाता महिलाहरूको घरजग्गाको स्वामित्वको अवस्थालाई हेर्दा २६ जना अथवा ४३.३३ प्रतिशतको आफ्नो नाममा घरजग्गा भएको र ३४ जना अथवा ५६.६७ प्रतिशतको आफ्नो नाममा घरजग्गा नभएको देखिन्छ । धेरै महिलाहरूको आफ्नो नाममा घरजग्गा नभएको देखिन्छ भने कम महिलाहरूको आफ्नो नाममा घरजग्गा भएको देखिन्छ ।

## ५.१० उत्तरदाताको नाममा घरजग्गा कसरी प्राप्त भएको अवस्था

चल तथा अचल सम्पत्ति विभिन्न तरिकाबाट व्यक्तिको नाममा प्राप्त हुन्छ । अध्ययन क्षेत्रमा आफ्नो नाममा घरजग्गा भएका जम्मा २६ जना महिलाहरू रहेका छन् । उनीहरूको नाममा घरजग्गा कसरी प्राप्त भएको हो सोको वारेमा तलको तालिकाबाट बुझ्न सकिन्छ ।

तलिका ५.६ :उत्तरदाताको नाममा घरजग्गा कसरी प्राप्त भएको

| कसरी प्राप्त भएको | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| माइतीबाट दाइजो प्राप्त | १ | ३.८५ |
| अंशबाट प्राप्त | ७ | २६.९२ |
| आफ्नै कमाईले किनेको | २ | ७.७० |
| श्रीमान्को कमाईले किनेको | १६ | ६१.५३ |
| **जम्मा** | २६ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७१ ।

तालिका नं ५.६ अनुसार कूल २६ जना उत्तरदाता महिलाहरूको नाममा घरजग्गा कसरी प्राप्त भएको हो सोको वारेमा बुझ्दा १ जना अथवा ३.८५ प्रतिशतको माइतीबाट दाइजो प्राप्त, ७ जना अथवा २६.९२ प्रतिशतको अंशबाट प्राप्त, २ जना अथवा ७.७० प्रतिशतको आफ्नै कमाईले किनेका, १६ जना अथवा ६१.५३ प्रतिशतको श्रीमान्को कमाईले किनेको पाइयो । जसअनुसार धेरै महिलाहरूको आफ्नो नाममा घरजग्गा श्रीमान्को कमाईले किनेको पाइयो भने कम महिलाहरूको आफ्नो नाममा भएको घरजग्गा माइतीबाट दाइजो प्राप्त भएको र २ जनाको आफ्नै कमाईले किनेको देखिन्छ । जसबाट के बुझ्न सकिन्छ भने महिलाहरूको परनिर्भरताको अवस्था अझै पनि व्यापक रूपमा नै रहेको छ ।

## ५.११ उत्तरदाताका परिवारमा आर्थिक कारोवारको अवस्था

नेपाली समाज पितृसत्तात्मक भएकोले घरपरिवारमा महिलाको स्वतन्त्रता र निर्णय प्रकृयामा नियन्त्रण गरिएको हुन्छ । घरमूलिको रूपमा पुरुषहरू रहेका र घरसम्पति र आर्थिक कारोवारमा पनि पुरुषहरू कै नियन्त्रण रहेको पाइन्छ । यदि महिलाहरू आर्थिक कारोवारमा अगाडि सरेमा महिलासँगको कारोवारमा विश्वास हुँदैन भनी महिलाहरूलाई हतोत्साही गराउने कार्य गरिन्छ । महिलाहरूको आफ्नै आम्दानी भएका परिवारमा समेत पुरुषबाट नै आर्थिक कारोवार हुने गरेको पाइन्छ । तलको तालिकाबाट सहभागी महिलाहरूका परिवारमा आर्थिक कारोवारको अवस्थाका वारेमा बुझ्ने प्रयास गरिएको छ ।

तालिका ५.७ : उत्तरदाताका परिवारमा आर्थिक कारोवारको अवस्था

| आर्थिक कारोवार | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| सहभागी आफैले | २ | ३.३३ |
| श्रीमान्‌ले | १२ | २० |
| छोराले | ३ | ५ |
| बुहारीले | २ | ३.३३ |
| परिवारको सहमतिमा | ४१ | ६८.३४ |
| **जम्मा** | ६० | १०० |

स्रोत : स्थलगत सर्वेक्षण २०७१ ।

तालिका नं ५.७ अनुसार  कूल ६० जना उत्तरदाता महिलाहरू मध्ये २ जना अथवा ३.३३ प्रतिशत महिलाहरूले आफै, १२ जना अथवा २० प्रतिशत श्रीमान्‌ले, ३ जना वा ५ प्रतिशत छोराले, २ जना अथवा ३.३३ प्रतिशत बुहारीले र ४१ जना अथवा ६८.३४ प्रतिशत परिवारको सहमतिमा आर्थिक कारोवार गर्ने गरेको पाइयो । जसबाट सबैभन्दा धेरै ४१ जना वा ६८.३४ प्रतिशत परिवारको सहमतिमा आर्थिक कारोवार गर्ने गरेको पाईयो । जसअनुसार पछिल्लो समयमा घर परिवारमा घरव्यवहार चलाउने कार्यमा आपसी सहमति अनुसार चलाउने गरेको पाइयो । परिवारमा आर्थिक कारोवार गर्दा महिलाको पनि सहभागिता हुनु महिलाको घरपरिवारमा निर्णय प्रक्रियामा सहभागी हुनु हो ।


## वैयक्तिक अध्ययन 'घ'

*म ४९ वर्षकी एक एकल महिला हुँ । मेरो पेशा कृषि हो । हाम्रो पुर्खौली घर पहिल्यै देखि यहि हो । मेरा श्रीमान् बितेको पन्ध्र वर्ष भयो । मेरा दुई जना छोरा र दुई जना छोरी छन । तीन जनाको विवाह भयो अव एकजना छोराको विवाह भएको छैन ।  । म बुहारी हुदां त हामीलाई घरमा पशुको जत्तिको पनि गणना गरिने भिएन । हाम्रा पालका अनुसार त अहिले बुहारीहरूलाई धेरै स्वतन्त्र छ । म हिजो बुहारी थिए आज सासु बनेकी छु । हिजो र आजका दिन त पुरै उल्टा बनेका छन जस्तो लाग्छ । आज त घरमा बुहारी विवाह गरेर ल्याएका दिन देखि नै सासुहरू बुहारीको अधिनमा बस्नु पर्दछ । म त पहिलाका जमानाकी मान्छे परे । बाहिरका काम भन्ने त केही पनि थाहा छैन ।  घरमा तरकारी लगाउने, गाई*

*पाल्ने काम गर्छु । हामी सम्युक्त परिवारमा बस्छौ । घरमा छोरा, बुहारी छन तर तिनिहरूले बारीको काम गोठको काम केही पनि गर्दैनन् । जुनबेला छोराछोरी साना थिए त्यति बेला छोराछोरी हुर्काउने र घरधन्दा गर्दा भ्याइनभ्याइ भयो । पहिला त घरव्यवहार मैले गर्ने थिइन श्रीमानको मृत्यु पश्चात घरमा घरको सम्पूर्ण व्यवहार म आफूले नै गर्छु । अब छोराछोरी ठुला भए । आफ्नो पनि उमेर गयो अब त केही नयाँ काम गर्न सक्ने अवस्था पनि छैन् । सामाजिक काममा लाग्न पनि नपढेको कारण केही पनि जानिदैन के गर्नु ? हाम्रो समाजमा महिलाहरूले घरधन्दा संहाल्ने र छोरा छोरीको स्याहार संभार गर्ने पुरुषहरूले कमाएर ल्याउने परिपाटी अझै पनि छ । महिलाहरू आमा भएका कारण पनि पुरुष सरह काम गर्न सक्ने अवस्था छैन किनकि प्रकृतिले महिलालाई आमा बनाइदिएको छ । पुरुषहरूले बालबच्चा हुर्काउने काम गर्न सक्दैनन् । सकेमा पनि आमाले जसरी गर्न सक्दैनन् । अहिले त महिलाहरूका लागि धेरै नै अधिकार छ भन्छन । महिलाहरूले सबै अधिकार त पुरुष सरह पाउलान तर बच्चा जन्माउन पर्ने कारण पुरुष जसरि स्वतन्त्र भएर हिडन गाह्रो पर्छ । पहिला पहिला त बुहारी मान्छे एक्लै कतै बाहिर जान हुदैन भन्थे अहिले त जमाना धेरै परिवर्तन भएको छ । महङ्गी छ, एकजनाले कमाएकाले त घर धान्न पनि गाह्रो छ । त्यसैले महिलाले पनि आम्दानी हुने काम गर्नु पर्छ । सबै महिलाले पढेदेखेका हुदैनन अफिसमा काम गर्नका लागि, खेति किसानी गर्नलाई बजारमा जग्गा छैन । अब सरकारले महिलालाई बच्चा हुर्काउदै घरमा नै बसेर गर्न मिल्ने कामका बारेमा सोच्दा धेरै सजिलो हुन्छ । काम सानो ठूलो हुँदैछ ।*

## ५.१२ उत्तरदाताले चल अचल सम्पत्ति खरिद बिक्री गर्न सक्ने अवस्था

प्रायः महिलाहरूको आफ्नो नाममा चल अचल सम्पत्ति नहुने र भएमा पनि त्यो आफ्नो कमाईले प्राप्त भएको नभई श्रीमान्का कमाईले किनेको वा अंशबाट प्रप्त भएको पाइन्छ । जुन सम्पत्ति उनीहरूले आवश्यकता पर्दा खरिद बिक्रि गर्न सक्ने अवस्था कस्तो रहेको छ सोको वारेमा बुझ्न खोजिएको छ जुन तलको चित्रबाट प्रस्तुत गरिएको छ ।





**चित्र ५.५ : उत्तरदाताले चल अचल सम्पत्ति खरिद बिक्रि गर्न सक्ने अवस्था**

चित्र नं ५.५ अनुसार उत्तरदाता महिलाहरूले आवश्यकता पर्दा आफ्नो नाममा चल अचल सम्पत्ति खरिद बिक्रि गर्न सक्ने अवस्थालाई हेर्दा ९ जना अथवा १५ प्रतिशतले सक्छु भनेको र ५१ जना अथवा ८५ प्रतिशतले सक्दिन भनेको पाइयो । जसबाट के देखिन्छ भने अधिकांश महिलाहरूले आफ्नो नाममा सम्पत्ति खासै नहुनु र भएमा पनि आँफूखुसी परिचालन गर्न सक्दैनन् ।

## ५.१३ उत्तरदाताले नयाँ सामान आफै निर्णय गरेर किन्न सक्ने अवस्था

घर व्यवहार संचालन गर्दा विभिन्न किसिमका आवश्यकताहरू आइपर्छन् । महिलाहरू घरमा बढी सक्रिय हुनेहुदां साना साना आवश्यकताहरू उनीहरूले पूरा गर्नुपर्ने हुन्छ । त्यसैक्रममा महिलाहरूले घरमा चाहिने कुनै पनि सामानहरू आफै निर्णय गरेर किन्न सक्ने अवस्था कस्तो छ भनेर बुझ्ने प्रयास गरिएको छ । जुन तलको चित्रमा प्रस्तुत गरिएकोछ ।





**चित्र ५.६ : उत्तरदाताले घरमा नयाँ सामान आफै निर्णय गरेर किन्न सक्ने अवस्था**

चित्र नं ५.६ अनुसार उत्तरदाता महिलाहरूले घरमा चाहिने कुनै पनि नयाँ सामानहरू आफै निर्णय गरेर किन्न सक्ने अवस्थालाई हेर्दा ९ जना अथवा १५ प्रतिशतले सक्छु भनेको र १६ जना अथवा २७ प्रतिशतले सक्दिन भनेको र ३५ जना अथवा ५८ प्रतिशतले सानो सानो सामान सक्छु भनेको पाइयो । जसबाट के देखिन्छ भने अधिकांश महिलाहरूले आफूखुसी सानो सानो सामान आफै निर्णय गरेर किन्न सक्ने गरेको पाइयो ।

## ५.१४ उत्तरदाताको नाममा बैंक खाता भए नभएको अवस्था

आधुनिक एवम् सुरक्षित कारोवारका लागि बैंकमा खाता खोली कारोवार गर्न आवश्यक हुन्छ । पछिल्लो समयमा बैंकसम्म महिलाहरूको पहुँच बढाउनका लागि र अर्थिक उपार्जन गरी स्वाबलम्बन बन्न बैंकहरूले लघुवित्त कार्यक्रम एवम् विभिन्न स्किमहरू ल्याएका छन् । जसबाट पनि महिला विकासको अपेक्षा गरिएको छ । त्यसैले अध्ययन क्षेत्रका महिलाहरूले बैंकिङ कारोवार गर्नका लागि आफ्नो नाममा बैंकमा खाता भए नभएको बुझ्न खोजिएको छ । जुन अवस्था तलको चित्रबाट देख्न सकिन्छ ।




**चित्र ५.७ : उत्तरदाताको नाममा बैंक खाता भए नभएको अवस्था**

चित्र नं ५.७ अनुसार उत्तरदाता महिलाहरूले बैंकिङ कारोवार गर्नका लागि आफ्नो नाममा बैंकमा खाता भए नभएको अवस्थालाई हेर्दा ४२ जना अथवा ७० प्रतिशतले छ भनेको र १८ जना अथवा ३० प्रतिशतले छैन भनेको पाइयो । जसबाट के देखिन्छ भने धेरै महिलाहरूको बैंकमा खाता रहेको छ ।

## ५.१५ उत्तरदाता घरयासी कामका लागि दैनिक व्यस्त हुने समय

नेपाली समाजले प्रायः घरयासी काम महिलाहरूले नै गर्नुपर्छ भन्ने अपेक्षा राखेको छ । घरबाहिरको काम गर्ने कामकाजी महिलाहरूलाई पनि घरभित्रको कामको बोझ रहेको हुन्छ । घरबाहिर काम गर्दा महिलाहरूलाई दोहोरो भूमिका निर्भाह गर्नुपर्दा अतिरिक्त बोझका कारण पनि उनीहरूलाई घरबाहिर अन्य काम गर्न समस्या पर्दछ । यसका बाबजुद पनि महिलाहरू काम गर्न इच्छुक रहेका हुन्छन् । उत्तरदाता महिलाहरूले घरयासी कामका लागि दैनिक कति समय व्यस्त हुने गर्छन सोको बारेमा बुझ्ने प्रयास गरिएको छ जुन तलको तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका ५.८ :उत्तरदाताले घरयासी कामका लागि दैनिक व्यस्त हुने समय

| घरयासी काममा दैनिक बिताउने समय | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| ४ घण्टा | ११ | १८.३३ |
| ६ घण्टा | १४ | २३.३३ |
| ८ घण्टा वा सो भन्दा बढि | ३५ | ५८.३४ |
| **जम्मा** | ६० | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७१ ।

तालिका नं ५.८ अनुसार उत्तरदाता महिलाहरूले घरायसी कामका लागि दैनिक व्यस्त हुने समयको अवस्था हेर्दा ११ जना अथवा १८.३३ प्रतिशतले दैनिक ४ घण्टा , १४ जना अथवा २३.३३ प्रतिशतले दैनिक ६ घण्टा र ३५ जना अथवा ५८.३४ प्रतिशतले दैनिक ८ घण्टा वा सो भन्दा बढी समय व्यस्त भएको पाइयो । जसबाट के देखिन्छ भने अधिकांश महिलाहरूको घरायसी काममा ८ घण्टा वा सो भन्दा बढी समय व्यस्त रहने जुन कामको कुनै मूल्य हुने गर्दैन् ।

# अध्याय छ

## सामाजिक तथा आर्थिक क्रियाकलापमा महिला सहभागितालाई असर पार्ने तत्वहरू

लैङ्गिक विभेद भएका कारण नेपाली समाजमा महिलाहरू दोस्रो दर्जाको नागरिकको हैसियतमा रहेका छन् । दाईजो प्रथा, बोक्सि प्रथा, छाउपडि प्रथा जस्ता विभिन्न कुरीतिका कारण पनि महिला हिंसाका शिकार बनेका छन् । समाजमा महिला र पुरुषबीच धेरै असमानताहरू पाईन्छ । शिक्षा, स्वास्थ्य, राजनीति, रोजगार, आयआर्जन तथा अन्य स्रोत र साधनमाथि असमान पहुँच रहेको छ । परम्परादेखि रहदै आएको लैङ्गिक सम्बन्ध, व्यवहार र भूमिकालाई परिवर्तन नगर्दा समानता भन्ने शब्द-शब्दमा मात्र सिमित रहेको छ । व्यवहारमा  देख्न पाइएको छैन । हाम्रो समाजमा पुरुषलाई मगज र महिलालाई शरीर मान्ने प्रवृत्ति हावी छ । जसले गर्दा महिलाहरू उच्च आर्थिक उत्पादन र निर्णायक तहमा पुग्न सकेका छैनन् । लैङ्गिक असमानताका कारण महिलाले पुरुष सरह मानवीय जीवनको पूर्ण आभाष पाउन सकेका छैनन् । राज्यले महिलालाई विकासका क्रियाकलापमा सहभागि गराउन महिला आरक्षणको नीति पनि ल्याएको छ । समतामूलक विकासले मात्र दीगो विकास हुन सक्छ भनी राज्यले महिलाका क्षेत्रमा विभिन्न कार्यक्रम ल्याएको छ पनि सोचे अनुरुपको उपलब्धि हासिल गर्न सकिएको छैन । महिलालाई विकासका क्रियाकलापमा सक्रिय सहभागि हुनका लागि विभिन्न किसिमका तत्वहरूले असर पार्ने गर्छन । जुन तत्वहरूको पहिचान गरी समस्याको समाधान गर्न सके मात्र दीगो विकासको अवधारणामा सहयोग पुग्दछ ।

### ६.१ सामाजिक तथा सहकारी संस्थामा नलाग्नुको कारण

यस अध्ययन क्षेत्रका महिलाहरूको सामाजिक तथा सहकारी संस्थामा कम सहभागिता रहेको देखिन्छ । जसमा पनि कूल ६० जना महिलाहरू मध्येमा ३२ जना अथवा ५३ प्रतिशत महिलाहरू कुनै पनि सामाजिक संस्थामा आवद्ध नभएको देखिन्छ । सङ्गठित भएर गरेको सामाजिक कार्यले दीगोपन प्रदान गर्ने हुँदा समाजमा विभिन्न संस्था मार्फत् कार्य गर्ने परिपाटीको विकास भएको पाईन्छ । महिलाहरू सामाजिक संस्थाहरूमा आवद्ध हुँदा विभिन्न किसिमका तालिम तथा कार्यक्रमहरूमा समावेश हुने अवसर प्राप्त हुन्छ ।

जस्ले गर्दा नेतृत्व तथा व्यक्तित्व विकास भई महिलाहरूले अन्य क्षेत्रमा पनि अहम् भूमिका निर्भाह गर्न सक्ने हुन्छन् । अध्ययन क्षेत्रका महिलाहरू जुन कुनै पनि प्रकारका सामाजिक तथा सहकारी संस्थाहरूमा आवद्ध छैनन् तिनिहरू सामाजिक तथा सहकारी संस्थामा नलाग्नाको कारण तलको तालिकाबाट प्रस्ट हुन्छ ।

**तालिका ६.१ : उत्तरदाताको सामाजिक तथा सहकारी संस्थामा नलाग्नुको कारण**

| सामाजिक संस्थामा नलाग्नाको कारण | सङ्ख्या | प्रतिशत | सहकारीमा नलाग्नाको कारण | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|---|---|
| बसाई सराई भएर आएकाले | १८ | ५६.२५ | आफ्नो आम्दानी नभएर | ९ | ३६ |
| नभ्याएर | १० | ३१.२५ | श्रीमान् सदस्य भएर | ८ | ३२ |
| शिक्षा नभएर | २ | ६.२५ | कसैले नभनेर | ५ | २० |
| बढी उमेर भएर | २ | ६.२५ | यत्तिकै | ३ | १२ |
| **जम्मा** | **३२** | **१००** | **जम्मा** | **२५** | **१००** |

स्रोत : स्थलगत सर्वेक्षण २०७१

तालिका नं ६.१ अनुसार सामाजिक संस्थामा नलागेका कूल ३२ जना उत्तरदाता महिलाहरू मध्ये १८ जना अथवा ५६.२५ प्रतिशत महिलाहरू बसाई सराई भएर आएकाले थाहा नपाएर, १० जना अथवा ३१.२५ प्रतिशत नभ्याएर, २ जना वा ६.२५ प्रतिशत शिक्षा नभएर र २ जना वा ६.२५ प्रतिशत बढी उमेर भएर महिलाहरू कुनै पनि सामाजिक संघ संस्थामा आवद्ध नभएको देखियो । जसअनुसार सामाजिक संघ संस्थामा आवद्ध नहुनुको कारण बसाई सराई भएर आएकाले थाहा नपाएर भन्नेको सङ्ख्या सबैभन्दा बढि रहेको छ । त्यसैगरी सहकारी संस्थामा नलागेका कूल २५ जना उत्तरदाता महिलाहरू मध्ये ९ जना अथवा ३६ प्रतिशत महिलाहरू आफ्नो आम्दानी नभएर, ८ जना अथवा ३२ प्रतिशत श्रीमान् सहकारीको सदस्य भएर, ५ जना वा २० प्रतिशत कसैले नभनेर र ३ जना वा १२ प्रतिशत यत्तिकै महिलाहरू कुनै पनि सहकारी संस्थामा आवद्ध नभएको देखियो । जसअनुसार सहकारी संस्थामा आवद्ध नहुनुको कारण आफ्नो आम्दानी नभएर भन्नेको सङ्ख्या सबैभन्दा बढि रहेको छ ।

## वैयक्तिक अध्ययन 'ङ'

*म एक क्षेत्री परिवारकी ४७ वर्षकी साक्षर महिला हु । मेरो श्रीमान् भारतीय सेनामा हुनुहुन्छ । म गृहिणी महिला हु । हाम्रा दुइवटा छोरा छन । हामी १२ वर्ष अगाडि यहां बसाइसराइ गरेर आएका हौ । गाउमा छदां त बच्चा साना भए पनि खेतीपाती लगाउने काम गरिन्थ्यो । पोखरा आएपछि त खेती गर्ने जग्गा छैन । आफूले जानेको काम त्यही खेती पाती लगाउने बस्तु पाल्ने काम हो । अन्य काम गर्ने कुनै सीप र ज्ञान छैन् । छोराहरूलाई बोर्डिङ पढाउने भनी हामी पोखरा आएका हौ । श्रीमान् घर नहुदां छोराहरू हुर्काउने र घर व्यवहार चलाउने सम्पूर्ण जिम्मा मेरो भएकाले अन्य काम गर्न सक्ने अवस्था रहेन । घरमा आर्थिक कारोवार सबै मैले नै गर्छु । प्रकृतिले हामीलाई आमा बनाइदिएको छ । त्यसैले छोराछोरीको हेरविचार गर्नुपर्ने हुँदा हामी महिलाहरू पुरुष सरह छोराछोरी छोडेर टाढा गएर काम गर्न सक्दैनौ । सरकारले हाम्रा लागी बिकासका कार्यक्रम ल्याए पनि घरको काम अलपत्र छोडेर कतै जान मिलेन । मेरा दुइटा छोराहरू मात्र भएकाले घरको काम सघाउने मान्छे छैनन् । अब श्रीमान् पेन्सन आए पछि भने फुर्सदको समयमा आमा समूहमा लाग्नुपर्ला भन्ने सोचेकी छु । महिलाका लागि विभिन्न कार्यक्रम आउने गर्छ भन्ने सुनेकी छु । तर कहां कस्तो कार्यक्रम आउँछ त्यो वारेमा केहि पनि थाहा छैन । सरकारले हामी जस्ता केही नयां काम नजानेका महिलाहरूलाई हामीले सानै देखि गर्दै आएका दुना टपरी गास्ने, बत्ती कात्ने जस्ता काम लगाउने र ती सामानहरूलाई बिकी गरिदिने कायकम ल्यायो भने म जस्ता गाउले परिवेशमा जन्मिएर हुकिएकाका लागि घरमै बसेर आम्दानी गर्ने अवस्था रहने थियो । अव म यो उमेरमा त नयाँ काम सिकेर केही गर्न सक्ने अवस्थामा छैन । सामाजिक संघ संस्थामा काम गर्न पनि म जस्ता नपढेका मान्छेले केही पनि गर्न सक्दिन । परि आउँदा केही बोल्न पनि जान्दिन । हाम्रो जिन्दगी यसै बित्यो अब छारी बुहारीहरूको पालो हो । दुई चार जना मान्छेका अगाडि केही बोल्न नसक्दा र श्रीमानका कमाइमा हिड्नु पर्दा खिन्नता त लाग्छ तर घरमा मैले राम्ररी व्यवहार नगरिदिएको भए आज जुन अवस्थामा हाम्रो परिवार छ सायद त्यो अवस्थामा हुने थिएन होला । प्रसँग चल्दा यस्ता कुराहरू घरमा राख्छु । त्यसैले श्रीमान र छोराहरूले पनि त्यो कुरा बुझ्केकाले त्यस्तो मन विगार्ने अवस्था भने मलाइ छैन ।*

## ६.२ सामाजिक तथा सहकारी संस्थामा लाग्नुको उद्देश्य

कूल ६० जना उत्तरदाता मध्ये २८ जना महिलाहरू विभिन्न सामाजिक संस्थामा लागेको पाइयो भने ३५ जना महिलाहरू सरकारी संस्थामा लागेको पाइयो । सामाजिक तथा सहकारी संस्थामा लाग्दा विभिन्न किसिमका सीपमूलक वा व्यक्तित्व विकास हुने, तालिम तथा अनुभवहरू आदानप्रदान गर्ने अवसर, व्यासायको लागि कर्जा प्राप्त हुन्छ । जसले महिलाहरूको आत्माबल बढ्छ र महिलाले सशक्त रूपमा समाजमा आफ्नो भूमिका निर्भाह गर्न सक्षम हुन्छन । त्यसैले यस अध्ययनमा सामाजिक तथा सहकारी संस्थामा लागेका महिलाहरूको संस्थामा लाग्नुको कारण बुझ्न खोजिएको छ । जुन तलको तालिकबाट प्रस्ट हुन्छ ।

**तालिका ६.२ : उत्तरदाताको सामाजिक तथा सहकारी संस्थामा लाग्नुको उद्देश्य**

| सामाजिक संस्थामा लाग्नुको उद्देश्य | सङ्ख्या | प्रतिशत | सहकारी संस्थामा लाग्नुको उद्देश्य | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|---|---|
| समाजसेवा गर्न | ८ | २९ | बचत गर्न | ८ | २३ |
| छिमेकी तथा साथीले भनेर | ६ | २१.५० | श्रीमान्ले सदस्य बनाइदिएर | ७ | २० |
| नयाँ कुरा सिक्नका लागि | ४ | १४ | कर्जा पाइने भएर | १३ | ३७ |
| समयलाई सदुपयोग गर्न | ६ | २१.५० | छिमेकी तथा साथीले भनेर | ५ | १४ |
| यत्तिकै | ४ | १४ | यत्तिकै | २ | ६ |
| **जम्मा** | **२८** | **१००** | **जम्मा** | **३५** | **१००** |

स्रोत : स्थलगत सर्वेक्षण, २०७१ ।

तालिका नं ६.२ अनुसार सामाजिक संस्थामा लागेका कूल २८ जना उत्तरदाता महिलाहरू मध्ये ८ जना अथवा २९ प्रतिशत महिलाहरू सामाजिक सेवा गर्न, ६ जना अथवा २१.५० प्रतिशत छिमेकी तथा साथीले भनेर, ४ जना अथवा १४ प्रतिशत नयां कुरा सिक्नका लागि, ६ जना अथवा २१.५० प्रतिशत बचेको समयलाई सदुपयोग गर्न र ४ जना अथवा १४ प्रतिशत यत्तिकै सामाजिक संस्थामा लागेको पाईयो । जसअनुसार सबैभन्दा बढी ८ जना महिला समाजसेवा गर्न सामाजिक संस्थामा लागेका र ४ जना महिला नयाँ कुरा

सिक्नका लागिका लागेका र अन्य १६ जना महिलाहरू विना उद्देश्य सामाजिक संस्थाहरूमा लागेको देखिन्छ । जसबाट के प्रष्ट हुन्छ भने महिलाहरू लाई बिना चेतना जबरजस्ति सामाजिक संघ संस्थामा सदस्य बनाउदा पनि समाजले अपेक्षित लाभ लिन सक्दैन । त्यसैगरी सहकारी संस्थामा लागेका कूल ३५ जना उत्तरदाता महिलाहरू मध्ये ८ जना अथवा २३ प्रतिशत महिलाहरू बचत गर्न, ७ जना अथवा २० प्रतिशत श्रीमान्‌ले सदस्य बनाइदिएर, १३ जना अथवा ३७ प्रतिशत कर्जा पाइने भएर, ५ जना अथवा १४ प्रतिशत छिमेकी तथा साथीले भनेर र २ जना अथवा ६ प्रतिशत यत्तिकै सहकारी संस्थामा लागेको पाईयो । जसअनुसार सबैभन्दा बढी १३ जना महिल कर्जा पाइने भएर सहकारी संस्थामा लागेको पाइयो । जसबाट के प्रष्ट हुन्छ भने महिलाहरू पनि आर्थिक क्रियाकलापमा सहभागी हुन चाहन्छन् ।

## ६.३ सामाजिक तथा सहकारी संस्थामा लागेर गरेको अनुभव (उपलब्धी)

कुनै पनि क्षेत्रमा भौतिक, आर्थिक तथा समयको लगानी भई सके पछि त्यस बाट केहि न केहि उपलब्धी अवश्य हुन आवश्यक छ । यस अध्ययन क्षेत्रमा पनि दर्ता भई पोखरा उपमहानगरपालिका अन्तर्गत अन्नपूर्ण टोल विकास संस्था, ढाँड आमा समूहले महिलाका लागि विभिन्न कार्य गर्दै आएका छन् । त्यस्तै विबिध उद्‌देश्यले स्थापित सहकारीमा पनि महिलाहरू सदस्य भएका छन् । समाजमा रहेका सामाजिक तथा सहकारी संस्थाहरूले राज्यका तथा गैर राज्यबाट धेरै थोरै महिलाहरूका नाममा आर्थिक सहयोग तथा राहत प्राप्त गरेका हुन्छन् । त्यसैगरी आफ्नो उद्‌देश्यमा महिला विकासमा टेवा पुऱ्याउने भनी उल्लेख गरेका हुन्छन् । जसबाट यहाँका सामाजिक तथा सहकारी संस्थामा लागेका महिलाहरूले प्राप्त गरेको उपलब्धीले यस क्षेत्रमा गरेको लगानीको प्रतिफलका रूपमा लिन सकिन्छ । जुन उपलब्धी तलको तालिकामा देखाइएको छ ।

तालिका ६.३ : सामाजिक तथा सहकारी संस्थामा लागेर गरेको अनुभव (उपलब्धी)

| सामाजिक संस्थामा लागेर गरेको अनुभव | सङ्ख्या | प्रतिशत | सहकारी संस्थामा लागेर गरेको उपलब्धी | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|---|---|
| निर्धक्कसँग कुरा राख्न सकिने भयो | १० | ३६ | आर्थिक | ७ | २० |
| सीप सिकेर आम्दानी हुने भयो | – | – | शैक्षिक | ५ | १४ |
| नेतृत्व लिन सकिने भयो | ४ | १४ | राजनैतिक | – | – |
| केही पनि भएन | १४ | ५० | सामाजिक | ९ | २६ |
| अन्य | – | – | केही पनि भएन | १४ | ४० |
| जम्मा | २८ | १०० | जम्मा | ३५ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७१ ।

तालिका नं ६.३ अनुसार सामाजिक संस्थामा लागेका कूल २८ जना उत्तरदाता महिलाहरू मध्ये १० जना अथवा ३६ प्रतिशत महिलाहरू आफ्नो कुरा निर्धक्कसँग राख्न सकिने भयो, ४ जना अथवा १४ प्रतिशत नेतृत्व लिन सकिने भयो, १४ जना वा ५० प्रतिशत केही पनि भएन भन्ने पाईयो । जसबाट महिलाहरू सामाजिक संघ संस्थामा आवद्ध भएर पनि केहि पनि भएन भन्नेको सङ्ख्या १४ वा ५० प्रतिशत देखियो । जसअनुसार महिलाहरूको क्षेत्रमा भएको लगानीले अपेक्षाकृत प्रतिफल प्रात्त हुन नसकेको पाइन्छ । सामाजिक संघ संस्थामा आवद्ध महिलाहरूलाई पनि विभिन्न चेतनामूलक कार्यक्रमहरू ल्याई अझ सशक्त बनाउन आवश्यक रहेको देखिन्छ । सहकारी संस्थामा लागेका कूल ३५ जना उत्तरदाता महिलाहरू मध्ये ७ जना अथवा २० प्रतिशत महिलाहरू आर्थिक फाइदा भयो, ५ जना अथवा १४ प्रतिशतलाई शैक्षिक फाइदा भयो, ९ जना वा २६ प्रतिशतलाई सामाजिक फाइदा भयो । त्यस्तै १४ जना अथवा ४० प्रतिशतलाई केही पनि भएन भन्ने पाईयो । जसबाट महिलाहरू सहकारी संस्थामा लागेर पनि केहि पनि भएन भन्नेको सङ्ख्या १४ वा ४० प्रतिशत देखियो । जसअनुसार महिलाहरू सहकारीमा लागेर पनि अपेक्षाकृत प्रतिफल प्राप्त हुन नसकेको पाइन्छ । सहकारी संस्थामा आवद्ध

महिलाहरूलाई पनि विभिन्न चेतनामूलक कार्यक्रमहरू ल्याई  अझ सशक्त र जागरुक बनाई स्वाबलम्बन बनाउन आवश्यक रहेको देखिन्छ ।

## वैयक्तिक अध्ययन 'च'

*म ६० वर्षकी ब्राम्हण परिवारकी महिला हुँ । हाम्रो पुर्खौली पहिल्यै देखि यहाँ बस्दै आएका हुन । परिवार  म विगत १५ वर्षदेखि सक्रियरुपमा सामाजिक कार्यमा लागिरहेकी छु । यो क्षेत्रमा लाग्नु अघि म पूर्णरुपमा गृहिणी थिए । मेरो १३ वर्षको उमेरमा ३ कक्षा पढदा पढदै विवाह भएको थियो । मेरो श्रीमान्ले जागिर खानुहुन्थ्यो । हाम्रा ५ जना छोराछोरीहरू छन् । अहिले उनीहरू हुकिसकेर आआफ्नो पेशा व्यवसायमा लागेका छन् । अव त मलाई घरको कामको बोझ छैन । उमेर पनि ढल्किदै गयो र विभिन्न मन्दिरहरूको व्यवस्थापन समितिहरूमा रहेर काम गर्दै समाज सेवामा अगाडि बढे । अहिले म यही वडा नं ७ मा रहेको ढाँड आमा समूहकी अध्यक्ष छु । हाल मलाई सामाजिक काममा हिड्न कुनै प्रकारको बाधा त छैन तर जसरी पुरुषहरू घरबाहिरका काममा हिड्न स्वतन्त्र छन् त्यसरी नै हामी महिलाहरू लाई स्वतन्त्र भने अझै छैन् । हामीहरू साँझमा घर फर्कन ढिला भए महिला मान्छे किन यति ढिलासम्म बाहिर बसेको भनी घरपरिवारबाट प्रश्न आउँछ । उमेर छदा काम गर्ने आट त थियो तर श्रीमान् जागिर खान जानुपर्ने भएकाले बालबच्चा हुर्काउनु पर्ने कारण आम्दानीमूलक काम केही गर्न सकिन । घरपरिवारलाई यँहासम्म ल्याइपुऱ्याउनमा श्रीमानका साथै मेरो पनि उत्तिकै हात छ र पनि श्रीमान्को आफ्नो पेन्सन छ, म श्रीमान्सँग संधै मागेर हिडनुपर्दा आफ्नो कमाइको पैसा खर्च गरे जसरी आफूखुसी गर्न त पाइदैन्, त्यसमा भने सदा नरमाइलो लागिरहन्छ । हाम्रो समाजमा पितृसतात्मक सोचले अझै जरा गाडेकै छ । अझै पनि हाम्रो घरमा घरको खाना पकाउने, सरसफाइका काम बुहारीहरूले नै गर्छन् छोराहरूले गर्दैनन् । यो किसिमको भेदभाव नहटेसम्म अझै पनि छोरीहरू पुरुष सरह स्वतन्त्र भएर हिडन सक्ने अवस्था रहदैन । घरको काम र बालबच्चा हुर्काउने काम महिलाहरू कै हो भन्ने मानसिकता नहटेसम्म घर बाहिरका अन्य काम गर्ने महिलालाई पनि कामको दोहोरो बोझले सफलताका साथ अगाडि बढ्न बाधा रहन्छ । यो समस्यालाई हटाउन घरघरबाट जागरण ल्याउन आवश्यक छ । महिला भनेको घरभित्रका काम गर्ने जात हुन, पुरुषहरू घरबाहिर गएर कमाउने जात हुन भनी समाजले जुन*

*किसिमको अपेक्षा गरेको हुन्छ यस्तो किसिमको मनोविज्ञानमा परिवर्तन नगर्दा सम्म महिलाहरूलाई सामाजिक आर्थिक क्रियाकलापमा लाग्न सहज हुँदैन ।*

## ६.४ उत्तरदाताले रकम प्राप्त हुने काम नगर्नुको कारण

महिलाहरूलाई तपाई के गर्नु हुन्छ भनेर सोध्दा अधिकांश महिलाहरूको उत्तर हुन्छ केहि पनि गर्दिन । आम मानिसको बुझाइमा रकम प्राप्त हुने काम गर्नु मात्र काम हो । पैसा जीवनमा अपरिहार्य चिज हो । त्यसैले अध्ययन क्षेत्रका कुनै पनि रकम प्राप्त हुने काम नगरेका ४० जना गृहिणी महिलाहरूलाई रकम प्राप्त हुने काम नगर्नको कारण बुझ्न खोजिएको छ । जुन तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका ६.४ : उत्तरदाताले रकम प्राप्त हुने काम नगर्नुको कारण**

| रकम प्राप्त हुने काम नगर्नुको कारण | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| शैक्षिक योग्यता नभएर | १२ | ३० |
| व्यापारका लागि लगानी नभएर | ४ | १० |
| बेरोजगार भएर | २ | ५ |
| मन नलागेर | २ | ५ |
| घरयासी काममा व्यस्त भएर | १२ | ३० |
| घरबाट अनुमति नपाएर | ३ | ७.५ |
| उमेर बढी भएर | ५ | १२.५ |
| **जम्मा** | ४० | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७१ ।

तलिका नं ६.४ अनुसार कुनै पनि रकम प्राप्त हुने काम नगरेका ४० जना गृहिणी महिलाहरू मध्ये १२ जना अथवा ३० प्रतिशत महिलाहरूले शैक्षिक योग्यता नभएर, ४ जना अथवा १० प्रतिशत व्यापारका लागि लगानी नभएर, २ जना वा ५ प्रतिशत बेरोजगार भएर, २ जना अथवा ५ प्रतिशत मन नलागेर, १२ जना अथवा ३० प्रतिशत घरयासी काममा व्यस्त भएर, ३ जना वा ७.५ प्रतिशत घरबाट अनुमति नपाएर र ५ जना अथवा १२.५ प्रतिशत उमेर बढी भएर भन्ने पाइयो । जसबाट धेरै प्रतिशत शैक्षिक योग्यता नभएर र घरयासी काममा व्यस्त भएर भनेको पाइयो ।

## ६.५ उत्तरदाताले प्रायः साथीहरूका बीच गर्ने अन्तरक्रियाको विषय

साथीहरू बीचको अर्न्तक्रियाले पनि जीवनमा धेरै सिकाई हुन्छ । प्राय गरी व्यक्तिहरूमा आफूले जानेको र मनपर्ने बिषयमा एकआपसमा अर्न्तक्रिया हुने गर्छ । अध्ययन क्षेत्रका महिलाहरू बीच हुने अन्तरक्रियाका बिषयमा जानकारी लिंदा उनिहरूको मन पर्ने क्षेत्र, बिषय र अनुभवका वारेमा बुझ्न सकिन्छ । सो कुरा तलको तालिकाका बारेमा बुझ्न सकिन्छ ।

**तालिका ६.५ : उत्तरदाताले प्राय : साथीहरूका बीच गर्ने अन्तरक्रियाको विषय**


| अन्तरक्रियाको विषय | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| आर्थिक विषयमा | २३ | ३८.३३ |
| सामाजिक विषयमा | ८ | १३.३३ |
| राजनैतिक विषयमा | २ | ३.३३ |
| शैक्षिक विषयमा | ६ | १० |
| मनोरञ्जनका विषयमा | ३ | ५ |
| आन्तरिक विषयमा | १८ | ३० |
| **जम्मा** | ६० | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७१ ।

तालिका नं ६.५ अनुसार सामाजिक संस्थामा लागेका कूल ६० जना उत्तरदाता महिलाहरू मध्ये २३ जना अथवा ३८.३३ प्रतिशत महिलाहरूले आर्थिक विषयमा, ८ जना अथवा १३.३३ प्रतिशत सामाजिक विषयमा, २ जना वा ३.३३ प्रतिशत राजनैतिक विषयमा ६ जना अथवा १० प्रतिशत महिलाहरूले शैक्षक विषयमा, ३ जना अथवा ५ प्रतिशत मनोरञ्जनका विषयमा, र १८ जना वा ३० प्रतिशत महिलाहरूले आन्तरिक विषयमा एक आपसमा अन्तरक्रिया गर्ने गरेको पाईयो । जसबाट सबैभन्दा धेरै २३ जना वा ३८.३३ प्रतिशत महिलाहरूले आर्थिक विषयमा अन्तरक्रिया गर्ने गरेको पाईयो भने सबैभन्दा थोरै २ जना वा ३.३३ प्रतिशत महिलाहरूले राजनैतिक विषयमा अन्तरक्रिया गर्ने गरेको पाईयो । जसअनुसार महिलाहरू आयमूलक क्षेत्रमा कम लागेका भए पनि घरव्यवहार चलाउने कार्य गर्नुपर्ने हुनाले बढी आर्थिक विषयमा अन्तरक्रिया गर्ने र कम शिक्षा तथा कम चेतना भएका कारण अन्य विषयमा कम मात्रमा अन्तरक्रिया गर्ने गरेको देखिन्छ ।

## ६.६ उत्तरदाताको घरायसी कामलाई मूल्य दिनु पर्ने प्रतिको धारणा

व्यक्तिले कुनै पनि काम गर्छ भने त्यहाँ श्रम प्रयोग भएको हुन्छ । त्यो श्रमको मूल्य हुनु पर्दछ । नेपाली महिलाहरूले अधिकांश समय घरयासी काममा खर्च गरेका हुन्छन् तर उक्त श्रमको कुनै मूल्य दिइदैन । आफ्नो घरको काम गर्ने कामलाई केहि पनि गर्दिन भनी श्रमको अबमूल्यन गरिन्छ । त्यसैले अध्ययन क्षेत्रका उत्तरदाता महिलाहरूको घरयासी कामलाई मूल्य दिनु पर्ने प्रतिको धारणा बुझ्न खोजिएको छ । जुन तलको चित्रमा प्रस्तुत गरिएको छ




**चित्र ६.१ : उत्तरदाताको घरयासी कामलाई मूल्य दिनु पर्ने प्रतिको धारणा**

चित्र नं ६.१ अनुसार उत्तरदाता महिलाहरूको घरयासी कामलाई मूल्य दिनु पर्ने प्रतिको धारणा बुझ्दा ४५ जना अथवा ७५ प्रतिशतले दिनु पर्छ भनेको र १५ जना अथवा २५ प्रतिशतले दिनुपर्दैन भनेको पाइयो । जसबाट के देखिन्छ भने अधिकांश महिलाहरूको घरयासी कामलाई मूल्य दिनु पर्छ भन्ने धारणा रहेको पाइएको छ ।


## वैयक्तिक अध्ययन 'छ'

*म ३४ वर्षकी एक गृहिणी महिला हुँ । हामी यहां बसाइसराइ गरेर आएका हौ । मेरो श्रीमान् बैदेशिक रोजगारको शिलशिलामा विदेशमा हुनुहुन्छ । हाम्रा दुई जना छोराछोरी छन् । मैले एसएलसी सम्म पढेकी छु । हाम्रा पालामा छोरी पन्ध्र सोऱ्ह वर्ष भए पछि विवाह गरिदिनु पर्छ हुर्केकी छोरीलाई धेरै राख्नु हुँदैन भन्ने मान्यता थियो । त्यसैले मेरो पनि छिटो नै विवाह गरिदिए । त्यति बेला विवाह भए पछि त पढन पाउने त कुरै भएन । पहिला गाउमा हुदा त खेतिपातिको काम, पशुपालनको काम गरिन्थ्यो । घरमा खाएर बचेको अन्न तथा घिउ बेचेर अलिअलि आम्दानी गर्थे आफ्नो मेहनतको कमाइ हातमा पर्दा आनन्द आउथ्यो । अहिले पोखरा आए पछि सम्पूर्ण रुपमा श्रीमानको कमाइमा बाच्न परेको छ । हुन त घरको काम र बाच्चाहरूलाई आवश्यक सबै हेरविचार म आफैले गरेकी छु । अरुलाई लगाउने हो भने त्यस कामको पनि पैसा तिर्नु पर्‍थ्यो । आफैले गरेकाले त्यो पैसा बचत भएको छ । हाम्रो समाजले महिलाले गर्ने घरको कामको मूल्य नदिने भए पनि हामी महिला झन घरको काममा धेरै समय खटिने गर्छौ । तर त्यसको मूल्याङ्कन हुँदैन राज्यले त्यस कामको पनि मूल्याङ्कन गर्नुपर्छ । श्रीमानले विदेशबाट पैसा कमाएर पठाउनुहुन्छ । घरको व्यवहार मैले नै गर्नुपर्छै । श्रीमान् नहुनाले घर परिवारका विभिन्न आइपर्ने काम गर्द अन्य काम गर्ने समय त खासै बच्दैन तर पनि घरमा मात्र सिमित भएर हुदैन भनी समय मिलाएर आमा मिलन सहकारी संस्थामा सदस्य भई केही काम सिक्दै छु । साथै आमा समूह र टोल विकास संस्थामा पनि सदस्य भएर केही सामाजिक काम गर्दै छु । महिला भएका नाताले त्यसमा पनि ब्रामण परिवारकी भएकाले महिलालाइ बाहिर निस्केर काम गर्ने वातावरण पहिला त्यति थिएन अहिले म एकल परिवारमा बस्ने हुनाले र समाजको बुझाई पनि परिवर्तन भएकाले घर बाहिर गएर केही सामाजिक काम गर्ने वातारण भने बन्दै गएको पाएकी छु र पनि महिला भएका नाताले र आफ्नो आम्दानी नहुनाले धेरै ठाउँहरूमा असहज महशुस गरेकी छु ।*

## ६.७ महिला भएको नाताले सामाजिक कार्यमा असहज महशुस गर्नुपर्ने अवस्था

परम्पराबादी सोचाई र आधुनिक एवम् बैज्ञानिक सोचाई बीचको द्वन्द्वबाट नेपाली समाज अगाडि बढिरहेको छ । पितृसत्तात्मक सामाजिक संरचना भएको नेपाली समाजमा

महिलाहरू महिला भएकै कारणले समाजका विभिन्न गतिविधिहरूमा सक्रियरूपमा अग्रपंक्तिमा रहेको पाईदैन । यद्यपि पछिल्लो समयमा एकाध महिलाहरू अगाडि बढेको देखिन्छ । ज्ञानको तथा अनुभवको अभाव, पुरुषवादी सोच आदीले लिङ्गको आधारमा विभेद भएको पाईन्छ र महिलाहरूलाई पनि महिलामैत्री वातावरण रहेको पाईदैन । त्यसैले यस अध्ययन क्षेत्रका  सामाजिक संस्थामा आवद्ध महिलाहरूले आफ्नो संस्थामा कस्तो महशुस गर्नु परेको छ बुझ्न खोजिएको छ । जुन तलको चित्रबाट प्रष्ट हुन्छ ।





**चित्र ६.२ महिला भएको नाताले सामाजिक कार्यमा असहज महशुस गनुपर्ने अवस्था**

चित्र नं ६.२ अनुसार सामाजिक संस्थामा लागेका कूल २८ जना उत्तरदाता महिलाहरू मध्ये  ५ जना अथवा १७ प्रतिशत महिलाहरूले आफ्नो संस्थाको सामाजिक कार्यमा असहज महशुस गनुपर्ने अवस्था छ भनेका र २३ जना अथवा ८२ प्रतिशत महिलाहरूले आफ्नो संस्थाको सामाजिक कार्यमा असहज महशुस गनुपर्ने अवस्था छैन भन्ने पाईयो । जसअनुसार महिलाहरू सामाजिक क्षेत्रमा असहज महशुस नभएकाको सङ्ख्या धेरै रहेको पाइयो । सोबाट सामाजिक क्षेत्रमा महिलामैत्री वातावरण सिर्जना भएको पाईन्छ । र पनि लिङ्गको आधारमा असहज महशुस हुनु विकासको वाधक हो ।

## ६.८ सामाजिक संस्थामा महिला र पुरुष बीच भेद्भावको अवस्था

प्रत्येक समाजमा महिला र पुरुष बीच धेरै वा थोरै भेद्भावको अवस्था रहेको छ । महिलाहरू विभेदको शिकार भएका छन् र पुरुष सरह समाजका विभिन्न पक्षमा आफ्नो उपस्थिति देखाउन सकेका छैनन् । समाजमा महिलाहरू पछाडि रहेका कारण सन्तुलित विकास हुन सकेको छैन । समाजमा विकास गर्ने उद्देश्यले स्थापित सामाजिक संस्थामा लागेका महिलाहरूको अनुभवमा आफ्नो संस्थामा महिला र पुरुष बीच भेद्भावको अवस्था कस्तो छ तलको चित्रबाट देख्न सकिन्छ ।





**चित्र ६.३ :सामाजिक संस्थामा महिला र पुरुष बीच भेद्भावको अवस्था**

चित्र नं ६.३ अनुसार सामाजिक संस्थामा लागेका कूल २८ जना उत्तरदाता महिलाहरू मध्ये १९ जना अथवा ६८ प्रतिशत महिलाहरूले आफ्नो संस्थामा महिला र पुरुष बीच भेदभाव हुन्छ भनेका र ९ जना अथवा ३२ प्रतिशत महिलाहरूले आफ्नो संस्थामा महिला र पुरुष बीच भेदभाव हुँदैन भन्ने पाईयो । जसअनुसार सामाजिक क्षेत्रमा महिला र पुरुष बीच भेदभावको अवस्था रहेको सङ्ख्या धेरै भएको पाइयो । सोबाट सामाजिक संस्थाहरूमा पनि महिला र पुरुष बीच भेद्भावको अवस्था हुनाले अझ लैङ्गिक विभेद विरुद्ध सशक्तरूपमा लाग्नुपर्ने देखिन्छ ।

## ६.९ परिवारबाट सहयोग प्राप्तिको अवस्था

कुनै पनि काममा सफलता प्राप्त गर्नका लागि पारिवारिक सहयोगको महत्वपूर्ण भूमिका रहेको हुन्छ । नेपाली समाजमा घरयासी काम र बच्चाहरूको हेरचाह गर्ने काम पनि महिलाले संहालेका हुन्छन् । जसले गर्दा उनीहरूलाई सामाजिक काममा हिड्ने समय कम हुन्छ । परिवारबाट सहयोग भएन भने महिलालाई सामाजिक कार्यमा लाग्न समस्या पर्दछ । त्यसैले अध्ययन क्षेत्रमा रहेका महिलाहरूको सामाजिक काममा हिडदा घर परिवारबाट सहयोग प्राप्तिको अवस्थाका वारेमा बुझ्न खोजिएको छ । जुन तलको चित्रबाट प्रष्ट हुन्छ ।




**चित्र ६.४ : सामाजिक काममा हिँड्दा परिवारबाट सहयोग प्राप्तिको अवस्था**

चित्र नं ६.४ अनुसार सामाजिक काममा हिँड्दा परिवारबाट सहयोग प्राप्तिको अवस्था बुझ्दा कूल ६० जना उत्तरदाता महिलाहरू मध्ये ५ जना अथवा ८ प्रतिशत महिलाहरूले आफ्नो परिवारबाट सामाजिक काममा हिँड्दा सहयोग मिल्छ, १३ जना अथवा २२ प्रतिशत मिल्दैन र ४२ जना अथवा ७० प्रतिशत महिलाहरूले कहिले मिल्छ कहिले मिल्दैन भन्ने पाईयो । जसअनुसार महिलाहरूलाई सामाजिक काममा हिंड्दा परिवारबाट सहयोग कहिले मिल्छ कहिले मिल्दैन भन्नेको सङ्ख्या धेरै रहेको पाइयो भने मिल्छ भन्नेको सङ्ख्या सबैभन्दा कम रहेको पाईयो । जसबाट घरयासी काममा महिलाहरू अल्झिरारख्नुपर्ने पुरुषहरूले घरको काममा सहयोग नगर्ने देखिन्छ र सामाजिक काममा परिवारका पुरुषहरू नै अगााडि सर्नाले महिलाहरूलाई सामाजिक काम लाग्न समय नहुने देखिन्छ । त्यसैले सामाजिक काममा हिंड्दा परिवारबाट सहयोग प्राप्त हुने वातावरण नहुनु सन्तुलित विकासको वाधक हो ।

# वैयक्तिक अध्ययन 'ज'

*म ४५ वर्षकी ५ पास गरेकी ब्राम्हण परिवारकी एक गृहिणी महिला हु । हाम्रो परिवार स्याङजाबाट यहाँ वसाइसराइ गरेर आएको हो । म ४ जना छोराछोरीकी आमा मेरो श्रीमान्ले चलाउदै आएको फर्निचर व्यवसायलाई मेरो जिम्मामा छाडी श्रीमान् घरजग्गा खरिद बिक्रि व्यवसायमा लागे पछि केही बर्ष आफै संचालन गरे । तर घरको अन्य कामको बोझ र ४ जना छोरा छोरीको हेरविचार आफै गर्नुपर्दा फर्निचर सञ्चालन गर्न अप्ठ्यारो परेर राम्रो आम्दानी हुँदाहुँदै पनि सो काम छाडी घरपरिवारलाई सम्पूर्ण समय दिन थाले । श्रीमान्ले पनि घरमा सहयोग गरिदिएको भए मैले त्यो व्यवसाय छाड्न पर्ने थिएन । अहिले छोराछारी हुर्किए तर उमेर पनि गयो, शरीर पनि कमजोर भयो र नयाँ काम गर्ने आँट पनि छैन । पहिला आफूले व्यपार सञ्चालन गर्दा ऋण धन सबै आफ्नै हातमा हुन्थ्यो, त्यसबेला आफ्नै कमाईले बाचेकी छु भनेर आनन्द लाग्थ्यो । त्यो बेला अरुलाई आर्थिक सहयोग पनि गर्न सकिन्थ्यो । अहिले आफ्नो आम्दानी नहुदा आफ्नो कमाई जसरी श्रीमान्को कमाइले मन खुसी खर्च गर्न सकिदैन । अहिले त श्रीमानले घरखर्च गर्न दिएको पैसालाई केहि बचाएर मन लाग्ने ठाउँमा खर्च गर्छु । बाउ त बारको काठ हो जता गएर पनि पेशा व्यासाय चलाउन सक्छ तर आमा भएका कारणले इच्छा चाहना र क्षमता हुदाहुदै पनि घरप्रति र छोरा छोरी प्रति बढी जिम्मेवारी बोध हुने रहेछ र इच्छा चाहनालाई खुम्चाउन पर्दो रहेछ । श्रीमान्को घरका काममा सहयोग रहेको भए सायद मैले व्यवसाय छाडने थिइन । अहिले श्रीमान्को सोचमा केही परिवर्तन आएको छ उहाले नै आमा मिलन सहकारीमा सदस्य बनाइदिनु भएको छ । समय मिलाएर कहिले सहकारीका बैठक र कार्यक्रम त कहिले आमा समूहका कार्यक्रमहरूमा जान्छु । अहिले पनि घरमा खाना पकाउने, सरसफाई गर्ने, करेसाबारीमा काम गर्ने जस्ता घरयासी काम आफैले गर्नु पर्छ । महिलालाई घरबाहिर पनि गएर अन्य काम गर्न श्रीमानको साथ र सहयोग चाहिन्छ । सरकारले महिलाका लागि विभिन्न कार्यक्रम ल्याएको छ, त्यसैले अहिले केही मात्रामा श्रीमानमा महिलाहरू पनि सामाजिक काममा लाग्नु पर्छ भन्ने चेतनाको विकास भएको पाएकी छु । सामाजिक काममा बाहिर जान छुट भए पनि घरका काम भने सबै आफैले भ्याएर जानुपर्छ ।*

# अध्याय सात

## सारांश, निष्कर्ष र सुझाव

### ७.१ सारांश

समाज विकासका लागि कूल जनसंख्याको आधाभन्दा बढी जनसंख्या रहेको महिलाको उपस्थिति समाजका समग्र पक्षमा समानरुपमा हुन आवश्यक हुन्छ । त्यसमा पनि विशेष गरी सामाजिक तथा आर्थिक क्रियाकलापमा सक्रिय सहभागि हुन सके शसक्त र आत्मनिर्भर भई सम्पूर्ण क्षेत्रमा पहुँच पु¥याउन सक्छन् । यही तथ्यलाई मनन गरी पोखरा उपमहानगरपालिका वडा नं ७ अन्नपूर्ण टोलका लाई अध्ययन क्षेत्र बनाई “शहरीया महिलाहरूको सामाजिक तथा आर्थिक क्रियाकलापमा सहभागिता” भन्ने शीर्षकमा गरिएको यो अध्ययन गरिएको छ । सामाजिक, आर्थिक क्रियाकलापमा महिलाको सहभागिता किन न्यून रहन गयो ? जुन दीगो विकासका लागि व्यवधानका रुपमा रहेको छ सोको लेखाजोखा गर्नु तथा विकासका क्रियाकलापमा महिलाको सहभागिताको अवस्था, सहभागिताका लागि असर पार्ने तत्वको खोजी गर्नु जस्ता उदेश्यहरू प्राप्त गर्नका लागि यो अध्ययन गरिएको थियो । यसप्रकारको अध्ययनले महिलाहरूको सामाजिक र आर्थिक विकासका लागि रहेका कारक तत्वको पहिचान भई महिलाका आवश्यकता र चाहना अनुरुपका कार्यक्रमहरू ल्याउन सम्बन्धित निकाय तथा विकासे संघ सस्था एवम् व्यक्ति विशेषलाई मार्ग निर्देशन गर्न सहयोग पु¥याउने छ । यो सानो क्षेत्रमा गरिएको अध्ययनले आम महिलाहरूको समग्र पक्षको र समग्र भागको अवस्थालाई समेट्न सक्दैन ।

यस अध्ययनमा सैद्धान्तिक विश्लेषणका लागि लैङ्गिक सिद्धान्तको अवधारणा अन्तरगत विकासमा महिलाको सिद्धान्त अवलम्बन गरिएको छ साथै आवश्यक अवधारणगत पुनरावलोकन, सैद्धान्तिक पुनरावलोकन, पूर्व साहित्यको समिक्षा एवम् अवधाराणात्मक खाका प्रस्तुत गरिएको छ ।

पोखरा उपमहानगरपालिका वडा नं ७ अन्नपूर्ण टोलमा रहेका १६० घरधुरिका स्थाई रुपमा बसोबास गर्ने १२० जना विवाहित महिलाहरू अध्ययनको समग्रता मानी उद्देश्यमूलक नमूना छनौट विधिको प्रयोग गरी ६० जना अर्थात ५० प्रतिशत प्रत्येक घरका एक जना विवाहित महिला छनौट गरिएको छ । अध्ययनको क्रममा वर्णनात्मक,

अन्वेशणात्मक अनुसन्धान ढाँचा अप्नाइएको छ । अनुसन्धानमा प्राथमिक र द्वितीय दुवै प्रकारका स्रोतबाट तथ्याङ्क संकलन गरिएको छ भने प्राथमिक स्रोतलाई बढी मान्यता दिइएको छ । प्राथमिक तथ्याङ्क सङ्कलनका लागि अन्तरवार्ता अनुसूचि, वैयक्तिक अध्ययन र मूख्य जानिफकार व्यक्तिहरूसँगको अन्तरवार्ता विधि प्रयोग गरिएको छ । उल्लेखित विधि अप्नाई संकलित तथ्याङ्कलाई आवश्यकता अनुसारका तलिका र चित्रको प्रयोग गरेर विश्लेषण गरी निम्न निष्कर्ष निकालिएको छ ।

## मूख्य प्राप्तिहरू

- यस अध्ययनमा कम र बढी उमेरका महिलाहरू भन्दा बीचको उमेर समूहका महिला बढी संलग्न रहेको पाईन्छ भने निरक्षर भन्दा साक्षरको सङ्ख्या बढी भएको भए पनि उच्च शिक्षा हासिल गरेका महिलाहरूको सङ्ख्या न्यून देखिन्छ ।
- उत्तरदाताहरूमा ८० प्रतिशत सङ्ख्या ब्राहमण र क्षेत्रीको रहेकोमा ९२ प्रतिशत महिलाहरू हिन्दू  धर्म मान्ने रहेको पाईएको छ । यस अध्ययनमा ८० प्रतिशत बसाईसराई गरेर आएका परिवारका महिलाहरू रहेको र एकल परिवारमा बस्ने उत्तरदाताहरू बढी रहेको पाईयो भने वैवाहिक अवस्था हेर्दा ७३ प्रतिशतको विवाह १५ देखि २० वर्षभित्र भइसकेको पाईयो ।
- उत्तरदाताको पेशालाई हेर्दा सबै भन्दा धेरै महिलाहरू घरभित्रको कार्यमा व्यस्त रहेको देखियो । जहाँ ६७% प्रतिशत महिला गृहिणी रहेको पाइयो ।
- उत्तरदाताको परिवारको आम्दानीको स्रोतलाई हेर्दा सबै भन्दा धेरै महिलाहरूको परिवारमा आम्दानीको स्रोत नोकरी रहेको पाइयो ।
- सामाजिक संघसंस्थामा आवद्ध रहेका उत्तरदाताको अवस्था हेर्दा  ५३ प्रतिशत महिलाहरू कुनै पनि सामाजिक संघ संस्थामा आवद्ध नभएको देखियो भने ५८ प्रतिशत महिलाहरू सहकारी संस्थामा सदस्य भएको पाइयो  । जसअनुसार सहकारी संस्थामा आवद्ध नभएका भन्दा भएकाको सङ्ख्या बढि रहेको पाइयो ।
- उत्तरदाताहरू सामाजिक तथा सहकारी संस्थामा नलाग्नाका कारणका वारेमा बुझ्दा सबैभन्दा धेरै ५६.२५ प्रतिशत बसाई सराई भएर आएकाले थाहा नपाएर र कम ६.२५ प्रतिशत शिक्षा नभएर र ६.२५ प्रतिशत बढी उमेर भएर आवद्ध नभएको पाइयो ।

- उत्तरदाताहरू सहकारी संस्थामा नलाग्नाका कारणका वारेमा बुझ्दा सबैभन्दा धेरै ३६ प्रतिशत आफ्नो आम्दानी नभएर र कम १२ प्रतिशत यत्तिकै कुनै पनि सहकारी संस्थामा आवद्ध नभएको पाइयो ।
- सहकारी संस्थामा लागेका महिलाहरू मध्ये सबैभन्दा बढी १३ जना महिला कर्जा पाइने भएर सहकारी संस्थामा लागेको पाइयो । जसबाट महिलाहरू पनि आर्थिक क्रियाकलापमा सहभागी हुन चाहेको देखिन्छ ।
- सामाजिक संस्थामा लागेका महिलाहरूको उपलब्धीलाई हेर्दा सामाजिक संघ संस्थामा आवद्ध भएर पनि केहि पनि भएन भन्ने ५० प्रतिशत रहेको पाइयो ।
- सहकारी संस्थामा लागेका उत्तरदाताको उपलब्धीलाई हेर्दा सहकारी संस्थामा लागेर केहि पनि भएन भन्ने ४० प्रतिशत देखियो ।
- सामाजिक संस्थामा लागेका महिलाहरू पनि बैठकमा ठीक बेठीक भनेर आफ्नो राय राख्ने महिलाहरू भन्दा नराख्ने महिलाहरूको सङ्ख्या बढी रहेको पाइयो ।
- सामाजिक काममा हिडदा परिवारबाट सहयोग प्राप्तिको अवस्था हेर्दा कहिले मिल्छ कहिले मिल्दैन भन्ने महिला ७० प्रतिशत रहेको पाइयो ।
- महिलाहरूले कुनै पनि तालिम लिए नलिएको बारेमा हेर्दा ६३.३३ प्रतिशत महिलाहरूले कुनै पनि तालिम नलिएको पाइयो ।
- महिलाहरूमा सरकारको समाज विकास प्रकृयामा महिलाको विशेष सहभागिताको नीति रहेको वारे थाहा छ या छैन भनी बुझ्दा ८७ प्रतिशत महिलाहरूमा थाहा भएको पाइयो । राज्यले महिला विकासका लागि लिएको नीतिवारे महिलाहरूलाई राम्रो जानकारी रहेको पाइयो ।
- महिलाहरूको आम्दानीलाई हेर्दा ७० प्रतिशतको आम्दानी नभएको पाइयो ।
- उत्तरदाताको जग्गाको स्वामित्वको अवस्थालाई हेर्दा ४३.३३ प्रतिशतको आफ्नो नाममा घरजग्गा भएको र ५६.६७ प्रतिशतको आफ्नो नाममा घरजग्गा नभएको पाइयो । धेरै महिलाहरूको आफ्नो नाममा घरजग्गा नभएको पाइयो ।
- उत्तरदाताको परिवारमा आर्थिक कारोवार कसले गर्छ भनेर बुझ्दा सबैभन्दा धेरै ४१ जना वा ६८.३४ प्रतिशत परिवारको सहमतिमा आर्थिक कारोवार गर्ने गरेको पाईयो ।

पछिल्लो समयमा परिवारमा घरव्यवहार चलाउने कार्यमा आपसी सहमति अनुसार चलाउने गरेको देखिन्छ ।

- उत्तरदाताहरूले आवश्यकता पर्दा आफ्नो नाममा चल अचल सम्पत्ति खरिद बिक्रि गर्न सक्ने अवस्थालाई हेर्दा सबैभन्दा धैरै ८५ प्रतिशतले सक्दिन भनेको पाइयो भने १५ प्रतिशतले सक्छु भनेको पाइयो ।
- रकम प्राप्त हुने काम नगरेका ४० जना गृहिणी महिलाहरू मध्ये १२ जना अथवा ३० प्रतिशत शैक्षिक योग्यता नभएर र ३० प्रतिशत घरयासी काममा व्यस्त भएर भन्ने पाइयो ।
- महिलाहरूले घरयासी कामका लागि दैनिक व्यस्त हुने समयको अवस्था हेर्दा ५८.३४ प्रतिशतले दैनिक ८ घण्टा वा सो भन्दा बढी समय व्यस्त भएको पाइयो ।

वैयक्तिक अध्ययनहरूलाई हेर्दा यस अन्तर्गतका उत्तरदाताहरू २४ वर्ष माथि र ५० वर्षसम्मका रहेका छन् । ती मध्ये २ जना जनजातिका र ६ जना ब्राहमण क्षेत्री जातजातिका महिला रहेका छन् । पेशाका आधारमा १ जना कृषि, १ जना जीवन बीमाको एजेन्ट, १ जना समाजसेवी, २ जना पहिला व्यापार गरेर छाडेका र ३ जना अहिलेसम्म कुनैपनि पेशा व्यवसायन नगरेका महिला रहेका छन् । यी सबै महिलाहरू विवाहित रहेका र आमा बनिसकेका छन् । वैयक्तिक अध्ययनमा रहेका सबै महिलाहरूले छोराछोरी जन्माएर हुर्काउनु पर्ने र घरधन्दा गर्नुपर्ने भएकाले आफूहरू सामाजिक र आर्थिक क्रियाकलापमा सक्रियरुपमा लाग्नका लागि समस्या परेको बताएका छन् । उनीहरूले घरको काममा परिवार र श्रीमान्को सहयोग रहेमा आफूहरूले सामाजिक र आम्दानीमूलक काम गर्न सहज हुने बताएका छन् । महिलाले मात्र घरभित्रको काम गर्नुपर्छ भन्ने पितृसतात्मक सोचले हामीलाई अन्य काम गर्ने वातावरण नभएको, राज्यले महिला बिकासका लागि कार्यक्रम ल्याए पनि सोचाइमा केही परिवर्तन आएको तर घरधन्दा र बालबच्चा हुर्काउने काम महिलाकै हो भन्ने मनोविज्ञानले आफुहरूले स्वतन्त्र भएर पुरुष सरह काम गर्न नसकेको उनीहरूको भनाई रहेको छ । श्रीमान्को कमाइमा बाच्दा मनोबल उच्च नभएको तर अधिकाशं महिलाहरूले घरमा आर्थिक कारोवार आफैले गर्ने गरेको पाईयो । पैत्तिस वर्ष नाघेका महिलाहरूले आफूमा बुढेसकाल लागेकाले अब बुढेसकालमा के गर्न सकिन्छ र ? भन्ने मनोविज्ञान पालेर बसेको पाइयो । राज्यले महिलाहरूलाई घरको काम सकेर फुर्सदका समयमा घरमा बसेर

गर्न सकिने काम दिन सके आफूहरूले त्यस्ता काम गरी सानोतिनो आम्दानी गर्न सक्ने बताएका थिए ।

मुख्य जानिफकारहरूसँगको छलफलका क्रममा उनीहरूले नेपाली समाजमा रहेको पितृसतात्मक मूल्य मान्यताका कारण महिलाहरू सामाजिक आर्थिक क्रियाकलापमा सकृयरुपमा सहभागी हुन नसकेको बताएका छन् । राज्यबाट संचालित महिलाका कार्यक्रमबाट केहि पहुँचवालाले मात्र फाइदा लिन सकेको र पिछडिएका महिलाहरूलाई सोचे अनुरुपको सहयोग हुन नसकेको उनीहरुको भनाई छ ।

## ७.२ निष्कर्ष

पितृसतात्मक सोचले महिलाहरू सामाजिक, आर्थिक क्रियाकलाममा सहभागिता हुन सकेका छैनन् । छोराछोरीलाई स्याहारसुसार गर्ने, घरभित्रको काम जस्तै खाना पकाउने, सरसफाई गर्ने आदि काम महिलाले नै गर्ने काम हो र पुरुषको काम घरबाहिर गएर कमाएर ल्याउने हो भन्ने मान्यताले गर्दा पनि महिलाहरू घर बाहिरका सामाजिक, आर्थिक क्रियाकलापमा सक्रिय रुपमा लाग्न नसकेको देखिन्छ । महिलाहरूलाई दोहोरो भूमिका निर्भाह गर्नुपर्ने कारण पनि सामाजिक आर्थिक क्रियाकलापमा लाग्न त्यति इच्छुक नभएको समेत देखिन्छ । त्यस्तै पुरुष तथा स्वम् महिलाहरू पनि घरबाहिरका काममा पुरुष अगाडि सर्नुपर्ने र घरको काममा महिला अगाडि सर्नुपर्ने पुरातन मान्यताबाट ग्रसित भएको पाईन्छ । जुन धारणा विकासका लागि बाधकको रूपमा रहेको छ । र पनि पछिल्लो समयमा परिवारमा विभिन्न किसिमका व्यवहारिक निर्णयहरू गर्दा महिलासँग पनि सरसल्लाह गरेर गर्ने गरेको देखिन्छ । जुन घर परिवार भित्रको निर्णय प्रक्रियामा महिला सहभागिता भएको पाउन सकिन्छ । राज्यले महिला विकासका लागि अगाडि सारेका कार्यक्रमप्रति अधिकांश महिलाहरूलाई जानकारी हुँदा हुँदै पनि महिलाहरूले खासै चासो नदिएको देखिन्छ । महिलाहरूको लागि ल्याइएका कार्यक्रमहरू उनीहरूको आवश्यकता, चाहना र क्षमता अनुरुपका नभएकाले पनि त्यस्ता कार्यक्रममा उनीहरूको सहभागिता हुन सकेको छैन् ।

## ७.३ सुझावहरू

यस अध्ययनबाट पोखरा उपमहानगरपालिका वडा नं ७ अन्नपूर्ण टोलका महिलाहरूको सामाजिक आर्थिक क्रियाकलापमा रहेको सहभागिताका विषयमा विभिन्न किसिमका

चुनौतीहरू समेत देखा परेका छन् । सरकारी तथा गैरसरकारी निकायबाट महिला विकासका लागि चासो देखाई प्रयाप्त मात्रामा लगानी गरिएको छ तर पनि लगानी अनुरुपको प्रतिफल प्राप्ति भएको पाइदैन ।  विभिन्न सामाजिक साँस्कृतिक तथा मनोवैज्ञानिक कारण महिलाहरू सामाजिक अर्थिक क्रियाकलापमा अगाडि बढ्न नसकेको यथार्थता यस अध्ययनबाट स्पस्ट भएको छ । विकासमा महिला सहभागिताका पक्षमा निम्न सुझावहरू प्रस्तुत गरिएको छ ।

- महिला विकासका लागि महिला शसक्तीकरणका साथै पुरुषहरूका लागि पनि विशेष कार्यक्रमहरू ल्याउन जरुरी छ, जसका कारण पुरुषहरूले पनि घरका काममा सहयोग गरी महिलालाई घरबाहिर निस्कने वातावरण बनाउन सक्छन् ।
- तल्लो तहका महिलाहरूको आवाश्यकता, चाहना र क्षमतालाई बुझेर मात्र कार्यक्रमहरू ल्याउनु पर्दछ । जसको कारण महिलाहरूलाई अपनत्व महशुस हुन्छ र प्रयास सफल हुन पग्दछ ।

# सन्दर्भग्रन्थ सूची

अर्याल, भोजेन्द्र (२०६२), *लैङ्गिक अध्ययन,* काठमाण्डौः दिक्षान्त पुस्तक प्रकाशन, कीर्तिपुर ।

आचार्य, बलराम, (२०६०), *विकास समाजशास्त्र,* काठमाडौ : ज्ञानकुञ्ज प्रकाशन ।

उप्रेती, लय प्रसाद (१९८८), “विमन एण्ड क्रेडिट इन नेपाल”, *केही उपलब्धि तथा सीमाहरूको अवलोकन,* काठमाडौंः महिला र विकास केन्द्र ।

उप्रेती, लयप्रसाद (२००४),*जेण्डर एण्ड डेभलपमेण्टः अ माइक्रो लेभल सोसिओलोजिकल स्टडी अफ द इन्स्टीच्युशन इफोर्ट फर जेण्डर मेनस्ट्रिमिङ इन द एग्रिकल्चरल सेक्टर डेभलपमेण्ट इन नेपाल, हिमालय जर्नल अफ सोसिओलोजी एण्ड एन्थ्रोपोलोजी,* भोलुम -१, डिपार्टमेण्ट अफ सोसिओलोजी एण्ड एन्थ्रोपोलोजी , पृथ्वीनारायण क्याम्पस, त्रि.वि., नेपाल ।

गुरुङ, सन्तोष कुमार (सन् २००७), *सोसीओ ईकोनोमिक स्ट्याटस अफ वुमन फार्मरः अ सोसीओलोजिक स्टडी अफ भदौरे तामागी भी.डी.सी. कास्की,* अप्रकाशित एम.ए. शोधपत्र, प्रस्तुत त्रिभुवन विश्व विद्यालय, पृथ्वी नारायण क्याम्पस, समाजशास्त्र मानवशास्त्र विभाग, पोखरा ।

चौलागाई, तिलकप्रसाद; पोखरेल, नानिराम र सापकोटा, केशवराज (२०६०), *लैङ्गिक अध्ययन समाजशास्त्रिय विश्लेषण,* काठमाडौंः न्यू हिरा वुक्स् इण्टरप्राइजेज ।

ढकाल, मिरा (सन् २००७), *एजुकेटेड वुमन इन गभरमेन्ट इम्प्लोईमेन्टः अ केस स्टडी अफ पोखरा सब मेट्रो पोलिस एण्ड कास्की डीस्ट्रीक्ट डेभलपमेन्ट कमिटी अफिसः* अप्रकाशित एम.ए.शोधपत्र, प्रस्तुत त्रिभुवन विश्व विद्यालय, पृथ्वी नारायण क्याम्पस समाजशास्त्र/मानवशास्त्र विभाग पोखरा ।

तामाङ, सेरा (२००४), *नेपालमा विकासे नारीवाद, नेपालको संन्दर्भमा समाजशास्त्रीय चिन्तन,* ललितपुरः सम्पादन, मेरीः डेशेन, प्रत्युष वन्त सोसिल साइन्स ।

थापा, सावित्री (२०६२), राष्ट्रिय सहकारी संघ, *वार्षिक प्रतिवेदन*।

दशौं योजना, (२०५९), *श्री ५ को सरकार राष्ट्रिय योजना आयोग,* काठमाडौं ।

नवौ योजना, (२०५४), *श्री ५ को सरकार राष्ट्रिय योजना आयोग,* काठमाडौं ।

पहारी, सरस्वती (२०६९), *कृषि उपज कारोवारमा लैङ्गिक सहभागिताको समाजशास्त्रीय विश्लेषण,* पोखराको कृषि उपज थोक बजारमा केन्द्रित, अप्रकाशित एम. ए. शोध

पत्र प्रस्तुत त्रिभुवन विश्व विद्यालय, पृथ्वी नारायण क्याम्पस, समाजशास्त्र/मासमाजशास्त्र विभाग, पोखरा ।

पिया रसिया, सन् (२००७), *सोसीओ ईकोनोमिक स्ट्याटस अफ एजुकेटेड इम्प्लोईड वुमन इन बन्दीपुर भिलेज डेभलपमेन्ट कमिटी,* अप्रकाशित एम.ए. शोधपत्र, पृथ्वीनारायण क्याम्स समाजशास्त्र मानवशास्त्र विभाग पोखरामा पेश गरिएको, पोखरा नेपाल ।

पौडेल, तुलसीराम (२०५८), *लैङ्गिक अध्ययनको रूपरेखा,* काठमाडौंः निमा पुस्तक प्रकाशन ।

बस्नेत, अशोककुमार; सुबेदी, कृष्णप्रसाद; आचार्य, मातृकाप्रसाद (२०६९), "लैङ्गिकता र बिकास", *सोपान मासिक,* काठमाडौं ।

भद्रा, (डा.) चन्द्रा (सं) (२०६०), *लैङ्गिक अध्ययन,* काठमाडौंः अक्सफोर्ड इन्टरनेश्नल पब्लिकेशन ।

भासिन, कमला (१९९३), *आखिर जेन्डर के हो त ?* काठमाडौंः स्त्री शक्ति ।

रीटजर, जर्ज (१९९६) *मोर्डन सोसियोलोजिक थियोरी,* न्यू दिल्लीः एम.सी.ग्रअ.हिल कम्पनी ।

लुँइटेल, (डा.) चक्रपाणि (२०६२) *नेपालको ग्रामिण अर्थशास्त्र,* प्रधान वुक हाउस प्रदर्शनीमार्ग, काठमाडौं ।